# हाम्रो नीलकण्ठ : हाम्रो सान

## आधारभूत तह (कक्षा १-८)
## स्थानीय पाठ्यक्रम

२०८१

नीलकण्ठ नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
धादिङबेसी, धादिङ

**प्रकाशक :** नीलकण्ठ नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
धादिङबेंसी, धादिङ

© **सर्वाधिकार :** प्रकाशकमा

**वि.सं. २०८१**

**प्रकाशित प्रति :** ....... **प्रति**

## प्राक्कथन

वर्तमान नेपालको संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सार्वभौमसत्ताको कार्यात्मक अभ्यास तिनै तहका सरकार मार्फत गरिदै आइरहेको छ। हाम्रो समाज बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई अङ्गालेको विविधता बिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता सहित सहभागिता मूलक सिद्धान्तका आधारमा सांस्कृतिक ऐक्यबद्धता सहित सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको अभियानमा अनवरत अग्रसर छ । यसको संस्थापन गर्ने प्रमुख जिम्मेवारी तथा दायित्व स्थानीय सरकारको काँधमा छ। लोकतान्त्रिक गणतान्त्रिक राज्य व्यवस्था ल्याउन विभिन्न कालखण्डमा जनआन्दोलनमा हजारौँ हजार अग्रज तथा तपाइँ हाम्रो योगदान रहेको कुरा सर्वविदितै छ । केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाको अन्त्यको अवस्था, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, समावेशिता, संघीयताद्वारा सिर्जित वातावरणको उपज हो । यस व्यवस्थामा जनताका राजनैतिक, आर्थिक र प्रशासनिक अधिकार कानून सम्मत रुपमै स्थानीय तहमा निक्षेपित हुन्छन । यसै बृहत् विकसित निक्षेपित अधिकारले सुशोभित व्यवस्थाद्वारा स्थानीय सरकार चलायमान छ ।

आधारभूत तथा माध्यमिक तह सम्मको अधिकार संविधानतः स्थानीय तहको एकल अधिकारको विषय हो । यसको पूर्ण व्यवस्थापन तथा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा कार्य सञ्चालन गर्ने कानूनी व्यवस्था गरिएको छ । विद्यालयमा शिक्षाको पाठ्यक्रम संघीय सरकारको मापदण्ड अनुसार कार्यान्वयन गर्नुपर्ने व्यवस्था बमोजिम राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ कार्यान्वयनमा छ। वर्तमान पाठ्यक्रम प्रारुपलाई अध्ययन गर्दा कक्षा १ देखि ८ सम्म नै स्थानीय भाषा/विषयका रुपमा १०० पूर्णाङ्कको एक विषय रहने व्यवस्था छ। जसमा पाठ्यक्रम निर्माण गरी पूर्ण कार्यान्वयन गराउनु तथा सो सम्बन्धी स्रोत पुस्तिका निर्माण तथा व्यवस्थापन गर्ने स्थानीय सरकारको एकल अधिकारको विषय हो ।

स्थानीय पाठ्यक्रम निर्माण तथा विकाससँगै सम्पूर्ण नगर भित्रका विद्यालयहरुमा यसको कार्यान्वयनले यस नगरमा अङ्कुरणमा रहेको ज्ञानका मुना बालबालिकाहरुलाई स्थानीय आवश्यकता, सम्भावना साथै आफ्नो समाजलाई विद्यालय तह देखि नै आधारशीला निर्माण गर्नका लागि "हाम्रो सान : हाम्रो नीलकण्ठ" नामक स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । हाम्रो सुन्दर नगरपालिका भित्र रहेका सामाजिक, ऐतिहासिक, प्राकृतिक वातावरणीय पर्यटकीय स्थलहरुको परिचय र पहिचान गरी स्थानीय जातजाति, भाषा, धर्म, धार्मिक स्थल, चाड पर्व, मुख्य बजारक्षेत्र, कृषि क्षेत्र, उत्पादन, स्थानीय ज्ञान, सिप र प्रविधि स्थानीय औजारको पहिचान र उजागर साथै स्थानीय पर्व, प्रथा सम्भावनाका क्षेत्रहरुलाई समेटी बालबालिकाहरूलाई

स्थानीय हुनुमा गर्व गर्ने वातावरण निर्माणमा यस पाठ्यक्रमको कार्यान्वयनले अहम् भूमिका खेल्ने कुरामा म विश्वस्त छु । हामीले लिएको समृद्ध नीलकण्ठ निर्माणको दीर्घकालिन अभियानमा स्थानीय विषयले आधार निर्माण गर्ने छ । शिक्षा मानव जीवनलाई गुणस्तरीय, उन्नत र स्थानीय सुगन्ध सहित विश्वव्यापी बनाउने एक औजार हो । यसै परिप्रेक्ष्यमा बालबालिकाको गुणात्मक बौद्धिकता विकासका लागि स्थानीय विषयको पाठ्यक्रम निर्माण गरिएको हो ।

यस पाठ्यक्रमको कार्यान्वयन यसै शै.स. २०८१ बाट अनिवार्य रुपमा हाम्रा नगरमा सञ्चालित सम्पूर्ण विद्यालयहरुमा आउने अपेक्षा लिएको छु । सम्पूर्ण शैक्षिक तथा प्राज्ञिक व्यक्तित्वहरु, विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, वि.व्य.स.पदाधिकारीहरू तथा विद्यार्थीहरुले यसको समय सापेक्ष प्रयोग र निरन्तर परिमार्जनमा समालोचनात्मक ढङ्गले भूमिका खेल्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस स्थानीय पाठ्यक्रमको निर्माण तथा विकासमा प्रत्यक्ष तथा परोक्ष रुपमा संलग्न नगरकार्यपालिका परिवार, प्रमुख प्रशासकीय अधिकृत, मस्यौदा लेखन समितिका पदाधिकारीहरू, नगर शिक्षा समितिका पदाधिकारीहरू, विज्ञ लेखकहरु, विभिन्न चरणका कार्यशालामा सहभागी प्रधानाध्यापक तथा स्रोत शिक्षकहरू, विभिन्न क्षेत्रसँग सम्बन्धित पेशागत संघ संगठनहरु, राजनैतिक दलहरू, भाषा सम्पादनका संलग्न विज्ञ शिक्षकहरू, डिजाइनर, विद्यार्थीहरू, नगरबासीहरू तथा अहोरात्र यस कार्यलाई मूर्त रुप दिन प्रत्यक्ष जिम्मेवारी लिइ कार्य सम्पन्न गर्ने शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरूप्रति स-हृदय धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु । यसको पूर्ण कार्यान्वयनबाट समाजमा प्रभावकारी परिणाम ल्याउनुका साथै यो नीलकण्ठको ऐतिहासिक दस्तावेजको रुपमा सङ्गृहीत हुने छ भन्ने पूर्ण विश्वास लिएको छु ।

चैत्र, २०८०

भीम प्रसाद ढुङ्गाना
नगर प्रमुख
नीलकण्ठ नगरपालिका, धादिङ ।

## शुभकामना

नेपाली जनताले सार्वभौमसत्ता सम्पन्न नागरिक हुनको लागि झण्डै सात दशक लामो संघर्षबाट मुलुकको व्यवस्थालाई आमुल परिवर्तन गर्दै नेपालको संविधान २०७२ प्राप्त भयो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अन्तर्गत एक संघीय सरकार, ७ प्रदेश सरकार र ७५३ स्थानीय सरकारको संरचना सहित, सबैभन्दा बढी जनताको जीवनसँग जोडिने समस्या हल गर्ने, जनताको सेवामा हरपल जवाफदेही हुनुपर्ने भूमिकाको स्थानीय सरकारलाई अधिकारसँगै दायित्व र जिम्मेवारीहरु पनि उत्तिकै प्रदान गरियो । संघीयता, गणतन्त्र, समानुपातिक समावेशिता, धर्म निरपेक्षता लगायतका परिवर्तनका मुख्य एजेण्डाले आम जनतामा राजनीतिक व्यवस्था परिवर्तनको आभाष गर्नुका साथै उत्साहित समेत बनायो । यस उपलब्धिका लागि हजारौँ नेपाली आमाका सपूतहरुको उच्च बलिदान र नेतृत्वको त्याग, कुशलता र समर्पण सहितको दुरदर्शिता, परिपक्वताको अहम् भूमिका रहेको छ । कार्यपालिका, व्यवस्थापिका र नगर सभा, नीति नियम ऐन निर्माण र न्यायपालिका न्यायिक समिति मार्फत न्यायिक अधिकार सहित बलियो स्थानीय सरकारको अभ्यासले जनतामा आशा, भरोसा र विश्वास बढाएको छ ।

संविधानको भाग ३ अन्तर्गत मौलिक हकको ३१ धारामा शिक्षाको हक राखिएको छ, प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले माध्यमिक शिक्षा स्थानीय एकल अधिकार व्यवस्थापनको रुपमा उल्लेख गरिएको विषय हो । यसै सन्दर्भमा विद्यालयमा शिक्षाको पाठ्यक्रम संघीय सरकारको मापदण्ड अनुसार कार्यान्वयन गर्नुपर्ने राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयनमा रहेता पनि कक्षा १-८ सम्म स्थानीय भाषा विषयका रुपमा १०० पूर्णांकको एक विषय रहने व्यवस्था छ । पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गराउने, सो सम्बन्धी स्रोत पुस्तिका निर्माण तथा व्यवस्थापन गर्ने स्थानीय सरकारको एकल अधिकार हो ।

व्यवस्था परिवर्तनको आभाष, अवस्था बदलिनु, आफ्नो भुगोल, भाषा, संस्कृति, ऐतिहासिक, सामाजिक, जातजाति, भाषाभाषी, वातावरणीय प्राकृतिक एवम् पर्यटकीय धार्मिक महत्वलाई स्थापित गर्ने गरी साथै स्थानीय सम्पदा, सिप, कला, प्रविधि, रैथाने ज्ञान सिप, धार्मिक मूल्य मान्यता, साँस्कृतिक पहिचानलाई स्थापित गर्दै थप सम्वर्द्धन, सरल र जीवन व्यवहारमा जोड्न विद्यालय तहदेखि नै बालबालिकाको मनस्थितिमा बीजारोपण गर्दै सकारात्मक सोच, विचार निर्माण गर्न स्थानीय पाठ्यक्रमको ठुलो भूमिका हुन्छ । त्यसैले हाम्रो नगरपालिकाले "हाम्रो सान : हाम्रो नीलकण्ठ" स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रमले नीलकण्ठको सम्पूर्ण शिक्षक, विद्यार्थी र आम समुदायलाई अपनत्व ग्रहण गरी आफ्नो नगरपालिकाको गरिमा वृद्धिका लागि मद्दत पुऱ्याउनेछ । साथै व्यवस्था बदल्न अहम् भूमिका

निर्वाह गर्दै बलिदानी दिनुहुने स्थानीय सहीदहरुको गाथाले परिवर्तनको मूल्यबोध गराउनेछ ।

भुइँ छाडेर शिक्षा सुकिलो-मुकिलो संस्कारले श्रम र स्वाभिमान, संस्कृति र नैतिक अनुशासन भत्काउँदै भौतिक सुख र यही देशमा केही गर्न नखोज्ने र विदेशमा जे पनि गर्न खोज्ने संस्कृतिलाई केही हदसम्म जमिनमा टेकाई शिक्षालाई सिप र प्रविधि, सिप र प्रविधिलाई श्रममा र श्रमलाई उद्यम व्यवसाय तथा उत्पादनसँग जोड्दै आआफ्नो स्थानीय पहिचानलाई समेत घुलित गर्दै आर्थिक सम्वृद्धिको बाटोमा अघि बढ्न यस्ता पाठ्यक्रम र विषयवस्तुले भरपुर सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

"हाम्रो नीलकण्ठ : हाम्रो सान" स्थानीय पाठ्यक्रम लेखन कार्य आफैमा एक चुनौतीपूर्ण कार्य हो, यस ऐतिहासिक कार्यको उठान देखि निरन्तर सहयोग गर्नुहुने सम्पूर्ण कार्यपालिका परिवारलाई हार्दिक धन्यवाद सहित सम्पूर्ण नगरवासिहरुमा बधाई दिन चाहान्छु । पाठ्यक्रम लेखन कार्यको सुरुवात देखि नै अहोरात्र खटिनु हुने शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीहरुलाई हार्दिक धन्यवाद छ । यस पाठ्यक्रमको क्षेत्र र क्रम उठान देखि निरन्तर लेखनकार्यमा खटिनुहुने विज्ञ सहजकर्ताहरु, सरोकारवाला, विद्यालय प्रधानाध्यापकहरु, शिक्षकहरु, भाषा सम्पादन टिम, डिजाइन साथै यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु प्रति आभार व्यक्त गर्दै यस पाठ्यक्रमको कक्षा १-८ सम्म पूर्ण कार्यान्वयनका लागि यस नगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयका विद्यालय व्यवस्थापन पदाधिकारीहरु, प्रधानाध्यापक, शिक्षक तथा सरोकारवालाहरुले अहम् भूमिका निर्वाह गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

चैत्र, २०८०

दिपक विश्वकर्मा

उप प्रमुख

नीलकण्ठ नगरपालिका, धादिङ ।

# हार्दिक शुभकामना

शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । शिक्षा कोकोबाट सुरु भई चिहानमा अन्त्य हुन्छ । संविधान प्रदत्त हकका रुपमा शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । विद्यालय शिक्षामा समन्यायिक पहुँच सुनिश्चित गर्न, गुणस्तर अभिवृद्धि गर्न एवम् संस्थागत सक्षमता अभिवृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार र मूलतहः स्थानीय तहको जिम्मेवारी रहेको छ । समाजमा मानव अपेक्षित विकास गर्न र मर्यादित जीवनको स्थापना गर्ने मुख्य जिम्मेवार निकाय बालकका लागि विद्यालय शिक्षा हो । संविधानतः विद्यालय शिक्षाको मुख्य जिम्मेवार सरकार, स्थानीय सरकार हो ।

देशभरिको शिक्षामा एकरुपता ल्याउने उद्देश्यले वि.सं. २०२८ सालदेखि पाठ्यक्रम तथा शिक्षण क्रियाकलापलाई केन्द्रीकरण गरी केन्द्रीय तहदेखि नै एकीकरण गर्ने प्रयास भएको देखिन्छ । यसको अभ्यास तथा अनुभवबाट वि.सं. २०४९ सालदेखि केन्द्रीकृत शैक्षिक पद्धतिलाई विकेन्द्रित तथा स्थानीय माग बमोजिम विद्यालयले स्थानीय भाषा/विषय तथा क्षेत्रसँग सम्बन्धित आवश्यकता आधारित पाठ्यक्रम निर्माण गरी प्रयोगमा ल्याउन सक्ने कानूनी व्यवस्था गरियो । स्थानीय सरोकारवालाका चाहना र मागमा आधारित स्थानीय व्यक्तिहरूको प्रत्यक्ष सहभागितामा निर्माण गरी स्थानीय स्तरका विद्यालयमा कार्यान्वयनमा ल्याइने पाठ्यक्रम हो, स्थानीय पाठ्यक्रम । स्थानीय विषयवस्तुलाई राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को व्यवस्था बमोजिम क्षेत्र र क्रममा निर्धारण तथा विकास गरी स्थानीय भाषा, संस्कृति, चालचलन, रीतिरिवाज, स्थानीय आवश्यकता, सम्भावनाका क्षेत्र साथै स्थानीय भौगोलिक वातावरण, पेशा, व्यवसाय, उत्पादन, परम्परागत स्थानीय ज्ञान, सिप र प्रविधि, इतिहास जस्ता विषय क्षेत्र समेटी यो “हाम्रो सान : हाम्रो नीलकण्ठ” स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ ।

स्थानीय विषयवस्तुलाई राष्ट्रिय मापदण्ड बमोजिम निर्माण गर्ने कार्य आफैमा चुनौतीपूर्ण कार्य हो, तथापि यस स्थानीय पाठ्यक्रम निर्माण तथा विकासका क्रममा निरन्तर स्थानीय सुगन्ध तथा मौलिकपन झल्कने गरी अति सूक्ष्म रुपमा बारम्बार छलफल अन्तरक्रिया गरिनु आफैमा उदाहरणीय कार्य रहेको थियो । कक्षा १-३ सम्म एकीकृत पाठ्यक्रम शैली तथा कक्षा ४-८ सम्म साधारणशैली (एकल पथीय शैली) मा क्षेत्र र क्रमलाई विभाजन गरिनुका साथै विद्यार्थी मूल्याङ्कनमा पनि सूक्ष्म अध्ययन गरी यस पाठ्यक्रमको निर्माण गरिएको छ । मूल्याङ्कनका लागि कक्षा १-३ मा साधारण विधि तथा रुब्रिक्स विधि प्रयोग गरी देशकै नमुना पाठ्यक्रमको रुपमा निर्माण गरिएको छ ।

यस “हाम्रो सान : हाम्रो नीलकण्ठ” नामक स्थानीय पाठ्यक्रम निर्माण तथा विकासमा

विषयवस्तुको उठानदेखि नै कार्यशालाहरुमा प्रत्यक्ष सहभागी भई यो ऐतिहासिक दस्तावेज निर्माण गर्न सहयोग गर्नुहुने सम्पूर्ण शैक्षिक तथा प्राज्ञिक व्यक्तित्वहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । सम्पूर्ण नीलकण्ठ नगरपालिका कार्यपालिका परिवार, शिक्षा समिति पदाधिकारीहरू, सामाजिक विकास समिति पदाधिकारीहरू, सम्पूर्ण नगरभित्र सञ्चालित विद्यालयका वि.व्य.स. तथा शि.अ.सं.का पदाधिकारीहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, भाषा सम्पादन गरी सहयोग गर्नुहुने विज्ञ शिक्षकहरू, डिजाइनर साथै यस कार्यलाई उद्देश्योन्मुख विकास तथा लेखन कार्यमा अहोरात्र निरन्तर खटिनु भएका शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीलाई विषेश धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता तथा मागलाई निर्देशित गरेको हुँदा नगरपालिकामा सञ्चालित सबै विद्यालयहरुले यसको पूर्ण कार्यान्वयनमा अग्रणी भूमिका खेल्नु हुनेछ भन्ने विश्वास रहेको छ । यसको कार्यान्वयन चरणमा परेको समस्या, प्रभाव र सुधार गर्नुपर्ने विषयमा निरन्तर पृष्ठपोषण उपलब्ध गराइरहनु हुन शैक्षिक तथा प्राज्ञिक विज्ञ, स्थानीय सरोकारवालाहरू, विद्यालय परिवार, शिक्षाविद् एवं विद्यालय शिक्षासँग आवद्ध सम्पूर्णमा हार्दिक अनुरोध छ । यस ऐतिहासिक पाठ्यक्रमको निर्माण तथा विकासमा प्रत्यक्ष जोडिन पाउँदा अत्यन्तै हर्षित महशुस गरेको छु। साथै यसको कक्षाकोठामा प्रभावकारिता सहित उपयोगी रुपमा कार्यान्वयन गर्नुहुने छ भन्ने पूर्ण विश्वास लिएको छु । धन्यवाद ।

चैत्र, २०८०

पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत
नीलकण्ठ नगरपालिका, धादिङ ।

# हाम्रो भनाई

कोरा मान्छेहरुलाई पूर्ण मानव निर्माण गर्न सक्षम बनाउने अमूल्य प्रक्रिया हो, शिक्षा । यो मानव विकास प्रक्रियामा लगानी सँगै प्रतिफल पनि हो । विश्व परिवेशमा आफ्नो उपस्थिति देखाउन सक्ने व्यक्तित्व शिक्षाद्वारा निर्माण हुन्छ । व्यक्तित्व निर्माण गर्न त्यतिबेला सक्षम भइन्छ, जतिबेला पाठ्यक्रम सिकाइ अनुभवको उपज हुन्छ । पाठ्यक्रमले के सिकाउने, कसरी सिकाउने, कसलाई सिकाउने, किन सिकाउने भन्ने जस्ता प्रश्नको उत्तर दिने गर्छ । घर, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगत्मा सिकारुका अपेक्षित व्यवहार निर्माण गरी स्थायी परिवर्तन गर्ने प्रक्रियागत माध्यमको दस्तावेज पाठ्यक्रम हो । यो चरणवद्ध  ज्ञान निर्माणको ढाँचा हो जुन औपचारिक, अनौपचारिक साथै सुषुप्त पनि हुन्छ ।

आदिम सभ्यताबाट सुरु भएको समाज आधुनिकता सम्म पुऱ्याउन र मानव जीवनका मूल्य, परम्परा, संस्कार, उत्पादन, अनुभवद्वारा सिर्जित विश्वासको प्रतिबिम्ब पाठ्यक्रमभित्र लुकेको हुन्छ । बालकमा के कस्ता परिवर्तन ल्याउने भन्ने कुरा पाठ्यक्रमले निर्धारण गर्दछ । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु पूरा गराउन बालबालिकाहरुमा निर्धारण गर्नुपर्ने ज्ञान, सिप, अभिवृद्धि तथा स्थायी धारणालाई कुनै पनि पाठ्यक्रमको विषय क्षेत्र र क्रमले सम्बोधन गर्दछ । "विश्वव्यापी सोचाइः स्थानीय गराइ" स्थानीय पाठ्यक्रमको सैद्धान्तिक तथा व्यावहारिक मर्म हो । वि.सं. २०२८ सालमा नयाँ शिक्षा योजना (रा.शि.प.यो., २०२८) आए पश्चात् स्थानीय विषयवस्तुको उठान सुरु भयो । विभिन्न शिक्षा आयोगका प्रतिवेदनहरुले स्थानीय विषयवस्तु, माटो, भूगोल, आवश्यकता तथा परिवेश सुहाउँदो विषयवस्तु बालबालिकाहरुका लागि राखिनुपर्ने आवाज उठाए सँगै सर्वप्रथम राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन, २०४९ मा स्थानीय विषयवस्तु मातृभाषामा प्राथमिक शिक्षा पठनपाठनका लागि पाठ्यक्रममा नीतिगत रुपमा बीजारोपण भयो ।

प्राथमिक पाठ्यक्रम, २०४९ मा मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम निर्माण गर्ने भनि व्यवस्था गरिएता पनि पूर्ण कार्यान्वयन हुन सकेको थिएन । जसको पूर्ण कार्यान्वयन प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ बाट गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारुप (NCF) २०६३ ले आधारभूत तह तथा साधारण शिक्षामा माध्यमिक तहमा स्थानीय विषय राख्न पाउने व्यवस्था गरिएको थियो । स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६४ निर्माण गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ को व्यवस्था कार्यान्वयनमा ल्याइयो । वर्तमान विद्यालय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार कक्षा १ देखि ३ मतृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी साप्ताहिक पाठ्भार ५ र वार्षिक पाठ्यघण्टा १६० र कक्षा ४-८ मा मातृभाषा वा स्थानीय विषयमा साप्ताहिक पाठ्यभार ४ र वार्षिक १२८ कार्यघण्टाको विषय रहने व्यवस्था गरिएको छ ।

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना, उनीहरुकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने ध्येयले विभिन्न चरणमा पाठ्यक्रम निर्माणका लागि सरोकारवालाहरुको संलग्नता "हाम्रो नीलकण्ठ : हाम्रो सान" नामक पाठ्यक्रम नामाकरण दिई क्षेत्र र क्रम निर्धारण गरियो । यस पाठ्यक्रममा नीलकण्ठ नगरको परिचय, सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा, स्थानीय सामाजिक सास्कृतिक विशेषता, स्थानीय विकासका पुर्वाधार, स्थानीय ज्ञान, सिप र प्रविधि, आर्थिक क्रियाकलाप, स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण साथै विपद् व्यवस्थापन विषयवस्तुका क्षेत्र राखिएका छन् । यस नगरपालिका स्थानीय पाठ्यक्रम निर्माण कार्यमा निरन्तर सहजीकरण गर्नुहुने पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरू, लेखनकार्यमा सहजीकरण गर्नुहुने विज्ञहरू, निरन्तर कार्यशालामा उपस्थित भई सशक्त लेखनकार्यमा सहजीकरण तथा सहयोग गर्नुहुने प्र.अ., शिक्षकहरू, भाषा सम्पादनमा सहयोग गर्नुहुने शिक्षकहरू, यस पाठ्यक्रम निर्माणका क्रममा निरन्तर हौसलाका साथ सहयोग गरी अभिभावकत्व बहन गर्नुहुने नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समिति संयोजक, वडा अध्यक्षहरू, सम्पूर्ण कार्यपालिका परिवार, कर्मचारी, शिक्षा युवा तथा खेलकुद शाखाका सहकर्मी साथीहरूप्रति हार्दिक आभार तथा धन्यवाद दिँदै यस शैक्षिक सत्र २०८१ देखि सम्पूर्ण विद्यालयका प्राज्ञिक जिम्मेवार व्यक्तिहरूले विद्यालय शिक्षाका कक्षाहरुमा यसलाई उत्साह पूर्वक सहजीकरण गर्नुपर्ने अभिभारा सम्हाल्नु हुने छ भन्ने पूर्ण विश्वासका साथै सम्पूर्ण शैक्षिक तथा प्राज्ञिक सरोकारवालाहरूप्रति धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु ।

चैत्र, २०८०

प्रकाश दत्त भट्ट

शिक्षा अधिकृत

नीलकण्ठ नगरपालिका, धादिङ ।

# विषय सुची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३) | ८ |
| ३. | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३) | ११ |
| ४. | कक्षागत सिकाइ उपलब्धि (कक्षा ४-५) | १३ |
| ५. | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५) | १६ |
| ६. | कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८) | १८ |
| ७. | विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८) | २२ |
| ८. | विषयवस्तु र तिनको विस्तृतीकरण | |
| | कक्षा - १ | २७ |
| | कक्षा - २ | ३२ |
| | कक्षा - ३ | ४३ |
| | कक्षा - ४ | ४९ |
| | कक्षा - ५ | ६२ |
| | कक्षा - ६ | ६८ |
| | कक्षा - ७ | ७८ |
| | कक्षा - ८ | ९० |
| ९. | सिकाइ सहजीकरण क्रियाकलाप | १०६ |
| १०. | अनुसूचीहरू | |

# खण्ड १

## १. परिचय

नेपाल विविधताले भरिपूर्ण मुलुक हो । भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय र भाषिक विविधता नै यस देशका प्रमुख विशेषता हुन् । धादिङ जिल्ला पनि भौगोलिक, सामाजिक, सांस्कृतिक एवम् धार्मिक र भाषिक रुपमा विविधता भएको जिल्ला हो । जिल्लाको सदरमुकामसमेत रहेको नीलकण्ठ नगरपालिका आफैंमा विविधतायुक्त नगरपालिका हो । यहाँका सामाजिक सांस्कृतिक र भौगोलिक तथ्यहरुलाई समेटेर हाम्रो नीलकण्ठ : हाम्रो सान नामक स्थानीय पाठ्यक्रम विकास गरिएको छ ।

पाठ्यक्रम विद्यार्थीका सिकाइ आवश्यकतालाई पूरा गर्न विद्यालयले गर्ने तयारी हो । यो सिकाइको योजना पनि हो । स्थानीय आवश्यकता र परिवेशलाई सम्बोधन गर्न कुनै एक विषयको पाठ्यक्रम स्थानीय तहमा तयार गरी कार्यान्वयन गर्न सकिने प्रावधान वर्तमान विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा राखिएको छ ।

यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी वितरित पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने यथार्थता अनुरूप स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो ।

साधारण अर्थमा स्थानीय स्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ, जसलाई स्थानीय पाठ्यक्रम प्रारूप २०७६ ले दिशानिर्देश गरेको छ ।

नेपालको वर्तमान संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहमा रहने उल्लेख छ । स्थानीय तहको अगुवाइमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकतासमेत हो । साधारण अर्थमा स्थानीय स्तरका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक सामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ । यसलाई स्थानीय पाठ्यक्रम मार्गदर्शन २०७६ ले निर्दिष्ट गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम २०७६ (कक्षा १–३) का अनुसार ती कक्षाहरूमा ५ पाठ्यभारको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको जिम्मा स्थानीय सरकारलाई दिइएको छ । त्यस्तै कक्षा ४ र ५ को आधारभूत तहको पाठ्यक्रममा समेत ४ पाठ्यभारको स्थानीय पाठ्यक्रमको प्रावधान रहेको छ । त्यस्तै आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०७७ का अनुसार कक्षा ६-८ मा समेत ४ पाठ्यभारको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्न सकिने व्यवस्था छ । यसअनुसार वार्षिक १२६ घण्टा स्थानीय पाठ्यक्रम पठनपाठन गर्नुपर्ने व्यवस्था छ ।

नेपालको संविधानको सबैले अनिवार्य र निःशुल्क आधारभूत शिक्षा पाउनु पर्ने मौलिक हकको व्यवस्था

गरेको छ । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा पनि कुनै एक स्थानीय आवश्यकताको विषय आधारभूत तहमा पठनपाठन गर्न सकिने कुरा उल्लेखित छ ।

## २. स्थानीय पाठ्यक्रमको आवश्यकता

नेपाल सरकारबाट एकीकृत पाठ्यक्रम (कक्षा १-३) को ढाँचा २०७६, आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम २०७८ र  आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०७७ स्वीकृत भई कार्यान्वयन भइ रहेको छ। उक्त पाठ्यक्रमको ढाँचामा भएको व्यवस्थाअनुसार कक्षा १-३ सम्ममा पाँचओटा विषय - गणित, नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो र स्थानीय विषय राख्नुपर्ने प्रावधान छ। त्यस्तै गरी कक्षा ४-५ र  कक्षा ६-८ मा  नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा, स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला र मातृभाषा/ स्थानीय विषय राखिएका छन् ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थानबाटै प्रारम्भ गर्न सहज हुन्छ । त्यसका लागि बालबालिकाहरुले आफ्नो गाउँ तथा समुदायको पहिचान गर्नुपर्दछ। त्यहाँ भएका प्राकृतिक ऐतिहासिक सम्पदाहरु र आर्थिक क्रियाकलापहरुबारे जानकारी हुनुपर्दछ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोतसामग्रीको संरक्षण, सम्बर्द्धन, परिचालन र विकास गर्नका लागि मार्गनिर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक सामाजिक सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमानदार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रम सबै सरोकारवालाको संलग्नताको सम्भावना रहँदैन । यसले स्थानीय तहको भाषा, संस्कृति ज्ञान र सिपलाई पूर्ण रुपले समेट्न सम्भव  हुँदैन । अतः स्थानीय तहको भाषा तथा संस्कृतिको जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी व्यवहारिक र दक्ष जनशक्ति तयार गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आआफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय अनि भाषिक विविधता हुन्छ। केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरुलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरु प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएको र संवैधानिक तथा नीतिगत रुपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले नीलकण्ठ नगरपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई देहायबमोजिमका बुँदाहरुले अझ स्पष्ट पार्दछन् :

क. स्थानीय स्तरका व्यवसाय, पेसा एवम् रोजगारलाई सम्बोधन गर्दै अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख, उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण तथा सम्बर्द्धन गर्न ।

ख. स्थानीय तहका कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र सम्बर्द्धन गर्न ।

ग. स्थानीय कला कौशल, व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरुपको व्यवहार गर्न सक्ने तुल्याउन ।

घ. भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा प्राकृतिक विविधतालाई

सम्बोधन गर्न ।

ङ. स्थानीय तहको ज्ञान, सिप र प्रविधिलाई उजागर गर्न ।

च. परम्परागत पेसा व्यवसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

छ. स्थानीय स्रोत र साधनको अधिकतम उपभोग र परिचालन गर्न ।

## ३. स्थानीय पाठ्यक्रमको विशेषता

स्थानीय पाठ्यक्रम पाठ्यक्रम विकासको विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यास हो । यस पाठ्यक्रमले :

क. स्थानीय आवश्यकताको परिपूर्ति गर्दछ ।

ख. स्थानीय मागलाई संवोधन गर्दछ ।

ग. स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्दछ ।

घ. सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चित गर्दछ ।

ङ. अपनत्वको भावनाको विकास गराउँछ ।

च. स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।

छ. रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।

ज. सैद्धान्तिक भन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।

झ. विद्यार्थी केन्द्रित विधिमा जोड दिन्छ ।

स्थानीय पाठ्यक्रमको दायरा विशिष्टीकृत हुन्छ । यो व्यवहारमा आधारित अवधारणामा बन्दछ । स्थानीय आवश्यकतामा आधारित भई स्थानीय विज्ञबाट विकास गरिन्छ । यसको विकास गर्ने मूल स्थान स्थानीय स्तर हो । त्यसैले यसको अपनत्व बढी हुन्छ । सहभागिताको दृष्टिले व्यापक हुन्छ । यसको निर्माण स्वनिर्देशित र मागमा आधारित भई बनेको हुन्छ । यसमा प्रयोग हुने विषयवस्तु सान्दर्भिक, उपयोगी र ग्राह्य हुन्छ । त्यसैले यस पाठ्यक्रमका एकरुपता हुँदैन । यसको प्रमाणीकरण स्थानीय स्तरमा हुन्छ ।

## ४. विद्यालय शिक्षाको तहगत संरचना र उमेर

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमतास्तरका आधारमा आधारभूत तहको कक्षागत खाका देहाय बमोजिम निर्धारण गरिएको छ :

| कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|
| कक्षा १-३ | ५ देखि ७ वर्ष सम्म | तह १ |
| कक्षा ४-५ | ८ देखि ९ वर्ष सम्म | तह २ |
| कक्षा ६-८ | १० देखि १२ वर्ष सम्म | तह ३ |

## ५. स्थानीय पाठ्यक्रम शिक्षणको माध्यम

स्थानीय पाठ्यक्रम शिक्षणलाई सकेसम्म स्थानीयकरण गर्नु पर्दछ । स्थानीय स्तरमा प्रयोग हुने भाषा र शब्दहरुलाई जस्ताको त्यस्तै प्रयोगमा ल्याउनु यसको आदर्श ठहरिन्छ । हरेक बालबालिकाले आफ्नो घर र समुदायमा प्रयोग गरिने भाषामा बुझ्ने गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउनु शिक्षकको दायित्व हुनेछ । बहुभाषिक समुदायमा नेपाली भाषाका अतिरिक्त बालबालिकाको मातृभाषामा प्रयोग हुने शब्दमा गरिने अभ्यासहरुको खोजी गरी शैक्षिक सामग्रीको प्रयोग गरिनु पर्दछ । विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्दा पनि सकेसम्म स्थानीय भाषा र शैलीको प्रयोगलाई प्राथमिकता दिनु पर्दछ ।

## ६. पाठ्यक्रमको विषयक्षेत्र

जिल्ला र नगरको परिचय एवम् गौरवका आयोजना,  स्थानीय तहको सांस्कृतिक, सामाजिक र पर्यटकीय क्षेत्र, जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा, स्थानीय सामाजिक सांस्कृतिक विविधता, सामाजिक नियम, जिल्ला सदरमुकाम हुँदै अन्य जिल्ला र पालिका जोड्ने सडक, स्थानीय ज्ञान, सिप र प्रविधि, स्थानीय पेसा, व्यवसाय र उद्यम, स्थानीय जडीबुटी, वित्तीय संस्था, स्थानीय प्राकृतिक सम्पदा, वनस्पती र स्थानीय स्तरमा हुने विपत् पहिचान एवम् व्यवस्थापन रहेका छन् ।

## ७. स्थानीय पाठ्यक्रमको तहगत सक्षमता

यस पाठ्यक्रमले देहाय बमोजिमका तहगत सक्षमतालाई अङ्गीकार गरेको छ ।

### ख. तहगत सक्षमता

**कक्षा : १-३**

क. आफ्नो जिल्ला, स्थानीय तह, वडा र टोलबस्तीको पहिचान र गौरव बोध

ख. स्थानीय सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदाको पहिचान र अवलोकन

ग. स्थानीय सामाजिक सांस्कृतिक विविधता पहिचान र सम्मान

घ. सामाजिक नियमको सामान्य जानकारी र पालना

ङ. स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान र उपयोग

च. घर, छिमेक र स्थानीय समुदायमा गरिने काम, पेसा र व्यवसायको पहिचान र महत्त्व बोध

छ. स्थानीय जडीबुटीको पहिचान र फाइदाबारे जानकारी

ज. बचतको आवश्यकता र सदुपयोग

झ. स्थानीय प्राकृतिक सम्पदा, वनस्पतीको पहिचान र महत्त्व बोध

ञ. स्थानीय स्तरमा घट्ने विपद्का घटनाहरु पहिचान एवम् सावधानीका उपायहरु अवलम्बन

**कक्षा : ४-५**

१. आफ्नो नगरपालिकाको परिचय एवम् नगर र वडाका विभिन्न भौगोलिक अवस्थितिको जानकारी र महत्व बोध
२. आफ्ना स्थानीय तहको सांस्कृतिक, सामाजिक र पर्यटकीय क्षेत्र पहिचान र अवलोकन
३. स्थानीय सामाजिक सांस्कृतिक विविधता पहिचान, महत्त्व बोध र सम्मान
४. सामाजिक नियमको महत्त्व बोध र परिपालना
५. स्थानीय सडकको सामान्य परिचय र पालिकाको आर्थिक सामाजिक जनजीवनमा ती सडकले पार्ने प्रभाव पहिचान
६. स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान, महत्त्व बोध र प्रयोग
७. नगरपालिका भित्रको स्थानीय पेसा, व्यवसाय र उद्यम पहिचान र त्यसले आयआर्जनमा पुऱ्याएको योगदानको खोजी
८. स्थानीय जडीबुटीको पहिचान, महत्त्व बोध एवम् उपयोग
९. स्थानीय सहकारीको परिचय, काम कर्तव्य बोध र महत्त्व प्रस्तुत
१०. स्थानीय प्राकृतिक सम्पदा, वनस्पतीको पहिचान, महत्त्व र उपयोगिता
११. स्थानीय विपद्का घटनाहरु पहिचान एवम् कारण र प्रभावको खोजी र न्यूनीकरणका उपायहरु अवलम्बन

**कक्षा : ६-८**

१. जिल्ला र नगरको विविध पक्षको परिचय एवम् गौरवका आयोजनाको खोजी र महत्त्व बोध
२. आफ्नो स्थानीय तहको सांस्कृतिक, सामाजिक र पर्यटकीय क्षेत्र पहिचान, अवलोकन र प्रवर्धन
३. आफ्नो जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको पहिचान, महत्त्व बोध र प्रवर्धन
४. स्थानीय सामाजिक सांस्कृतिक विविधता पहिचान, सम्मान र सम्वर्धन
५. सामाजिक नियमको खोजी, सम्मान र पालना
६. जिल्ला सदरमुकाम हुँदै अन्य जिल्ला र पालिका जोड्ने सडक र ती सडकले त्यहाँको आर्थिक विकासमा पार्ने प्रभावको खोजी
७. स्थानीय ज्ञान, सिप र प्रविधिको खोजी, उपयोग र संरक्षण
८. स्थानीय पेसा, व्यवसाय र उद्यमले स्थानीय जनजीवनमा पुऱ्याएको योगदानको खोजी र विश्लेषण
९. स्थानीय जडीबुटीको खोजी, सदुपयोग र संरक्षणमा सहभागिता
१०. वित्तीय संस्थाको कार्य एवम् महत्त्वको खोजी र सेवाको जानकारी
११. स्थानीय प्राकृतिक सम्पदा, वनस्पतीको पहिचान, सदुपयोग एवम् संरक्षणमा संलग्नता

१२. स्थानीय स्तरमा हुने विपत् पहिचान एवम् व्यवस्थापनमा सहभागिता

## ८. पाठ्यक्रम निर्माण विधि एवम् प्रकिया

स्थानीय पाठ्यक्रम तर्जुमा तथा सम्पादन प्रकियालाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । सर्वप्रथम नीलकण्ठ नगरपालिकाको स्थानीय पाठ्यक्रमको विकासको कामलाई अगाडि बढाउनका लागि नगरपालिकाका प्रमुखसहित नगर कार्यपालिकाका सदस्यहरू, विद्यालयका शिक्षक, स्थानीय बुद्धिजीवी तथा व्यापारी, निजी तथा संस्थागत विद्यालयका प्रतिनिधिको  उपस्तिथितिमा भएको  छलफलले स्थानीय पाठ्यक्रम विकासको आधार तयार पारेको थियो । यसरी प्राप्त आधारलाई मूर्तरुप दिन पुनः शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावकहरू, स्थानीय मौलिक संस्कृतिका जानकारहरू, स्थानीय जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, बुद्धिजीवी, शिक्षा क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू, शिक्षक संघ सङ्गठनका प्रतिनिधिहरू लगायतका स्थानीय सरोकारवालाहरूसँग स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी कार्यशालाको आयोजना गरी यसमा समावेश गरिनु पर्ने विषयवस्तुका बारेमा व्यापक छलफल गरिएको थियो । तेस्रो चरणमा विज्ञको उपस्थितिमा विभिन्न विद्यालयबाट विषय शिक्षकको प्रतिनिधित्व गराई स्थानीय पाठ्यक्रमका तहगत उद्देश्यहरू तथा सक्षमता निर्धारण, विषयवस्तुको छनोट, कक्षागत सिकाइ उपलब्धि निर्धारण, शिक्षण विधि र प्रक्रिया, मूल्याङ्कन, पाठ्यभार र पाठ्यक्रमको विस्तृतीकरण जस्ता विषयवस्तुको छनोट गरिएको थियो भने चौथो चरणमा स्थानीय पाठ्यक्रमको मस्यौदा तयार गरी यसमा संयोजन गरिएका विषयवस्तु माथि पुनः छलफल गरी  सुझाव सङ्कलन गराइएको थियो ।

अन्त्यमा प्राप्त सुझावहरूलाई समावेश गरी पाठ्यक्रमको निर्माण कार्य सम्पन्न गरी नगरकार्यपालिकाबाट अनुमोदन गर्नका लागि पेस गरिनेछ । यसरी पेस भएको स्थानीय पाठ्यक्रमलाई नगरकार्यपालिकाको बैठकले स्वीकृत गरे पश्चात् यो पाठ्यक्रम प्रकाशनमा आउनेछ ।

## ९. पाठ्यक्रम कार्यान्वियनको योजना

यो पाठ्यक्रम शैक्षिकसत्र २०८१ देखि यस नगरपालिकाभित्र सञ्चालित सबै प्रकारका विद्यालयमा लागु हुनेछ । पाठ्यक्रम कार्यान्वयनका क्रममा शिक्षकलाई तालिम उपलब्ध गराइनेछ । पाठ्यक्रम लागु गर्दा पाठ्यपुस्तक बाध्यकारी नभएता पनि क्रमशः सबै कक्षाका बालबालिकाका लागि सिकाइका सामग्री तयार गरिनेछ ।

## १०. स्थानीय पाठ्यक्रमको प्रयोग

पाठ्यक्रम विकास र कार्यान्वयन एउटा गतिशील प्रक्रिया हो । यसको विकास सानो समूहको विज्ञको दिमागको उपज नभई राष्ट्रिय मापदण्ड भित्र रहेर स्थानीय तहका धेरै विषयसँग जोडिएका विज्ञहरुको साझा बुझाइबाट बनेको अनुभव सहितको लामो समयको तयारीबाट भएको छ । जसरी यसको निर्माण एक बसाइको ध्यानमग्नताबाट भएन त्यस्तै गरी यो पाठ्यक्रमको कार्यान्वयन पनि सरल रेखामा नभई बक्ररेखाबाट  एकापसमा अन्तर्सम्बन्धित हुँदै प्रवाहित हुन्छ । यो पाठ्यक्रम दीर्घजीवी छैन र हुनुहुँदैन । यसमा प्रत्येक शिक्षकबाट, हरेक विद्यालयमा र हरेक पटकमा परिमार्जन गरिनु पर्दछ । यसले शिक्षण

सिकाइलाई एकात्मक बनाउनबाट बचाउनु पर्दछ । यसको प्रयोग टेक्स्टमा आधारित नभई कन्टेक्स्टमा आधारित हुनु पर्दछ। स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा यसको आधारभूत पक्षलाई टेकेर शिक्षकले स्थान विशेषका लागि मौलिक बनाउने हो । एउटै विद्यालयमा पनि फरक फरक स्थान र परिस्थितिबाट विद्यार्थी आएका हुन्छन्, ती विद्यार्थीहरुका लागि वैयक्तिक सिकाइ सामग्री उपलब्ध गराउनु स्थानीय पाठ्यक्रमको मूल आशय हो । त्यसैले यस पाठ्यक्रममा उल्लेख भएका विषयवस्तु, सिकाइका विधि, शैक्षिक सामग्री, सिकाइस्थल, मूल्याङ्कन प्रक्रिया आदिमा परिस्थितिलाई अनुकूलन गर्दै कक्षा शिक्षकले समसामयिक रुपमा परिमार्जन गर्नुपर्दछ। यस पाठ्यक्रमको आशय लिखित परीक्षाको मात्रा बढाउनु होइन । लिखित परीक्षाको सानो अंशमा प्रयोगात्मक, खोजमूलक व्यावहारिक पक्षलाई जोड दिई विद्यार्थीलाई स्थानीयताको बारेमा मन, वचन र शरीरको गतिशीलताले पूर्ण बनाउनु रहेको छ ।

# खण्ड २

**कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३)**

| क्र. सं. | मुख्य विषयक्षेत्र | सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | नीलकण्ठ नगरको परिचय | १. आफ्नो टोलको नाम भन्न र सामान्य परिचय दिन ।<br>२. आफू बसेको वडाको नम्बर बताउन<br>३. आफ्नो गाउँ वा नगर र जिल्लाको नाम बताउन | १. आफ्नो घर नजिकैको अर्को बस्तीको नाम र सामान्य परिचय दिन<br>२. आफ्नो घर नजिकैको बजारको नाम भन्न<br>३. छिमेकी वडाका आफ्नो वडासँग जोडिएका प्रमुख गाउँहरुको नामको सूची बनाउन | १. आफ्नो नगरको नाम बताउन<br>२. आफ्नो पालिकामा रहेका वडाको संख्या उल्लेख गर्न<br>३. आफ्नो वडाका प्रमुख बस्तीको नाम खोजी गर्न<br>४. वडा भित्रका खोलानालाहरु पहिचान गरी ती खोलाको सामान्य परिचय दिन<br>५. वडा भित्रको ठुला पहाड वा फाँटको सामान्य वर्णन गर्न |
| २ | सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | १. घर नजिकका धार्मिकस्थल, चौताराको नाम र रहेको स्थान बताउन<br>२. आफ्नो परिवारमा मनाउने मुख्य चाडको नाम बताउन | १. घर नजिकका धार्मिकस्थान चौतारा, डाँडाको नाम बताउन<br>२. आफ्नो गाउँ, टोल र समुदायमा मनाउने चाडपर्वमा सहभागी हुन | १. समुदाय भित्रका धार्मिकस्थान चौतारा, डाँडाको पहिचान र महत्त्व उल्लेख गर्न<br>२. स्थानीय चाडपर्वको नाम र गरिने मुख्य क्रियाकलाप बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | ३. आफ्नो जाति र आफूले मान्ने धर्मको नाम बताउन<br>४. आफ्नो घर वरपरका रमाइला ठाउँहरुको नाम भन्न र घुमेको अनुभव आदान प्रदान गर्न | ३. आफ्नो घर वरपर रहने जातजाति र उनीहरुको धर्म पहिचान गर्न<br>४. अभिभावकसँग घुमफिर गरेका रमाइला ठाउँको नाम उल्लेख गर्न र अनुभव आदानप्रदान गर्न | ३. स्थानीय चाडपर्व र धार्मिक कार्यमा गरिने क्रियाकलापहरु खोजी गर्न<br>४. आफ्नो वडामा रहेका रमणीय स्थलहरुको नाम बताउन र ती स्थलको अवलोकन भ्रमण गर्न |
| ३ | स्थानीय सामाजिक विविधता | १. आफ्नो परिवारको सदस्यको नाता, नामथर र लिङ्ग बताउन<br>२. आफ्नो घरमा मनाइने स्थानीय पर्वको नाम र खाइने खानेकुरा पहिचान गर्न<br>३. स्थानीय झ्याउरे गीत गाउन<br>४. आफ्नो विद्यालयको नाम र ठेगाना बताउन<br>५. घरमा गर्न हुने र गर्न नहुने काम भन्न र व्यावहारिक अभ्यास गर्न | १. छिमेकीको नाम, नाता र थर बताउन<br>२. स्थानीय पर्वका नाम बताउन<br>३. आफ्नो समुदायमा स्थानीय पर्वमा खाइने खानेकुराको सूची बनाउन<br>४. झ्याउरे गीत गाउन र नाच्न<br>५. लोहोरी गाउने अभ्यास गर्न<br>६. स्थानीय बाजाहरुको पहिचान गर्न<br>७. आफ्नो विद्यालयको सामान्य परिचय दिन<br>८. आफ्नो कक्षाका साथीहरुसँग गर्न हुने र गर्न नहुने व्यवहारहरु बताउन र अभ्यास गर्न | १. समुदायमा रहेका भाषा, धर्म, जातजाति र भेषभूषाको सामान्य परिचय दिन<br>२. आफ्नो घरमा बन्ने खानेकुराको स्रोत बताउन<br>३. स्थानीय पर्वमा खाइने खानेकुरा तयार गर्न आवश्यक पर्ने सामग्रीको सूची तयार पार्न ।<br>४. आफ्नो समुदायमा नाचिने नाचहरु पहिचान गर्न<br>५. स्थानीय बाजाहरुको नामको सूची तयार पार्न<br>६. नजिकको विद्यालयको नाम र ठेगाना उल्लेख गर्न<br>७. विद्यालयमा गर्न हुने र गर्न नहुने काम भन्न र व्यवहारिक अभ्यास गर्न |

| | | | | |
|---|---|---|---|---|
| ४ | स्थानीय ज्ञान, सिप र प्रविधि | १. हात, बित्ताको अवधारणा बताउन र व्यावहारिक अभ्यास गर्न<br>२. घरमा प्रयोग गरिने स्थानीय प्रविधिको नाम उल्लेख गर्न | १. अङ्गुल, कुरेतको अवधारणा बताउन र प्रयोग गर्न<br>२. घरमा प्रयोग गरिने स्थानीय प्रविधिको परिचय दिन  र प्रयोग गर्न | १. तुलो ,माना, पाथी, धार्नी, बिसौलीको अवधारणा बताउन र प्रयोग गर्न<br>२. समुदायमा प्रयोग गरिने स्थानीय प्रविधिको परिचय उल्लेख गर्दै तिनको प्रयोग र संरक्षणका उपायहरु बताउन |
| ५ | स्थानीय आर्थिक क्रियाकलाप | १. घर परिवारमा गरिने काम र पेसा बताउन<br>२. स्थानीय व्यवसायको नाम भन्न<br>३. खुत्रुकेमा बचत गर्ने बानी विकास गर्न | १. छिमेकीको पेसा, काम बताउन र कामको सम्मान गर्न<br>२. स्थानीय व्यवसाय र उद्यमको अवलोकन गर्न<br>३. बचतलाई सही ठाउँमा प्रयोग गर्न | १. स्थानीय तथा समुदायमा गरिने कृषि र अन्य पेसासँग सम्बन्धित क्रियाकलाप पहिचान गर्न र फाइदा बताउन<br>२. स्थानीय व्यवसाय र उद्यमको परिचय दिन<br>३. बचतको महत्त्व बताउन र सदुपयोग गर्न |
| ६ | स्थानीय प्राकृतिक सम्पदा, वनस्पती तथा जडीबुटी र पर्यावरण | १. घर वरपर रहेका वनस्पति र जडीबुटी पहिचान गर्न<br>२. आआफ्नो गाँउ टोल नजिक रहेका कुवा र खोलाहरूको अवलोकन गर्न | १. स्थानीय वनस्पतिहरु र जडीबुटीहरु को नाम भन्न<br>२. आ आफ्नो समुदाय भित्र रहेका कुवा, नदी र खोलाहरूको सामान्य परिचय दिन | १. स्थानीय वनस्पति पहिचान गर्न र महत्त्व बताउन<br>२. स्थानीय जडीबुटीहरुको पहिचान गर्न र महत्त्व बताउन<br>३. स्थानीय कुवा, खोला तथा नदीहरुको उपयोगिता खोजी गर्न |
| ७ | प्रकोपबाट बचौं | १. स्थानीय प्रकोपको नाम भन्न | १. स्थानीय प्रकोपको सूची बनाउन | १. स्थानीय प्रकोपको अवलोकन र बच्ने उपायहरू अवलम्बन गर्न<br>२. बाटो वा सडकमा सुरक्षित साथ हिँडडुल गर्न |

**विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३)**

| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १. आफ्नो टोलको नाम<br>२. आफू बसेको वडाको नम्बर<br>३. आफ्नो गाउँ वा नगरको नाम<br>४. जिल्लाको नाम | १. आफ्नो घर नजिकैको अर्को बस्ती<br>२. आफ्नो घर नजिकैको बजार<br>३. छिमेकी वडाका आफ्नो वडासँग जोडिएका प्रमुख गाउँहरुको नाम | १. आफ्नो नगरको नाम<br>२. वडाको संख्या<br>३. वडाका प्रमुख बस्तीको नाम<br>४. वडा भित्रका खोलानाला<br>५ वडा भित्रको ठुला पहाड वा फाँट |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | १. घर नजिकका धार्मिकस्थान, चौतारा<br>२. मुख्य चाडको नाम<br>३ आफ्नो जात र धर्म<br>४.घर वरपरका रमाइला ठाउँहरु | १. घर नजिकका धार्मिकस्थान चौतारा, डाँडा<br>२. वरपर मनाउने चाडपर्व<br>३. वरपरका जात, धर्म<br>४. अभिभावकसँग रमाइला ठाउँ घुमफिर | १. समुदाय भित्रका धार्मिकस्थान चौतारा, डाँडा<br>२. स्थानीय चाडपर्व<br>३. स्थानीय चाड, धर्म र विशेषता<br>४. आफ्नो वडामा रहेका रमणीय स्थलहरु |
| ३. स्थानीय सामाजिक सांस्कृतिक विविधता | १. परिवारको चिनारी, लिङ्ग र थर चिनारी | १. छिमेकीको जातजाति, लिङ्ग र थर चिनारी | १. समुदायको भाषा, धर्म, जातजाति, भेषभूषा |
| ३.१. स्थानीय पर्व र परिकार | १. आफ्नो घरमा बन्ने खानेकुराको चिनारी | १. आफ्नो घरमा बन्ने खानेकुराको चिनारी<br>२. स्थानीय पर्वका नाम | १. आफ्नो घरमा बन्ने खानेकुराको चिनारी<br>२. स्थानीय पर्वमा बनाइने खाना |
| ३.२ स्थानीय नाच, गीत, धुन, कला, साहित्य | १.स्थानीय झ्याउरे गीत गायन | १. झ्याउरे गीत गाउने र नाच्ने लोहोरीको चिनारी | १. आफ्नो समुदायमा नाचिने नाचहरु |
| ३.३. स्थानीय बाजा, मेला, जात्रा | | १. बाजाहरुको पहिचान | १. बाजाहरुको नामको सूची |
| ३.४. शैक्षिक अवस्था | १.आफ्नो विद्यालयको नाम | १. आफ्नो विद्यालयको चिनारी | १. नजिकको विद्यालयको नाम |

| | | | |
|---|---|---|---|
| ३.५. सामाजिक नियम | १. घरमा गर्न हुने र गर्न नहुने काम | १. आफ्नो कक्षाका साथीहरुसँग गर्न हुने र गर्न नहुने व्यवहारहरु | १. विद्यालयमा गर्न हुने र गर्न नहुने काम |
| ४. स्थानीय ज्ञान सिप प्रबिधि<br>४.१. परम्परागत मापन प्रणालीको ज्ञान | १. हात, बित्ता अवधारणा | १. अङ्गुल, कुरेतको अवधारणा | १. तुलो, माना, पाथी, धार्नी बिसौलीको अवधारणा |
| ४.२. स्थानीय प्रविधि | १. घरमा प्रयोग गरिने स्थानीय प्रविधिको नाम चिम्टा, ढुङ्ग्रो, ओदान | १. घरमा प्रयोग गरिने स्थानीय प्रविधि जाँतो, लोरो, सिलौटो, ठेकी /घ्याँसी मदानी धुपौरो आदिको परिचय र प्रयोग | १. समुदायमा प्रयोग गरिने स्थानीय प्रविधि हलो, हतासो, ढिकी आदिको परिचय प्रयोग र संरक्षण |
| ५. स्थानीय आर्थिक क्रियाकलाप (पेसा, व्यवसाय र उद्यम) | १.घर परिवारमा गरिने काम र पेसा | १. छिमेकीको पेसा, काम र सम्मान | १. स्थानीय तथा समुदायमा गरिने कृषि पेसासँग सम्बन्धित क्रियाकलाप, भैँसी, कुखुरा पालन, स्थानीय व्यवसाय र उद्यमको परिचय, व्यापार |
| ६.३ वित्तीय साक्षरता | १. खुत्रुके बचत परिचय | १. बचतको आवश्यकता | १. बचतको सदुपयोग |
| ७. स्थानीय प्राकृतिक सम्पदा, स्थानीय वनस्पति तथा जडिबुटी र पर्यावरण | १. स्थानीय वनस्पतिको नाम, चिनारी<br>२. स्थानीय स्तरमा रहेका धारा, खोला , नदी र कुवाहरुको नाम, (आआफ्नो गाउँ टोल नजिक रहेका कुवा र खोलाहरु<br>३. स्थानीय जडीबुटीहरु पहिचान<br>– असुरो, तितेपाती | १. स्थानीय वनस्पतिहरुको नाम र चिनारी<br>२. स्थानीय धारा, कुवा, खोला तथा नदीहरुको सामान्य परिचय (आ आफ्नो समुदाय भित्र रहेका कुवा, नदी र खोलाहरु)<br>१३. स्थानीय जडीबुटीहरु पहिचान<br>– अमला, तुलसी | १. स्थानीय वनस्पतिहरुको नाम<br>२. स्थानीय कुवा, खोला तथा नदीहरुको उपयोगिता<br>३. स्थानीय जडीबुटीहरुको पहिचान र प्रयोग (हर्रो, बर्रो, बाबरी, तुलसी , बनमारा, अम्बाको बोक्रा) |
| ८. विपद् व्यवस्थापन | १. स्थानीय विपद्को नाम (बाढी, पहिरो आगलागी) | १. स्थानीय विपद्को परिचय (आगलागी र चट्याङ) | १. स्थानीय विपद्को परिचय र पहिचान<br>२. सडक सुरक्षा |

## कक्षागत सिकाइ उपलब्धि (कक्षा ४-५)

| क्र. सं. | मुख्य विषयक्षेत्र | सिकाइ उपलब्धि | |
|---|---|---|---|
| | | कक्षा ४ | कक्षा ५ |
| १ | नीलकण्ठ नगरको परिचय | १. आफ्नो नगरको  नाम, स्थापना मिति र क्षेत्रफल बताउन<br>२. नीलकण्ठ नगरपालिकाको सबभन्दा अग्ला र होचा ठाउँहरुको नाम भन्न<br>३. नगर भित्रका मुख्य खोला र नदीको नाम खोजी गर्न<br>४. वडा भित्रका  मुख्य बस्ती तथा बजारको नाम र अवस्थिति बताउन<br>५. आफू रहेको वडाको वडा कार्यालय रहेको स्थान पहिचान गर्न<br>६ आफ्नो वडाको वडा अध्यक्षको नाम र सदस्य सङ्ख्या अभिभावकलाई सोधेर लेख्न | १. नगरको क्षेत्रफल र सिमाना उल्लेख गर्न<br>२. नगरको मुख्य मुख्य पहाड, खोला, मुख्य भञ्ज्याङ र नदीको नाम खोजी गर्न<br>३. मुख्य बस्ती वा बजारको सामान्य परिचय दिन<br>४. आफू रहेको वडाको सामान्य परिचय दिन<br>५. नगर प्रमुख, उप प्रमुखको नाम र कार्यकाल बताउन<br>६. जिल्लाको स्थानीय तह सङ्ख्या र नाम खोजी गर्न |
| २ | सांस्कृतिक ऐतिहासिक र पर्यटकीय सम्पदा | १. वडा भित्रका पाटी, पौवा, कुवा, पोखरी, डाँडा, कोट, दरबार, देउराली आदिको पहिचान गर्न<br>२. आफ्नो वडामा पर्ने धार्मिक स्थलको सूची बनाउन<br>३. आफ्नो समुदाय/वडामा मनाउने स्थानीय चाड, त्यहाँ प्रचलित धर्म र लगाउने भेषभुषाको परिचय दिन | १. नगर भित्रका मुख्य धार्मिक स्थलका नामको सूची तयार पार्न<br>२. नगर भित्रका मुख्य डाँडा, देउराली, पाटी, पौवा, चुली, दरबार, कोटको पहिचान गर्न र महत्त्व बताउन<br>३. नगरमा प्रचलित धर्म, जाति र पर्व विशेषमा लगाउने पहिरन र जातजातिको परिचय दिन |

| | | | |
|---|---|---|---|
| | | ४. नगर भित्र रहेका पर्यटकीय स्थलहरूको नामको सूची तयार पार्न | ४. स्थानीय प्रेरणादायी व्यक्तिको पहिचान गरी योगदान उल्लेख गर्न<br>५. पर्यटकीय स्थलको रुपमा ज्वालामुखी मन्दिरको परिचय दिन |
| ३ | स्थानीय सामाजिक सांस्कृतिक विशेषता | १. कुमाल र गुरुङ जातिको जातिगत संस्कार खोजी गर्न<br>२. छिमेक र समुदायमा हुने भोजभतेरमा बन्ने परिकारको सूची तयार पार्न<br>३. विभिन्न पर्वमा बनाइने खाना र खाने तरिका उल्लेख गर्न<br>४. आफ्नो र फरक समुदायमा नाचिने नाचको पहिचान गरी अभ्यास गर्न<br>५. आफ्नो समुदायमा बजाइने बाजाहरुको परिचय दिन र प्रयोग गर्न<br>७. समुदायका असल व्यक्तिहरुले गरेका प्रेरणादायी कार्यहरुको खोजी गर्न र प्रेरणा प्राप्त गर्न | १. खस, आर्य जातिको जातिगत संस्कार खोजी गर्न<br>२. नेवार, गुरुङ, मगर, खस आर्य, तामाङ, कुमाल जातिको जातिगत परिकार उल्लेख गर्न<br>३. स्थानीय गीत, नाच र बाजाको नाम र महत्त्व उल्लेख गर्न<br>४. स्थानीय मेला पर्वमा सहभागी हुन<br>५. दाइँ गीत, रोपाई/असारे गीतको महत्त्व बताउन र गायन अभ्यास गर्न<br>६. वडाभित्र रहेका विद्यालयको नाम, रहेको स्थान र त्यहाँ सञ्चालित कक्षा बताउन<br>७. आफूले गर्न सक्ने सामुदायिक कार्यहरुमा सहभागी हुन |
| ४ | स्थानीय सडक र यातायात | १. स्थानीय सडकको परिचय र त्यसले स्थानीय बासीलाई पुर्‍याएको फाइदाको सूची तयार पार्न | १. धादिबेंसी -सुनौलाबजार- फोस्रेटार सडकको परिचय र त्यसले पारेको सकारात्मक प्रभाव उल्लेख गर्न |
| ५ | स्थानीय ज्ञान सिप र प्रविधि | १. मुरीको अवधारणा बताउन र मापन अभ्यास गर्न<br>२. घट्ट, कोलको परिचय र प्रयोगको तरिका बताउन | १. परम्परागत प्रविधिको महत्व खोजी गर्न<br>२. स्थानीय सिप र प्रविधिको पहिचान गरी ती सिप र प्रविधिको उपयोग एवम् व्यवहारिक प्रयोग गर्न |

| | | | |
|---|---|---|---|
| ६ | आर्थिक क्रियाकलाप | १. समुदायमा गरिने मौरीपालनको पहिचान गर्न<br>२. स्थानीय स्तरमा गरिने तरकारी खेतीको परिचय दिन<br>३. चित्रकलाको महत्व बताउन<br>४. स्थानीय सहकारीको नाम भन्न | १. काष्ठकलाको परिचय दिन र महत्त्व बताउन<br>२. स्थानीय आयआर्जनमा मौरीपालनको महत्त्व बताउन<br>३. तरकारी खेतीको महत्व उल्लेख गर्न<br>४. स्थानीय सहकारीको काम र सेवा उल्लेख गर्न |
| ७ | स्थानीय प्राकृतिक सम्पदा, वनस्पती तथा जडीबुटी र पर्यावरण | १. स्थानीय वनस्पतिको उपयोगिता वर्णन गर्न<br>२. स्थानीय नदी, खोला, कुवाहरुको संरक्षणको महत्व उल्लेख गर्न र संरक्षण कार्यमा सहभागी हुन<br>३. स्थानीय जडीबुटीहरुको परिचय दिन | १. स्थानीय वनस्पतिहरुको महत्व र संरक्षणका उपायहरु बताउन<br>२. स्थानीय धारा, खोला, नदी ताल, झरनाको परिचय दिई तिनीहरुको पर्यावरणीय महत्त्व खोजी गर्न<br>३. स्थानीय जडीबुटी पहिचान गरी तिनको महत्त्व बताउन र उपयोग गर्न |
| ८ | विपद् व्यवस्थापन | १. स्थानीय विपद्का कारण उल्लेख गर्न र बच्ने उपायहरु अवलम्बन गर्न<br>२. सडक सुरक्षाका उपायहरु अवलम्बन गर्न | १. विपद व्यवस्थापन पूर्व तयारी अभ्यास गर्न र आवश्यक सामग्रीको जोहो गर्न<br>२. सडक दुर्घटना र ट्राफिक नियमको जानकारी लिई व्यावहारिक अभ्यास गर्न |

**विषयवस्तुको क्षेत्र र क्रम ( कक्षा ४–५)**

| | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १. आफ्नो नगरको नाम, स्थापना, क्षेत्रफल<br>२. सबभन्दा अग्ला र होचा ठाउँहरु<br>३. नगर भित्रका मुख्य खोला र नदी<br>४. वडा भित्रका मुख्य बस्ती तथा बजार<br>५. वडा कार्यालय रहेको स्थान<br>६. वडा अध्यक्षको नाम, सदस्य सङ्ख्या | १. नगरको क्षेत्रफल, सिमाना<br>२. पहाड, खोला, मुख्य भञ्ज्याङ, नदी<br>३. मुख्य बस्ती वा बजार<br>४. वडाको परिचय<br>५.नगर प्रमुख, उप प्रमुखको नाम<br>६.जिल्लाको स्थानीय तह सङ्ख्या<br>१. नगर भित्रका मुख्य धार्मिक स्थलका नाम<br>२. मुख्य डाँडा, देउराली, पाटी, पौवा, चुली, दरबार, कोट<br>३. धर्म, भेषभुषा, जातजाति (परिचय)<br>४.स्थानीय प्रेरणादायी व्यक्तिको (परिचय)<br>५. पर्यटकीय स्थलको परिचय, महत्त्व (ज्वालामुखी मन्दिर) |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | १. वडा भित्रका पाटी, पौवा, कुवा, पोखरी, डाँडा, कोट, दरबार, देउराली,<br>२. धार्मिक स्थल<br>३ .स्थानीय चाड (परिचय)<br>४. धर्म, भेषभूषा (परिचय)<br>५. नगर भित्र रहेका पर्यटकीय स्थलहरूको नाम | १. नगर भित्रका मुख्य धार्मिक स्थलका नाम<br>२. मुख्य डाँडा, देउराली, पाटी, पौवा, चुली, दरबार, कोट<br>३. धर्म, भेषभुषा, जातजाति (परिचय)<br>४. स्थानीय प्रेरणादायी व्यक्तिको (परिचय)<br>५. पर्यटकीय स्थलको परिचय, महत्त्व<br>– ज्वालामुखी मन्दिर |
| ३. स्थानीय सामाजिक सांस्कृतिक विविधता | १. जातिगत संस्कार, कुमाल, गुरुङ, | १. जातिगत संस्कार : खस, आर्य |
| ३.१. स्थानीय पर्व र परिकार | १. छिमेक र भोजभतेरमा बन्ने परिकार<br>२ विभिन्न पर्वमा बनाइने खाना खाने तरिका | १. जातीय परिकार (नेवार, गुरुङ, मगर, खस, आर्य, तामाङ, कुमाल) |

| | | |
|---|---|---|
| ३.२ स्थानीय नाच, गीत, धुन, कला, साहित्य | १. आफ्नो र फरक समुदायमा नाचिने नाच | १ सोरठी, टाकटुके, असारे गीत, लोक गीत |
| ३.३. स्थानीय बाजा, मेला, जात्रा | १. बाजाहरुको परिचय र प्रयोग (मादल, खैंजडी, डम्फु) | १.पञ्चैबाजा २. स्थानीय मेला पर्व<br>३. दाइँ गीत, रोपाईं गीत |
| ३.४.शैक्षिक अवस्था | १. नजिकको विद्यालयको नाम, रहेको स्थान र सेवा क्षेत्र | १. वडा भित्रका विद्यालयहरुको चिनारी |
| ३.५.सामाजिक नियम | १. समुदायका असल व्यक्तिहरुले गरेका प्रेरणादायी कार्यहरु | १. समुदायमा आफूले गर्न सक्ने असल कार्यहरु |
| ४. स्थानीय सडक र यातायात | १. धादिङबेंसी, तिप्लिङ सडक (दामन पाखिन मार्ग) | १. धादिङबेंसी, सुनौलाबजार फोस्रेटार सडक |
| ५. स्थानीय ज्ञान, सिप, प्रविधि | १. परम्परागत मापन प्रणालीको ज्ञान : मुरीको अवधारणा | १. परम्परागत प्रविधिको महत्त्व |
| ५.१ स्थानीय प्रविधि | १. घट्ट, कोलको परिचय र प्रयोग | १. कुचो, मुडा, दुना, टपरी, लिङ्गे पिङको परिचय र प्रयोग |
| ६. स्थानीय आर्थिक क्रियाकलाप (पेसा, व्यवसाय, उद्यम र कृषि) | १. स्थानीय तथा समुदायमा गरिने मौरीपालन, तरकारी खेती परिचय | १. काष्ठकलाको परिचय, महत्त्व<br>२. तरकारी खेतीको महत्व |
| ६.२ उद्यम र व्यवसाय | १. चित्रकला | १. काष्ठकलाका सामग्रीको प्रयोग संरक्षण र उपयोग |
| ६.३ वित्तीय साक्षरता | १. स्थानीय सहकारीको परिचय | १. स्थानीय सहकारीको काम कर्तव्य र सेवाहरू |
| ७. स्थानीय प्राकृतिक सम्पदा, स्थानीय वनस्पति तथा जडीबुटी र पर्यावरण | १. स्थानीय वनस्पतिको उपयोगिता<br>२. स्थानीय नदी, खोला, कुवाहरुको संरक्षण<br>३.३. स्थानीय जडीबुटीहरुको परिचय (गुर्जो ,बोजो, कुरिलो, दहीकमला, आकाशबेली, पत्थर चट्टा, आदि) | १. स्थानीय वनस्पतिहरुको संरक्षण र महत्त्व<br>२. स्थानीय धारा, खोला, नदी, ताल, झरनाको परिचय र पर्यावरणीय महत्त्व<br>३. स्थानीय जडीबुटीहरुको महत्व (निम, चिराइतो, रुदिलो, तेजपत्ता, घ्यूकुमारी) |
| ८. विपद् व्यवस्थापन | १.स्थानीय विपद्का कारण र बच्ने उपाय<br>२. सडक सुरक्षाका उपाय | १. विपद् व्यवस्थापन पूर्व तयारी र आवश्यक सामग्री<br>२. सडक दुर्घटना र ट्राफिक नियम |

**कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)**

| क्र. सं. | मुख्य विषयक्षेत्र | सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | नीलकण्ठ नगरको परिचय | १. नीलकण्ठ नगरको भौगोलिक अवस्था वर्णन गर्न<br>२. नीलकण्ठ नगरपालिका भित्र पर्ने मुख्य सहर, बस्तीको परिचय दिन<br>३. आफ्नो नगरपालकिाको नक्सा निर्माण गरी आफू बसेको वडा नक्सामा देखाउन<br>४.वडा समितिको परिचय र आफ्नो वडाले प्रदान गर्ने सेवाहरु खोजी गर्न<br>५.आफू बसोबास गरेको जिल्लाको सामान्य परिचय दिन | १. नीलकण्ठ नगरपालिकाको भूधरातल, भूबनोट, नदी र वडागत जनसाङ्ख्यिक अवस्था उल्लेख गर्न<br>२. नीलकण्ठ नगरपालिकाका प्रमुख सहर तथा बस्तीको परिचय दिन<br>३. नगरको नक्सा निर्माण गरी नक्सामा वडाहरु देखाउन<br>४ नगरपालिकामा रहेका साबिक गा.वि.स.वा नगरपालिकाको नाम खोजी गर्न<br>५. नगर सभा र नगर कार्यपालिकाको गठन प्रक्रिया र पदाधिकारीको नाम उल्लेख गर्न<br>६. नगरपालिकाको काम, कर्तव्य र प्रदान गर्ने सेवा उल्लेख गर्न<br>७. जिल्लाको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको पहिचान गरी त्यहाँ हुने मुख्य गतिविधिहरु खोजी गर्न | १. नगरको नामाकरण, भौगोलिक अवस्थिति, हावापानी र नगरको जनसाङ्ख्यिकी उल्लेख गर्न<br>२. नगर भित्रका नदी/खोलाहरुको परिचय दिई ती नदी/खोलाहरुको महत्त्व उल्लेख गर्न<br>३. नीलकण्ठ नगरपालिकाका प्रमुख सहर तथा बस्ती, जातजाति, भाषा र मुख्य चाडपर्वको परिचय दिन<br>४. नगरको नक्सा निर्माण गरी विभिन्न वडाहरु र सडक, धार्मिक स्थल, नदी समेत नक्सामा सङ्केतद्वारा देखाउन ।<br>५. नगरपालिका भित्रका, कार्यपालिका, न्यायिक समिति र व्यवस्थापिकाको गठन र प्रदान गर्ने सेवाहरु उल्लेख गर्न<br>६. नागरिक वडापत्रको फाइदा खोजी गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | | ८. नागरिक बडापत्रको परिचय दिई नगरपालिकामा भित्रका विभिन्न सरकारी कार्यालयमा रहेका नागरिक बडापत्र अवलोकन गरी यसको महत्त्व खोजी गर्न | ७. स्थानीय कानुनका मुख्य मुख्य प्रावधानसँग परिचित हुन् ।<br>८. स्थानीय तहको काम कर्तव्य र अधिकारको सूची तयार पार्न<br>९. जिल्लाको गौरवका आयोजना र स्थलहरुको परिचय दिन एवम् महत्त्व खोजी गर्न |
| २ | सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | १. नगरको धार्मिक, ऐतिहासिक स्थलको परिचय दिन<br>२. नगरपालिकाको पर्यटकीय क्षेत्रको रुपमा रहेका मुख्य चुली , भिर र डाँडाको परिचय र विशेषता बताउन<br>३. नगरपालिका क्षेत्रमा रहेका मुख्य जाति, धर्म, भेषभूषाको परिचय दिन<br>४. जिल्लाका साहित्यकार, खेलाडी, शैक्षिक व्यक्तित्वको पहिचान गरी योगदान उल्लेख गर्न<br>५. नीलकण्ठ नगरपालिका भित्र पर्ने पर्यटकीय स्थलको परिचय र महत्त्व उल्लेख गर्न | १. नगरभित्रका प्रमुख धार्मिक स्थलको परिचय र विशेषता बताउन एवम् त्यहाँ हुने धार्मिक गतिविधिको खोजी गर्न<br>२. मुख्य चुली, कोट, दरबार, गुफाको परिचय र महत्व खोजी गर्न<br>३. नगरपालिका क्षेत्रमा रहेका जाति, धर्म र पर्वको महत्व बोध गर्न<br>४. नगरपालिका भित्र रहेका पुरातात्विक स्थल र पौवाको सामान्य परिचय दिन र महत्त्व बताउन<br>५. जिल्लाका मुख्य ऐतिहासिक सम्पदाको खोजी गर्न<br>६. स्थानीय पर्यटकीय स्थलको परिचय दिई महत्त्व बताउन र संरक्षणका | १. नगरका प्रमुख धार्मिक, सांस्कृतिक स्थलको परिचय, विशेषता र सम्भावना उल्लेख गर्न<br>२. नगरका मुख्य मन्दिर, कोट, पाटी, पौवा पहिचान गरी विशेषता उल्लेख गर्न र सम्भावनाहरु खोजी गर्न<br>३. नगरपालिकामा रहेका मुख्य जाति, धर्म, पर्वको पहिचान र मौलिक विशेषता उल्लेख गर्न<br>४. स्थानीय धार्मिक गतिविधि र चाडपर्वमा सहभागिता जनाउन<br>५. जिल्लाको सामाजिक विविधता पहिचान गर्न<br>६. जिल्लाका प्रमुख, धार्मिक, सांस्कृतिक, भौगोलिक विशेषता र सम्भावनाको |

| | | | | |
|---|---|---|---|---|
| | | | उपायहरू अवलम्बन गर्न | खोजी गर्न<br>७. पर्यटन प्रवर्धनमा स्थानीय घरबास (होम स्टे) र भ्यूटावरको महत्त्व खोजी गर्न<br>८. स्थानीय पर्यटकीय सम्भावना र चुनौतीको विश्लेषण गर्न |
| ३ | स्थानीय सामाजिक सांस्कृतिक विशेषता | १. विभिन्न जातिगत संस्कारको पहिचान गरी संस्कारगत विविधताको सम्मान गर्न ।<br>२. स्थान र पर्व विशेषमा तयार पारिने परिकारको पहिचान र निर्माण अभ्यास गर्न ।<br>३. स्थानीय गीत सङ्गीतको खोजी गर्न र संरक्षण कार्यमा सहभागी हुन ।<br>४..स्थानीय शैक्षिक संस्थाले गर्ने गतिविधिहरूको खोजी गर्न | १. सामाजिक विविधताको सम्मान गर्न र विविधता बिच एकता कायम गर्न आवश्यक व्यावहारिक अभ्यास गर्न ।<br>२. ठाउँ र पर्व अनुसारका विशेष परिकारको तयारी गर्न ।<br>३. स्थानीय गीत सङ्गीतको खोजी गर्न र संरक्षण कार्यमा सहभागी हुन ।<br>४. नगरपालिकाको शैक्षिक अवस्था उल्लेख गर्न<br>५. स्थानीय गैरसरकारी संस्था र सेवामूलक संघसंस्थाको परिचय बताउन र सेवाहरु खोजी गर्न | १. नैतिकता, सदाचार, सामाजिक सद्भाव र सहिष्णुताका स्थानीय अभ्यासहरु खोजी गर्न<br>२. समाजमा हुने कुलतसँग परिचित भई कुलतबाट बच्ने उपायहरु अवलम्बन गर्न<br>३. स्थानीय परिकार तयारी र प्रदर्शन गर्न<br>४. स्थानीय नाच गीत र जात्राहरुमा सहभागी हुन ।<br>५. आफ्नो टोलको साक्षरताको अवस्था खोजी गर्न |
| ४ | स्थानीय विकासका पुर्वाधार | १. स्थानीय सडक र त्यसको आर्थिक सामाजिक महत्व उल्लेख गर्न | १. धादिङबेशी भ्याङभुरुङ सडकको महत्त्व उल्लेख गर्न | १. पृथ्वी राजमार्ग र कालुपाण्डे मार्गको अरु जिल्ला र राजधानीसँगको सम्पर्क मार्गको रुपमा भूमिका उल्लेख गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | २. स्थानीय स्तरको खानेपानी आयोजनाको पहिचान गर्न र मुहान संरक्षण कार्यमा सचेत रहन | २. स्थानीय स्वास्थ्य पूर्वाधारको अवस्थासँग परिचित भई गुणस्तरीय स्वास्थ सेवा प्राप्त गर्न | २. विकासको पूर्वाधारका रुपमा स्थानीय सिँचाइको अवस्था पहिचान गर्न र महत्त्व खोजी गर्न |
| ५ | स्थानीय ज्ञान सिप र प्रविधि | १. स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान गर्न र महत्व खोजी गर्न<br>२. पञ्चाङ्ग (पात्रो) को परिचय दिई यसको आवश्यकता अनुसार प्रयोग गर्न | १. स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोग र संरक्षण गर्न<br>२. पञ्चाङ्गको उपयोगिता बताउन र आवश्यकता अनुसार पञ्चाङ्ग हेर्ने सिप विकास गर्न<br>३. निवेदन, तमसुक लगायतका कागज लेखनको व्यावहारिक अभ्यास गर्न | १. स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोग र परिमार्जन र संरक्षण गर्न<br>२. पञ्चाङ्गको प्रयोग गरी विभिन्न साइत, तिथिमिति, लगन, नक्षत्र आदि अध्ययन गर्न |
| ६ | आर्थिक क्रियाकलाप | १. बागबानीको परिचय र महत्त्व बताउन<br>२. घरको करेसाबारीमा गरिने खेती वा कौसी खेतीको अवधारणा बताउन र अभ्यास गर्न<br>३. स्थानीय हस्तकलाको सामग्री निर्माणको अवस्था खोजी गर्न र अभ्यास गर्न<br>४. स्थानीय सहकारी तथा बैंकको महत्त्व उल्लेख गर्न | १. बागबानीको फाइदा बताउन<br>२. च्याउ र खुर्सानी खेतीको महत्त्व उल्लेख गर्न र तरिका बताउन<br>३. विद्यालयमा फूलबारी निर्माण गर्न<br>४. स्थानीय काष्ठ सामग्री निर्माण व्यवसाय वा उद्योगको महत्त्व उल्लेख गर्न<br>५. वित्तीय संस्थाको पहिचान गरी काम कर्तव्य बताउन | १. बागबानीको महत्त्व र उपयोगका तरिका बताउन<br>२. श्रमको सम्मान गर्न र श्रममा सहभागी हुन ।<br>३. केरा खेती र उखु खेतीको महत्त्व र उपयोगिता खोजी गर्न ।<br>४. स्थानीय सामग्रीबाट फूलदानी, कलमदानी आदि निर्माण गर्न<br>५. वित्तीय संस्थाको उपयोगिता र दिगो व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| ७ | स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | १. स्थानीय मौसम र हावापानीको परिचय दिन र विशेषता उल्लेख गर्न<br>२. जलवायु परिवर्तनको अवधारणा बताउन र कारणहरु खोजी गर्न<br>३. दिगो विकासको अवधारणा बताउन<br>४. स्थानीय जडीबुटीको उपयोगिता बताउन | १. स्थानीय हावापानी र वनस्पतिको प्रकार उल्लेख गर्न<br>२. जलवायु परिवर्तनका प्रभावहरुको खोजी गर्न<br>३. दिगो विकासका आवश्यकता तथा महत्त्व उल्लेख गर्न<br>४.स्थानीय जडीबुटीको खोजी र प्रयोग गर्न<br>५. स्थानीय वनको परिचय र महत्त्व बताउन एवम् यसको उपयोगिता खोजी गर्न | १. जलवायु परिवर्तका स्थानीय असरहरु पहिचान गर्न तथा क्षति न्यूनीकरणका उपायहरु खोजी र अवलम्बन गर्न<br>२. दिगो विकासका उपायहरुको खोजी गरी व्यावहारिक अभ्यास गर्न<br>३. फोहर व्यवस्थापनको अवधारणा र महत्त्व उल्लेख गर्न एवम् फोहर व्यवस्थापन कार्यमा सहभागी हुन ।<br>४ .स्थानीय जडीबुटी संरक्षणका उपायहरु अवलम्बन गर्न<br>५. वन संरक्षणका स्थानीय अभ्यासको खोजी गर्न |
| ८ | विपद् व्यवस्थापन | १. स्थानीय.विपद्बाट पर्ने प्रभावहरु पहिचान गरी विपद् व्यवस्थापनमा सहभागी हुन ।<br>२. विद्युत र ग्याँसजन्य विपद्को कारण पहिचान गरी न्यूनीकरणका उपायहरु अवलम्बन गर्न<br>३. भूकम्पको परिचय र कारण उल्लेख गर्न<br>४. विद्यालयमा सचेत रहनु पर्ने सुरक्षाका उपायहरु र सावधानी उल्लेख गर्न | १. घरायसी दुर्घटनाका कारणहरु खोजी गर्न<br>२. विद्युत र ग्याँसजन्य विपद् र सावधानीका उपायहरु अवलम्बन गर्न<br>३. पशुपन्छीमा हुने महामारी परिचय र प्रभाव बताउन<br>४. भूकम्पबाट पर्न सक्ने प्रभावहरुको खोजी र व्यवस्थापनका उपायहरु अवलम्बन गर्न | १. घरायसी दुर्घटनाबाट बच्ने उपायहरु अवलम्वन गर्न<br>२. विद्युत र ग्याँसजन्य विपद् रोकथाममा सामुदायिक सचेतना अभिवृद्धि गर्न<br>३. समुदायमा हुने महामारी कारण र बच्ने उपाय खोजी गर्न<br>४. भूकम्पबाट बच्ने उपायहरू अवलम( बन गर्न<br>५. विपद् व्यवस्थापनका नीतिगत र संस्थागत व्यवस्था उल्लेख गर्न |

**विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८)**

| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १. नगरको क्षेत्रफल, सिमाना, भूबनोट, जनसङ्ख्या, नदीहरु<br>२. नगरपालिकाका मुख्य सहर, बस्ती : धादिङबेंसी, सुनौलाबजार, टारीबेंसी, साँखु, धुवाँकोट, हिटी, खाल्टे, ज्यामिरे, मुरलीभञ्ज्याङ, ससाह, धुसेनी<br>३. नगरको नक्सा, सम्बन्धित वडा<br>४. वडा समितिको परिचय र प्रदान गर्ने सेवा<br>५. जिल्लाको सामान्य परिचय<br>क्षेत्रफल, सिमाना, जना, मुख्य नदी, ताल हिमाल | १. नगरको भूधरातल, भूबनोट, मुख्य नदी, वडागत जनसंख्या बितरण, आकार, बसाइको अवस्था<br>२. मुख्य नदी/खोला (आँखु, थोपल, आँसी, अरुण, पलाँखु, कोशी खोला)<br>३. सहर तथा बस्ती, जातजाति, धर्म, भाषा परिचय<br>४. नगरको नक्सा, (वडा विभाजन) साविक गा.वि.स.<br>५. नगर सभा र कार्यपालिकाको गठन प्रक्रिया, पदाधिकारी, काम, कर्तव्य<br>६. नगरपालिकाबाट प्रदान गरिने सेवा<br>७. जिल्लाको ऐतिहासिक तथा सांस्कृतिक सम्पदा (भैरवी, ज्वालामुखी, गंगाजमुना, ढोलामण्डली, त्रिपुरासुन्दरी, खनियावास, नृसिंहधाम, मैदीकोट)<br>८. नागरिक बडापत्रको परिचय | १. नगरको नामाकरण, भौगोलिक अवस्थिति, हावापानी, नगरको जनसाङ्ख्यिकी (अवस्था, बनोट)<br>२. नगर भित्रका खोलाहरु (आहुति खोला, हाँडी खोला, सुकौरा खोला, पाखी खोला, धौ खोला, खुर्पा खोला, अँधेरी खोला)<br>३. सहर तथा बस्तीको परिचय (मुख्य/मुख्य जात, भाषा, चाडपर्व)<br>४. नगरको नक्सा, वडा (क्षेत्रफल) नक्सा भर्ने<br>५. नगरपालिका भित्रका, कार्यपालिका, न्यायिक समिति र व्यवस्थापिकाको गठन काम कर्तव्य र अधिकार<br>६. नागरिक बडापत्रको फाइदा<br>७. स्थानीय कानुनका मुख्य मुख्य प्रावधान<br>८. स्थानीय तहको काम कर्तव्य र अधिकार<br>९. जिल्लाको गौरवका आयोजना र स्थान : बुढीगण्डकी जल विद्युत आयोजना, नौबिसे नागढुङ्गा सुरुङमार्ग, रुवीभ्याली |

| | | | |
|---|---|---|---|
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | १. नगरको धार्मिक, ऐतिहासिक स्थल<br>२. मुख्य भौगोलिक, चुली, भिर, डाँडा<br>३. जाति, धर्म, भेषभुषा (परिचय)<br>४. जिल्लाको साहित्यकार, खेलाडी, शैक्षिक व्यक्तित्व | १. नगरभित्रका प्रमुख धार्मिक स्थल (भैरवी, कालिका, पशुपति, नीलकण्ठेश्वर महादेव, शंखादेवी, भँगेरी भैरब, धुवाँकोट भैरवी, बाघ बच्छला र जलमुखी)<br>२. मुख्य चुली, कोट, दरबार र गुफा (चमेरे र गुप्तेश्वर गुफा, जुरेथुम, भैरवी, जुम्रे डाँडा, निगालपानी, पौवा, रामकोट, ज्यामरुङ दरबार (परिचय)<br>३. जाति, धर्म, पर्व<br>४. पुरातात्विक स्थल (रामकोट)<br>५. पौवाको सामान्य परिचय<br>६. जिल्लाका मुख्य ऐतिहासिक सम्पदा | १. नगरका प्रमुख धार्मिक, सांस्कृतिक स्थलको परिचय, नामकरण, विशेषता र सम्भावना<br>२. नगरका मुख्य मन्दिर, कोट, पाटी, पौवा चिनारी, विशेषता, सम्भावना<br>३. जाति, धर्म, पर्व चिनारी, मौलिक विशेषता<br>४. जिल्लाका प्रमुख, धार्मिक, सांस्कृतिक, भौगोलिक चिनारी, विशेषता, सम्भावना, सामाजिक विविधता |
| २.१ पर्यटन र धार्मिक स्थल | ५. नीलकण्ठ नगरपालिका भित्र पर्ने पर्यटकीय स्थलको परिचय र महत्त्व<br>क. जुम्रे डाँडा<br>ख. रानी पोखरी<br>ग. वि.पी. होमस्टे ।<br>घ चमेरे गुफा<br>ङ. हनुमान डाँडा | १. पर्यटकीय स्थलको परिचय, महत्त्व र संरक्षणका उपायहरु<br>– पात्ले चुली (पङ्बाचुली)<br>– बन्दै गरेका पर्यटकीय स्थलहरु | १. पर्यटकीय स्थल<br>२. होम स्टे (खाल्टे)<br>३. भ्यूटावर (जुरेथुम, निगालपानी)<br>४. पर्यटकीय सम्भावना र चुनौती |
| ३. स्थानीय सामाजिक सांस्कृतिक विविधता | १. जातिगत संस्कार, तामाङ, नेवार, मगर | १. सामाजिक विविधताको सम्मान र एकता | १. नैतिकता, सदाचार, सामाजिक सद्भाव र सहिष्णुता<br>२. कुलत, यसको प्रभाव र बच्ने उपायहरु |

| | | | |
|---|---|---|---|
| ३.१.स्थानीय पर्व र परिकार | १. ठाउँ र पर्व अनुसारका परिकारको तयारी (अचार, खिर, आदि) | १. ठाउँ र पर्व अनुसारका विशेष परिकारको तयारी (जातिगत परिकार, दिवाखाजा) | १. स्थानीय खाना निर्माण र प्रदर्शनी |
| ३.२ स्थानीय नाच, गीत, धुन, कला, साहित्य | १. खैँजडी भजन, लामानाच, मालश्री | १. मारुनी, तामाङसेलो, घोडेनाच | १. घाटु, लामा नाच, बालन गीत |
| ३.३ स्थानीय बाजा, मेला, जात्रा | १. धिमे बाजा, बेठी, सारङ्गी | १. नगरा बाजा | १. लाखे जात्रा |
| ३.४ शैक्षिक अवस्था | १. शैक्षिक संस्थाले गर्ने गतिविधिहरु | १. नगरपालिकाको शैक्षिक अवस्था<br>२. स्थानीय गैरसरकारी संस्था र सेवामूलक संघसंस्थाको परिचय र सेवाहरु | १. आफ्नो टोलको साक्षरताको अवस्था |
| ४. विकासको पूर्वाधार | १. धादिङबेंसी सल्यानटार सडक<br>२. नगर चक्रपथ<br>३. खानेपानी | १. धादिङबेंसी भऱ्याङभुरुङ सडक<br>२. विकासको पूर्वाधार : स्वास्थ्य | १. जिल्ला भित्रका अन्य महत्त्वपूर्ण सडक<br>– पृथ्वी राजमार्ग<br>– कालुपाण्डे मार्ग<br>२. सिँचाइ |
| ५. स्थानीय ज्ञान सिप प्रविधि | १. परम्परागत मापन प्रणालीको ज्ञान पञ्चाङ्गको परिचय, प्रयोग र संरक्षण . | १. पञ्चाङ्गको उपयोगिता<br>२ निवेदन, तमसुक लगायतका कागज लेखनको व्यवहारिक अभ्यास | १. पञ्चाङ्गको प्रयोग |
| ५.२ स्थानीय प्रविधि | १. डोको, डालो, थुन्से, चाल्नो, चर्खा नाम्लो, छत्री, घुम, धुनी, जाँते पिङ र हलो जुवा, लिँड्को, टाट्नो, दाँदे | १. राडी, पाखी, आरन, गुन्द्री, खोस्टाको चकटी, बाबियोको कुचो, पेरुङ्गो, झोलुङ्गो र रोटेपिङ, दाम्लो, टनेलको प्रयोग र संरक्षण | १. स्थानीय प्रविधि र आधुनिक प्रविधिको तुलना, खुर्पे ठ्याक, फुर्लुङ, ढकी र रोटेपिङको प्रयोग र संरक्षण |

| | | | |
|---|---|---|---|
| ६. स्थानीय आर्थिक क्रियाकलाप (पेसा, व्यवसाय, उद्यम र कृषि) | १. बागवानी (फलफूल) परिचय<br>२. तरकारी खेती (धनियाँ उत्पादन) | १. बागवानीको फाइदा<br>२. तरकारी खेती<br>– च्याउ – खुर्सानी<br>३. फूलबारी निर्माण | १. बागवानीको प्रयोग,<br>२. फलफूल खेती<br>– केराखेती, उखु, कागती<br>३. श्रमको सम्मान |
| ६.१ उद्यम र व्यवसाय | १. हस्तकला, कागज, माटो र ऊनबाट निर्मित सामग्री | १. काष्ठबाट सामग्री निर्माण | १. स्थानीय सामग्रीबाट फूलदानी र कलमदानी आदि निर्माण |
| ६.३ वित्तीय साक्षरता र सेवा प्रवाह | १. स्थानीय सहकारी तथा बैंकको महत्त्व | १. वित्तीय संस्थाको पहिचान र काम कर्तव्य | १. वित्तीय संस्थाको उपयोगिता र दिगो व्यवस्थापन |
| ७. स्थानीय प्राकृतिक सम्पदा, स्थानीय वनस्पति तथा जडीबुटी र पर्यावरण | १. स्थानीय मौसम र हावापानीको परिचय<br>२. जलवायु परिवर्तन र दिगो विकासको अवधारणा<br>३. स्थानीय जडीबुटीको उपयोगिता र महत्व (तुलसी, हलेदो, निम, बोझो, बाबरी, गुर्जो) | १. स्थानीय हावापानी र वनस्पतिको प्रकार<br>२. जलवायु परिवर्तनका कारणहरु र दिगो विकासका आवश्यकता तथा महत्त्व<br>३. स्थानीय जडीबुटीको खोजी र प्रयोग, महत्व र उपयोगिता<br>४. स्थानीय बन परिचय, महत्त्व र उपयोगिता | १. जलवायु परिवर्तनका असरहरु र क्षति न्यूनीकरणका उपायहरु<br>२. दिगो विकासका उपायहरू<br>३. फोहर व्यवस्थापन<br>३. स्थानीय जडीबुटीको संरक्षण र उपयोग<br>४. वन संरक्षणका स्थानीय अभ्यास |
| ८. विपद् व्यवस्थापन | १.विपद्बाट पर्ने प्रभावहरु<br>२.विद्युत र ग्याँस<br>३. भूकम्पको परिचय<br>४.विद्यालयमा सुरक्षा र सावधानी | १. घरायसी दुर्घटनाका कारणहरु<br>२. विद्युत र ग्याँस<br>३. पशुपन्छिमा हुने महामारी परिचय<br>४. भूकम्पबाट पर्न सक्ने प्रभावहरु | १. घरायसी दुर्घटनाबाट बच्ने उपायहरु<br>२. विद्युत र ग्याँस<br>३. महामारी कारण र बच्ने उपाय<br>४. भुकम्पबाट बच्ने उपायहरु (सावधानी र सुरक्षाका ३ चरणहरु)<br>५. विपद् व्यवस्थापनका नीतिगत र संस्थागत व्यवस्था |

# विषयवस्तु र तिनको विस्तृतीकरण

## कक्षा-१

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१. आफ्नो टोल<br>– नाम<br>– सामान्य परिचय | क) विद्यार्थीलाई आफ्नो टोलको नाम भन्न लगाउन होस् । नमिलेमा शिक्षकले बताइ दिनुहोस् ।<br>ख) विद्यार्थीको टोलको सामान्य परिचय दिनुहोस् । विद्यार्थीलाई पनि आफ्नो टोलको परिचय दिने अभ्यास गराउनुहोस् । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :<br>ख). आफ्नो टोलको नाम भन्नुहोस् । | २३ |
| | १.२. आफू बसेको वडाको नम्बर | क) आफू बसेको वडाको नम्बर बताउन लगाउनु होस् । नमिलेमा शिक्षकले बताइदिनुहोस् ।<br>ख) साथी साथी बिच परिचय गर्न लगाई आफ्नो नाम र वडा नं र गाउँ टोलको नाम भन्ने अभ्यास गराउनुहोस् । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) आफू बसेको वडाको नम्बर भन्नुहोस् । | |
| | १.३. आफ्नो गाउँ वा नगर र जिल्लाको नाम | क) आफ्नो गाउँ वा नगर र जिल्लाको नाम क्रमशः भन्न लगाउने, नमिलेमा शिक्षकले बताइदिने ।<br>ख) साथीहरुसँग परिचय गर्दा आफ्नो नाम, गाउँ नगर र जिल्लाको नाम भन्ने अभ्यास गराउने । नसकेमा शिक्षकले सहजीकरण गर्नुहोस् । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क). आफ्नो गाउँ वा नगर र जिल्लाको नाम बताउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१. घर नजिकका धार्मिक स्थल, चौतारा | क) घर नजिकका धार्मिकस्थल कहिले कोसँग गएको सोध्नुहोस् ।<br>ख) घर नजिकैको चौताराको नाम सोध्ने र सो चौतारामा मानिसहरु किन जान्छन् ?<br>ग) धार्मिक स्थल र चौतारा रहेको स्थानको नाम भन्न लगाउनुहोस् ।<br>घ) नजिकको धार्मिक स्थल र चौताराको भ्रमण गराउनुहोस् र कस्तो लाग्यो अनुभव सुनाउन लगाउनुहोस् । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) घर नजिकका धार्मिक स्थल, चौताराको नाम के हो ? र यो कहाँ रहेको छ ? भनी सोध्ने<br>ख) घर नजिक रहेको चौताराको चित्र कोर्नुहोस् । | २२ |
| | २.२. आफ्नो परिवारमा मनाउने मुख्य चाड | क. चाडबाड मनाएको चित्र वा भिडियो देखाउनुहोस् । ती चाडपर्वको नाम पहिचान गर्न लगाउनुहोस् ।<br>ख) आफ्नो परिवारमा मनाउने मुख्य चाडको नाम पालैपालो भन्न लगाउनुहोस् ।<br>ग) शिक्षकले विद्यार्थीको परिवारमा मनाइने चाडपर्वको नाम भन्न सहजीकरण गरिदिनुहोस् । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क). तपाईंको परिवारमा मनाउने मुख्य चाडको नाम भन्नुहोस् । | |
| | २.३ आफ्नो जाति र आफूले मान्ने धर्म | क) चित्रमा स्थानीयले अपनाएको धार्मिक गतिविधि देखाई कुन धर्मसँग सम्बन्धित छ, पहिचान गर्न लगाउनुहोस् ।<br>ख) आफ्नो जाति र आफूले मान्ने धर्मको नाम भन्न लगाउने । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंले मान्ने धर्मको नाम लेख्नुहोस् । | |
| | २.४. आफ्नो घर वरपरका रमाइला ठाउँहरुको नाम | क) विद्यार्थीलाई विद्यालय वरपरका रमाइला ठाउँहरु घुमाउनुहोस् । | निम्नानुसारको प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | भन्न र घुमेको अनुभव आ( दान प्रदान गर्न | ख) सो ठाउँको  नाम भन्न लगाउनुहोस् ।<br>ग) आफ्नो घर वरपरका रमाइला ठाउँहरुको नाम भन्न लगाउनुहोस् ।<br>घ) रमाइलो ठाउँ घुम्दाको अनुभव आदान प्रदान गर्न लगाउनुहोस् । | क) आफ्नो घर वरपरका रमाइला ठाउँहरुको नाम भन्नुहोस् । | |
| ३. स्थानीय सामाजिक विविधता | ३.१. आफ्नो परिवारको सदस्यको नाता, नाम थर र लिङ्ग | क) आफ्नो परिवारको सदस्यको नाता, नाम थर र लिङ्ग बताउन लगाउनुहोस् ।<br>ख) प्रश्न बल मार्फत परिवारको सदस्यको नाता, नामथर भन्ने अभ्यास गराउनुहोस् । | क) आफ्नो परिवारको सदस्यको नाता, नाम थर , र लिङ्ग बताउन लगाउने | २२ |
| | ३.२. आफ्नो घरमा मनाइने स्थानीय पर्व र खाइने खानेकुरा | क) आफ्नो घरमा मनाइने स्थानीय पर्वको नाम चित्र हेरेर भन्न लगाउने र उक्त पर्वमा  खाइने खानेकुरा भन्न लागाई चित्र कै सहायताले पुष्टि गरिदिने<br>ख) स्थानीय पर्व मनाउँदाको अनुभव र परिकारको स्वाद सम्बन्धमा अनुभव आदानप्रदान गर्न लगाउनुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो घरमा मनाइने स्थानीय पर्वको नाम भन्नुहोस् ।<br>ख) स्थानीय पर्वमा खाइने खानेकुराको नाम भन्नुहोस् । | |
| | ३.३. स्थानीय झ्याउरे गीत | क) मोबाइलबाट स्थानीय झ्याउरे गीत बजाई आफूसँगै गाउन लगाउनुहोस् । | क) समूहमा स्थानीय झ्याउरे गीत गाउन लगाई मूल्याङ्कन गर्नुहोस् । | |
| | ३.४..आफ्नो विद्यालयको नाम र ठेगाना बताउन | क) आफ्नो विद्यालयको नाम र ठेगाना भन्न सिकाउने<br>ख) जोडी जोडीमा आफ्नो विद्यालयको नाम र ठेगाना बताउने अभ्यास गर्न लगाउने | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) आफ्नो विद्यालयको नाम र ठेगाना भन्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.५.घरमा गर्न हुने र गर्न नहुने काम भन्न र व्यावहारिक अभ्यास गर्न | क) घरमा गर्न हुने र गर्न नहुने काम गीतका माध्यमबाट सिकाउने<br>ख) घरमा गर्न हुने र गर्न नहुने कामको सम्बन्धमा भूमिका अभिनय गर्न लगाउनुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) घरमा गर्न हुने र गर्न नहुने कामको सूची तयार पार्नुहोस् । | |
| ४. स्थानीय ज्ञान, सिप र प्रविधि | ४.१.हात, बित्ताको अवधारणा | क) हात र बित्ताको प्रयोग गरी मापन गरेर देखाउनुहोस् ।<br>ख) विद्यार्थीहरुलाई पनि डोरीको प्रयोग गरी हात र बित्ताको मापन गर्न लगाउनुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) हात र बित्ताको व्यावहारिक अभ्यास गराई अवलोकन गर्ने । | २५ |
| | ४.२.घरमा प्रयोग गरिने स्थानीय प्रविधि | क) तपाईंको घरमा कुन कुन प्रविधिको प्रयोग हुन्छ भनी प्रश्न गर्नुहोस् र उनीहरुको जवाफलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् ।<br>ख) घरमा प्रयोग गरिने स्थानीय प्रविधिको प्रत्यक्ष अवलोकन गराउनुहोस्  र तिनको नाम सिकाउनुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) घरमा प्रयोग गरिने स्थानीय प्रविधिको नाम भन्नुहोस् । | |
| ५. स्थानीय आर्थिक क्रियाकलाप | ५.१. घर परिवारमा गरिने काम र पेसा | क) घर परिवारमा बाबा आमाले गर्ने काम भन्न लगाउनुहोस् ।<br>ख) बाआमाले गर्ने काममा आफूले सक्दो सहयोग गर्न अभिप्रेरित गर्नुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) आफ्नो अभिभावकले गर्ने पेसाको नाम भन्नुहोस् । | २५ |
| | ५.२. स्थानीय व्यवसायको नाम | क) स्थानीय व्यवसायको चित्र, भिडियो आदि प्रदर्शन गरी व्यवसाय पहिचान गर्न लगाउनुहोस् ।<br>ख) स्थानीय व्यवसायको अवलोकन गराई  नाम भन्न लगाउनुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) स्थानीय व्यवसायको नाम भन्न लगाउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ५.३..खुत्रुकेमा बचत | क) खुत्रुके देखाई यसका बारेमा आफूसँग भएको अनुभव साटासाट गर्न लगाउने<br>ख) आफूसँग भएको पैसा खुत्रुकेमा बचत गर्न लगाउने | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) खुत्रुकेमा पैसा बचत गर्दा हुने फाइदा भन्नुहोस् । | |
| ६. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ६.१. घर वरपर रहेका वनस्पति र जडीबुटी | क) घर वरपर रहेका वनस्पति र जडीबुटीको चित्र वा भिडियो देखाउनुहोस् र पहिचान गर्न लगाउनुहोस् र तिनका नाम बताइदिनुहोस् ।<br>ख) जडीबुटीहरु विभिन्न रोग लाग्दा वा बिरामी हुँदा औषधीको रुपमा प्रयोग गर्न सकिने कुरा छलफल गराउनुहोस् । | निम्न प्रश्न सोधी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) घर वरपर रहेका वनस्पतिका नाम भन्नुहोस् । | २२ |
| | ६.२. आ–आफ्नो गाँउ, टोल नजिक रहेका कुवा र खोलाहरू | क. आ–आफ्नो गाउँ टोल नजिक रहेका कुवा र खोलाहरूको अवलोकन गर्न लैजाने र कुवा र खोलाको बिचको फरक भन्न लगाउने । | क) आ–आफ्नो गाउँ टोल नजिक रहेका खोलाको अवलोकन गर्दा देखेको अनुभव सुनाउन लगाई मूल्याङ्कन गर्नुहोस् । | |
| ७. प्रकोपबाट बचौं | ७.१. स्थानीय प्रकोपहरु | क) स्थानीय प्रकोपको चित्रबाट नाम भन्न सिकाउन<br>ख) प्रकोपबाट सुरक्षित रहन सचेत रहनुपर्ने कुराहरु बताउने | क) स्थानीय प्रकोपको नाम भन्नुहोस् । | २३ |

**कक्षा २**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१. आफ्नो घर नजिकैको अर्को बस्ती<br>– बस्तीको नाम<br>– सामान्य परिचय | क) विद्यार्थीहरुलाई उनीहरुको घर रहेको ठाउँको नाम पालैपालो सोध्ने र भनेका कुरा सिकाइ पाटीमा टिप्दै जाने<br>ख) उनीहरुको घर नजिकै अरु कुनै गाउँ वा बस्ती रहे नरहेको सोध्ने र बस्तीको नाम भन्न लगाउने<br>ग) उनीहरुले भनेको बस्तीको नाम सिकाइ पाटीमा टिप्दै जाने ।<br>घ) ती बस्तीको सम्बन्धमा विद्यार्थीले थाहा पाएका कुरा भन्न लगाउने<br>ङ) नजिकैको साथीले भनेको बस्तीको बारेमा थाहा भए नभएको केही विद्यार्थीलाई सोध्ने<br>च) विद्यार्थीलाई भित्री र बाहिरी खेल खेलाउने, भित्रको समूह घुम्न पाउँदैन, बाहिरी समूह शिक्षकले घुम्न आदेश दिनासाथ घुम्ने र रोकिन भन्नासाथ रोकिने अब रोकिँदा जुन साथी आफ्नो सामुन्ने पर्छन् , ती दुवैलाई आफ्नो घर रहेको स्थान, घर नजिकै रहेको अर्को गाउँको नाम भन्न लगाउनुहोस् । | क) विद्यार्थीलाई आफ्नो घर रहेको ठाउँको नाम भन्न लगाउनुहोस् ।<br>ख) आफ्नो घर नजिकै भएको बस्तीको नाम भन्नुहोस् ।<br>ग. भित्री बाहिरी खेल खेल्दा उनीहरुको व्यवहारको अवलोकन गरी निम्नानुसार मूल्याङ्कन गर्नुहोस् :<br>– रमाइलो माने/नमानेको<br>– साथीसँग खुलेर बोले/नबोलेको<br>– आफ्नो जिम्मेवारी पूरा गरे/नगरेको | २० |

| | | | | |
|---|---|---|---|---|
| | १.२. आफू बसेको ठाउँको वडा नं | क) शिक्षकले पहिला आफू बसेको ठाउँको नाम भन्ने, त्यसपछि सो ठाउँ कुन गाउँ वा नगरपालिकाको कुन वडामा पर्छ ? बताउने ।<br>ख) विद्यार्थीलाई आफ्नो गाउँको नाम भन्न लगाउने र सो गाउँ कुन वडामा पर्छ भन्न लगाउने ।<br>जस्तै मेरो गाउँको नाम खाल्टे हो । यो नीलकण्ठ नगरपालिकाको वडा नं ५ मा पर्छ ।<br>ग) विद्यार्थीलाई जोडी जोडीमा बस्न लगाउने र उनीहरुलाई आफ्नो जोडी साथीको घर कुन ठाउँमा पर्छ र सो ठाउँ गाउँ वा नगरपालिकाको कति नम्बर वडामा पर्छ ? सोध्न लगाई कक्षामा भन्न लगाउने । | क) विद्यार्थीलाई आफू बसेको वडाको नाम भन्न लगाउनुहोस् ।<br>ख) जोडी जोडीमा रही आफ्नो घर रहेको स्थान र वडा नम्बर बताउन सके नसकेको अवलोकन गरी सो को आधारमा मूल्याङ्कन गर्नुहोस् । | |
| | १.३. छिमेकी वडाका आफ्नो वडासँग जोडिएका प्रमुख गाउँहरुको नामको सूची बनाउन | क) विद्यार्थीलाई आफ्नो वडाको नाम भन्न लगाउने जस्तै मेरो नाम अङ्कुर हो । म धादिङको ज्वालामुखी गाउँपालिकाको वडा नं २ मा बस्छु । मेरो वडासँग जोडिएका प्रमुख गाउँहरुमा खरी, मैदी, चैनपुर, आदि हुन् ।<br>ख) विद्यार्थीलाई आफ्नो वडासँग जोडिएका वडा र प्रमुख गाउँहरुको सूची तयार पार्न लगाउनुहोस् । सम्भव भए ती गाउँको चित्र वा फोटो सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | क) तपाईं बसेको वडा नीलकण्ठ नगरपालिकाको कति नम्बर वडामा पर्छ ?<br>ख) तपाईंको वडाको नजिक पर्ने वडाहरु कुन कुन हुन् ?<br>ग) तपाईंको वडाको नजिक छिमेकी वडामा पर्ने गाउँहरुको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१.घर नजिक रहेका<br>– धार्मिक स्थानको नाम<br>– चौताराको नाम<br>– डाँडाको नाम | क) विद्यार्थीहरूलाई आफ्नो घर नजिक कुन मन्दिर, गुम्बा वा चर्च पर्छ ? भनी सोध्नुहोस् ।<br>ख) विद्यालय नजिकै रहेका धार्मिक स्थलको चित्र प्रदर्शन गरी ती धार्मिक स्थल पहिचान गर्न लगाउनुहोस् ।<br>ग) विद्यालय नजिक रहेका धार्मिक स्थलको भ्रमण गराई त्यो धार्मिक स्थलको सम्बन्धमा स्थानीय व्यक्तिलाई सोधेर जानकारी सङ्कलन गर्न लगाउनुहोस् ।<br>घ) जोडी जोडीमा छलफल गर्न लगाई उनीहरुको घर नजिक रहेका अग्ला डाँडाहरुको सम्बन्धमा साथीलाई सुनाउने मौका दिनुहोस् ।<br>ङ) नजिकका अग्ला डाँडामा हाइकिङमा लैजानुहोस्, हाइकिङ गर्दाको अनुभव कक्षामा सुनाउन लगाउनुहोस् । | १. आफ्नो घर नजिक रहेका धार्मिक स्थलको नाम भन्न लगाउनुहोस् ।<br>२. विद्यार्थीले हाइकिङ गर्दाको अनुभव वर्णनको आधारमा उनीहरुको सिकाइ, मूल्य, सामाजिकीकरण आदि पक्षको मूल्याङ्कन गर्नुहोस् ।<br>३. आफ्नो घर नजिक भएको अग्लो डाँडाको नाम भन्न लगाउनुहोस् । | २५ |
| | २.२ आफ्नो गाउँ टोल र समुदायमा मनाउने चाडपर्व<br>– नाम<br>– सहभागिता | क) आफ्नो गाउँ टोल र समुदायमा मनाउने चाडपर्वको चित्र प्रदर्शन गरी छलफल गराउने<br>ख) विद्यार्थीलाई आफ्ना मनाइने मुख्य मुख्य चाडपर्वको नाम भन्न लगाउने<br>ग) विभिन्न चाडपर्व मनाएको अभिनय गर्न लगाउने<br>आफ्नो गाउँ टोल र समुदायमा मनाउने चाडपर्वमा सहभागी हुन अभिप्रेरित गर्ने । | १. विद्यार्थीहरुलाई उनीहरुको गाउँ टोल र समुदायमा मनाइने चाडपर्वको नाम लेख्न लगाउनुहोस् ।<br>२. विद्यार्थीहरुको चाडपर्वमा सहभागीको अवस्था उनीहरुलाई, अभिभावकलाई सोधेर मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | २.३.घर वरपर/गाउँ टोलमा रहेका जात, धर्म | क) आफ्नो परिवारका सदस्यले मान्ने धर्म कुन हो ? आफ्नो परिवार कुन जातसँग सम्बद्ध छ ? आदि प्रश्न गर्नुहोस् ।<br>ख) विद्यार्थीलाई आफ्नो गाउँ टोलमा कुन– कुन जातिका मानिसहरु बसोबास गर्छन् ? प्रश्न सोधी सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) विद्यार्थीलाई आफ्नो गाउँ टोलका मानिसले मान्ने धर्मको नाम भन्न लगाई छलफल गर्नुहोस् ।<br>घ) समाजमा बस्ने जुनसुकै जाति र धर्मका मानिसलाई पनि हामीले सम्मान गर्नुपर्ने, इज्जत गर्नुपर्ने कुरा बुझाइदिनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– तपाईंको गाउँ टोलमा कुन कुन जातिका मानिसहरु बसोबास गर्छन् ? नाम लेख्नुहोस् ।<br>– तपाईं बसेको बस्ती वरपर कुन कुन धर्म मान्ने मानिसहरु बसोबास गर्छन् ? | |
| | २.४.अभिभावकसँग घुमफिर गरेका रमाइला ठाउँ<br>– नाम<br>– अनुभव वर्णन | क) विद्यार्थीहरु अभिभावकसँग घुमघाम गर्ने गरेका छन् कि छैन ? घुम्ने गरेको भए कहाँ कहाँ घुम्ने गरेका छन् ? भनी प्रश्न गर्नुहोस् ।<br>ख) यसरी घुमेका ठाउँ मध्ये आफूलाई रमाइला लागेका ठाउँहरुको नाम पालैपालो भन्न लगाउनुहोस् ।<br>ग) स्थानीय स्तरका रमाइला ठाउँको चित्र वा फोटो प्रस्तुत गरी ती ठाउँको पहिचान गर्न लगाउनुहोस् ।<br>घ) रमाइला ठाउँ घुमफिर गर्दाको अनुभव पालैपालो बताउन लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– अभिभावकसँग तपाईं घुमेको रमाइला ठाउँको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ३. स्थानीय सामाजिक सांस्कृतिक विविधता | ३.१ छिमेकीको नाम, नाता र थर बताउन | क) विद्यार्थीलाई आफ्नो घर नजिक बस्नेलाई के भनिन्छ ? भनी प्रश्न गर्नुहोस् ।<br>ख) आफ्ना छिमेकीलाई के नाता लगाएर बोलाउने गर्नुभएको छ ? भनी सोध्ने ।<br>ग.) छिमेकीको नाम र थर थाहा भए नाम लेख्न समेत लगाउनुहोस् । थाहा नभए सोधेर आउन भन्नुहोस् र भोलिपल्ट कक्षामा भन्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– तपाईंको कुनै २ जना छिमेकीको नाम भन्नुहोस् ।<br>– तपाईं आफ्नो छिमेकीलाई कुन कुन नाता लगाएर बोलाउनुहुन्छ ? | ४५ |
| | ३.२ स्थानीय पर्वका नाम बताउन | क) विद्यार्थीलाई आफ्नो गाउँ ठाउँमा कुन कुन पर्व मनाइन्छ ? भन्न लगाउनुहोस् ।<br>ख) तपाईं कुन कुन पर्वमा सहभागी हुनु भएको छ भनी प्रश्न सोध्नुहोस् र पालैपालो भन्न लगाउनुहोस् ।<br>ग) तपाईं बसेको समुदायमा कुन कुन चाडहरु मनाइन्छन् ? भनी प्रश्न गरी सूची तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– कुनै २ स्थानीय पर्वको नाम भन्नुहोस् । | |
| | ३.३. आफ्नो समुदायमा स्थानीय पर्वमा खाइने खानेकुराको सूची बनाउन | क) विद्यार्थीहरुलाई स्थानीय पर्वमा घरमा खाइने खानेकुराको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) स्थानीय पर्वमा खानेकुराको चित्र वा भिडियो प्रदर्शन गरी खानेकुरा पहिचान गर्न लगाउनुहोस् ।<br>ग) चित्र वा भिडियोमा देखाइएका कुन कुन खानेकुरा तपाईंहरुले खानुभएको छ भनी प्रश्न गर्नुहोस् र छलफल गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– स्थानीय पर्वमा कुन कुन खानेकुरा खाइन्छ ?<br>– तपाईं स्थानीय पर्वमा कुन खानेकुरा खान मन पराउनुहुन्छ ? किन ? | |

| | | | | |
|---|---|---|---|---|
| | ३.४. झ्याउरे गीत गाउन र नाच्न | क) कस कसलाई झ्याउरे गाउन आउँछ भनी सोध्नुहोस्, गाउन आउनेलाई पालैपालो कक्षामा झ्याउरे गीत गाउन लगाउनुहोस् ।<br>ख) कुनै एक झ्याउरे गीत गाएर सुनाउनुहोस्, विद्यार्थीलाई पनि सँगसँगै गाउन लगाउनुहोस् । केही विद्यार्थीलाई झ्याउरे गीतको तालमा नाच्न पनि लगाउनुहोस् ।<br>ग) उनीहरुलाई घर गाउँमा गाइने झ्याउरे गीत अभिभावकसँग गाउन सिकेर कक्षामा गाउन लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– झ्याउरे गीतको चार लाइन गाएर सुनाउनुहोस् ।<br>– विद्यार्थीले झ्याउरे गीत गाएको, उसको रुचीको अवस्था आदि पहिचान गरी उसलाई पृष्ठपोषण प्रदान गर्नुहोस् । | |
| | ३.५.लोरी गाउने अभ्यास गर्न | क) विद्यार्थीहरु कस कसले लोरीको बारेमा सुनेको छ भनी प्रश्न गर्नुहोस् ।<br>ख) त्यसपछि लोरी गाउन आउनेलाई पालैपालो कक्षामा लोरी गाउन लगाउनुहोस् ।<br>ग) शिक्षकले पनि कुनै एक लोरी गाएर सुनाउनुहोस्, विद्यार्थीलाई पनि सँगसँगै गाउन लगाउनुहोस् ।<br>घ) उनीहरुलाई घर गाउँमा कुन कुन समयमा लोरी गीत गाउने प्रचलन छ भनी सोध्नुहोस्, उनीहरुको जवाफलाई समेटी शिक्षकले लोरी गीत र यो गाउने समयको सम्बन्धमा जानकारी गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– लोरी किन गाइन्छ ?<br>– कुनै दुई लाइन लोरी गाएर साथीलाई सुनाउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.६. स्थानीय बाजाहरु<br>– पहिचान<br>– सूची तयार | क) विद्यार्थीलाई घरमा बजाउने कुनै एक बाजाको नाम भन्न लगाउनुहोस् । त्यो बाजा कुन अवसर वा पर्व विशेषमा बजाइन्छ भनी छलफल गर्नुहोस्<br>ख) आफ्नो गाउँघरमा जात्रा, पर्व, विशेष अवसरमा बजाइने बाजाको सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) सम्भव भए कतिपय बाजा बजाउने अवसर समेत प्रदान पनि गर्नुहोस् ।<br>घ) समुदायमा हुने जात्रा, मेला, विवाह, व्रतबन्धमा विद्यार्थीहरुलाई लगी त्यहाँ बजाइने बाजा सम्बन्धमा सोधखोज गरी जानकारी सङ्कलन गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>कुनै तीन वटा स्थानीय बाजाको नाम लेख्नुहोस् । | |
| | ३.७.आफ्नो विद्यालय<br>– नाम<br>– सामान्य परिचय | क) विद्यार्थीलाई आफ्नो विद्यालयको नाम, विद्यालयको ठेगाना आदि भन्ने अभ्यास गराउनुहोस् ।<br>ख) विद्यालयको नाम र ठेगाना शुद्धसँग लेख्ने अभ्यास गराउनुहोस् ।<br>ग) विद्यालयको प्र.अ.को नाम, सञ्चालित कक्षा सम्बन्धमा पनि प्र.अ.सँग सोधपुछ गरी जानकारी सङ्कलन गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– आफू पढ्ने विद्यालयको नाम र ठेगाना लेख्नुहोस् ।<br>– तपाईंको विद्यालयका प्र.अ.को नाम लेख्नुहोस् । | |
| | ३..८.आफ्नो कक्षाका साथीहरुसँग गर्न हुने र गर्न नहुने व्यवहारहरु | क) विद्यार्थीलाई तपाईंलाई साथीहरुले के के गरेको मन पर्छ ? के के गरेको चाहिँ मन पर्दैन भनी सोध्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो साथीसँग गर्न हुने कुनै २ वटा व्यवहार लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | – पहिचान<br>– अभ्यास | ख) आफूलाई साथीले गरेको मनपर्ने व्यवहारको सूची तयार पार्न लगाउनुहोस् । त्यस्तै आफूलाई मन नपर्ने व्यवहारको पनि सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) आफूले साथीलाई गर्दा वा आफूलाई साथीले गर्दा राम्रो लाग्ने व्यवहारको अभ्यास गर्न अभिप्रेरित गर्नुहोस् । | ख) आफ्नो साथीसँग गर्न नहुने कुनै २ वटा व्यवहार उल्लेख गर्नुहोस् । | |
| ४. स्थानीय ज्ञान, सिप र प्रविधि | ४.१. अङ्गुल कुरेत जस्ता परम्परागत ज्ञानको अवधारणा | क) परम्परागत मापन प्रणालीमा पर्ने अङ्गुल, कुरेत आदिको बारेमा कसलाई थाहा छ ? थाहा छ भन्नेलाई यसको बारेमा भन्न लगाउनुहोस् ।<br>ख) अङ्गुल र कुरेतबाट मापन कसरी गरिन्छ भनी प्रयोग गरी देखाउनुहोस् ।<br>ग) विद्यार्थीलाई पनि अङ्गुल र कुरेतको प्रयोग गरी मापन गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– अङ्गुल भनेको के हो ?<br>– तपाईंको नेपाली किताबको लम्बाई कति कुरेत छ ? नाप्नुहोस् । | १४ |
| | ४.२. घरमा प्रयोग गरिने स्थानीय प्रविधिको जाँतो, लोरो, सिलौटो, ठेकी /घ्याँसी मदानी धुपौरो, परिचय र प्रयोग | क) विभिन्न स्थानीय प्रविधिहरु जस्तै जाँतो, सिलौटो, लोरो, ठेकी, मदानी, धुपौरोको चित्र वा भिडियो प्रदर्शन गरी ती प्रविधि पहिचान गर्न लगाउनुहोस् ।<br>ख) स्थानीय प्रविधि उपलब्ध हुने स्थान वा समुदायमा गई ती साधन र प्रविधिको प्रत्यक्ष अवलोकन गर्न लगाई सामान्य परिचय दिनुहोस् र प्रविधिको प्रयोगको अभ्यास गराउनुहोस् ।<br>ग) प्रविधिसँग सम्बन्धित चित्रहरु र त्यसको विवरण समेटी एल्बम तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय प्रविधिको परिचय दिनुहोस् ।<br>ख) तपाईंको घरमा प्रयोग हुने कुनै ३ वटा स्थानीय प्रविधिको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ५. स्थानीय आर्थिक क्रियाकलाप (पेसा, व्यवसाय र उद्यम र पेसा) | ५.१. छिमेकीको पेसा, काम र सम्मान | क) आफ्नो छिमेकीको नाम र पेसा सम्बन्धमा विद्यार्थीलाई पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) ती कामको महत्त्व सम्बन्धमा पनि छलफल गराउनुहोस् ।<br>ग) पेसाको सम्मान गर्नुपर्छ भनी अभिप्रेरित गर्नुहोस् । आफ्नो छिमेकीको पेसालाई कसरी सम्मान गर्ने गरिएको छ ? प्रश्न गरी छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– तपाईंको कुनै २ जना छिमेकीको नाम भन्नुहोस् । | २० |
| | ५.२. स्थानीय व्यवसाय र उद्यम<br>– नाम<br>– अवलोकन | क) विद्यार्थीलाई उनीहरुको घरमा गरिने कामको सम्बन्धमा प्रश्नोत्तर गर्नुहोस् ।<br>ख) स्थानीय समुदायमा सञ्चालित विभिन्न व्यवसाय वा उद्यमको नाम भन्न लगाउनुहोस् ।<br>ग) स्थानीय समुदायमा सञ्चालित विभिन्न व्यवसाय वा उद्यमको अवलोकन गर्न लगाई देखेका कुरा टिपोट गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय व्यवसाय र उद्यमको नाम बताउनुहोस् । | |
| | ५.३ बचत<br>– आवश्यकता<br>– सदुपयोग | क) विद्यार्थीलाई बचत गर्ने गरेको छ कि छैन भनेर प्रश्न गर्नुहोस् ।<br>ख) उनीहरुले बचत गरेको पैसा के मा राख्ने गरेको छ ? सोध्नुहोस् र बचतको आवश्यकता सम्बन्धमा प्रष्ट पार्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>बचतलाई कसरी सदुपयोग गर्न सकिन्छ ?<br>तपाईं बचतको सदुपयोग कसरी गर्नुहुन्छ ?<br>– बजारमा भएका मिठा मिठा वस्तु किनेर<br>– खुत्रुकेमा जम्मा गरेर<br>– आमालाई राख्न दिएर | |

| | | | | |
|---|---|---|---|---|
| ६. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ६.१. स्थानीय वनस्पतिहरुको नाम | क) विद्यार्थीहरुलाई घर वरपर पाइने वनस्पतिको नाम भन्न लगाउनुहोस् ।<br>ख) ती वनस्पतिका चित्र, फोटो, भिडियो आदि प्रदर्शन गरी पहिचान गर्न र नाम भन्न लगाउनुहोस् ।<br>ग) वनस्पतिका पात, फूल, फल आदि प्रदर्शन गरी वनस्पति पहिचान गर्न लगाउनुहोस् । | – निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– तपाईंको घर वरपर पाइने कुनै तीन वटा वनस्पतिको नाम लेख्नुहोस् ।<br>– आफूलाई मनपर्ने कुनै एक वनस्पतिको चित्र बनाउनुहोस् । | २१ |
| | ६.२.स्थानीय धारा, कुवा, खोला तथा नदीहरुको सामान्य परिचय (आ–आफ्नो समुदाय भित्र रहेका कुवा, नदी र खोलाहरु) | क) विद्यार्थीहरुलाई आफ्नो घर वरपर रहेका कुवा खोला वा नदीको नाम भन्न लगाउनुहोस् ।<br>ख) विभिन्न चित्रहरु देखाउँदै ती नदी कुवा आदिको पहिचान गर्न लगाउनुहोस् ।<br>ग) ती कुवा, खोला वा नदीको छोटो परिचय पनि दिन लगाउनुहोस् ।<br>घ) ती कुवा खोला नदीहरु फोहर गर्न नहुने कुरा पनि बताइदिनुहोस् । | – निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– आफ्नो घर नजिकको खोलाको नाम बताउनुहोस् ।<br>– तपाईंको गाउँ वा टोलको धारामा पानी कहाँबाट आउँछ ?<br>– हामीले धारा कुवा सफा राख्नुपर्छ । किन ? | |
| | ६.३. स्थानीय जडीबुटीहरु पहिचान<br>– अमला<br>– तुलसी | क) आफ्नो घर वरपर पाइने विभिन्न जडिबुटीको नाम भन्न लगाउनुहोस् ।<br>ख) ती जडीबुटीको प्रयोग के के मा गर्ने गरिएको छ ? सोध्नुहोस्<br>ग) विद्यार्थीलाई अमला र तुलसीको चित्र, फोटो वा भिडियो देखाई तिनको महत्व सम्बन्धमा छलफल गराउनुहोस् । | – निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– अमलाको स्वाद कस्तो हुन्छ ?<br>– तुलसी के हुँदा प्रयोग गरिन्छ ? | |

| | | | | |
|---|---|---|---|---|
| ७. विपद् व्यवस्थापन परिचय | ७.१. स्थानीय विपद् : आगलागी र चट्याङ | क) विद्यार्थीहरुलाई तपाईंहरु कुन कुन विपद्को घटना देख्नुभएको छ भनी प्रश्न गर्नुहोस् ।<br>ख) विपद् आउँदा के हुन्छ ? आदि प्रश्न गर्न लगाउनुहोस् ।<br>ग) आगलागीले बस्ती खरानी भएको, जीव जनावरको मृत्यु भएको मानवीय क्षति भएको आदि चित्र, उदाहरण प्रस्तुत गर्नुहोस्<br>घ) त्यस्तै चट्याङको सम्बन्धमा विद्यार्थीको पूर्व अनुभवहरु सुन्नुहोस् र चट्याङ हुँदा घर बाहिर निस्कनु हुन्न भनी सचेतना प्रदान गर्नुहोस् । | – निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– आगलागीले कुन कुन कुरामा क्षति पुऱ्याउँछ ?<br>– चट्याङ पर्दा घर बाहिर निस्कनु हुन्न । किन ? | |

**कक्षा ३**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१. आफ्नो नगरको नाम | क) आफ्नो नगरको नाम बताउन लगाउनुहोस् ।<br>ख) साथीसँग जोडी जोडीमा रही आफ्नो र आफू बसेको नगरको नाम बताउन लगाउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो नगरपालिकाको नाम भन्नुहोस् । | २३ |
| | १.२. आफ्नो पालिकामा रहेका वडाको सङ्ख्या | क) वडा खुलेको नगरपालिकाको नक्सा देखाई नगरपालिकामा रहेका वडा सङ्ख्या पहिचान गर्न लगाउने ।<br>ख) आफ्नो नगरपालिकामा रहेका वडाको सङ्ख्या छलफल गराउने ।<br>ग) नगरपालिकाको नक्सामा आफ्नो वडा पहिचान गर्न लगाउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो नगरपालिकामा रहेका वडाको सङ्ख्या भन्न लगाउने । | |
| | १.३. आफ्नो वडाका प्रमुख बस्तीको नाम | क) समूह छलफलबाट आफ्नो वडाका प्रमुख बस्तीको नाम खोजी गर्न लगाउने । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वडाका प्रमुख बस्तीको नामको सूची बनाउनु होस् । | |
| | १.४. वडा भित्रका खोलानालाहरु | क) स्थानीय खोला र नदीको फोटो वा भिडियो प्रदर्शन गरी खोला पहिचान गर्न लगाउने ।<br>ख) स्थानीय समुदायबाट सोधखोज गरी वडा भित्रका खोलानालाहरुको नाम पत्ता लगाई र ती खोलाको सामान्य परिचय दिन लगाउने । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क) वडा भित्रका खोलानालाहरुको सामान्य परिचय भन्नु होस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.५ वडा भित्रको ठुला पहाड वा फाँट | क) वडा भित्रको ठुला पहाड वा फाँटको नाम र स्थान पत्ता लगाउन छलफल गराउनुहोस् ।<br>ख) ती पहाड र फाँटको अवलोकन भ्रमण गराई विवरण तयार पार्न लगाउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) वडा भित्रको ठुला पहाड वा फाँटको नाम र स्थान लेख्नुहोस् । | |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१. समुदाय भित्रका धार्मिक स्थान, चौतारा, डाँडाको पहिचान र महत्त्व | क) समुदाय भित्रका धार्मिक स्थान, चौतारा, डाँडाको नाम र ती रहेका स्थानको बारेमा कक्षामा छलफल गराउनुहोस् ।<br>ख) आफ्नो समुदाय भित्रका धार्मिक स्थान चौतारा, डाँडाको महत्व सम्बन्धमा छलफल गराउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफू रहेको समुदायको मुख्य मुख्य डाँडाको नाम लेख्नुहोस् । | २२ |
| | २.२. स्थानीय चाडपर्वको नाम र गरिने मुख्य क्रियाकलाप | क) स्थानीय चाडपर्वको नाम र गरिने मुख्य क्रियाकलाप बताउन लगाउनुहोस् ।<br>ख) स्थानीय चाडपर्वसँग सम्बन्धित चित्र फोटो प्रदर्शन र छलफल गराउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा मनाइने चाडपर्वको नाम लेख्नुहोस् । | |
| | २.३. स्थानीय चाडपर्व र धार्मिक कार्यमा गरिने क्रियाकलापहरु | क) स्थानीय चाडपर्व र धार्मिक कार्यमा के के गरिन्छन् ? पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) स्थानीय चाडपर्व र धार्मिक कार्यमा गरिने क्रियाकलापहरु खोजी गरी सूची तयार पार्न लगाउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय धार्मिक कार्यमा गरिने क्रियाकलापहरुको सूची तयार पार्नुहोस् । | |
| | २.४. आफ्नो वडामा रहेका रमणीय स्थलहरुको नाम | क) आफ्नो वडामा रहेका रमणीय स्थलहरुको नाम बताउन लगाउनुहोस् ।<br>ख) ती स्थलको अवलोकन भ्रमण गर्न लगाई विवरण सङ्कलन गर्न लगाउनुहोस् र कक्षामा भन्न लगाउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वडामा रहेका रमणीय स्थानहरुको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ३. स्थानीय सामाजिक विविधता | ३.१. समुदायमा रहेका भाषा, धर्म, जातजाति र भेषभुषा | क) आफ्नो समुदायमा प्रयोगमा रहेका भाषा, धर्म, जातजाति र भेषभुषा चिनाउन फोटो र विवरण प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>ख) आफ्नो समुदायका जातजातिले लगाउने भेषभुषा प्रदर्शन गर्न लगाई प्रदर्शनीको आयोजना गर्नुहोस् ।<br>ग) आफ्नो समुदायका जातजातिले बोल्ने भाषामा बोल्न अभ्यास गर्न लगाउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) समुदायका मानिसहरुको जातजाति, भाषा र धर्म खुल्ने विवरण बनाउनुहोस् ।<br>ख) समुदायका जातजातिले लगाउने भेषभूषाको नाम भन्नुहोस् । | २२ |
| | ३.२. आफ्नो घरमा बन्ने खानेकुराको स्रोत | क) आफ्नो घरमा बन्ने खानेकुराको स्रोत छलफल गराउनुहोस् ।<br>ख. खानेकुराको स्रोतसँग सम्बन्धित चित्र वा भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् । | तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको घरमा कुन खानेकुरा कुन स्रोतबाट आउँछ तालिकामा देखाउनुहोस् ।<br>जनावर बोटबिरुवा | |
| | ३.३ स्थानीय पर्वमा खाइने खानेकुरा तयार गर्न आवश्यक पर्ने सामग्री | क. स्थानीय पर्वमा खाइने खानेकुरा तयार गर्न आवश्यक पर्ने सामग्रीको सूची तयार पार्न लगाउनुहोस् । | क. स्थानीय पर्वमा खाइने खानेकुराको तयार गर्न आवश्यक पर्ने सामग्रीको सूची तयार पार्नुहोस् । | |
| | ३.४.आफ्नो समुदायमा नाचिने नाचहरु | क. भिडियो प्रदर्शनीबाट समुदायमा नाचिने नाचहरु पहिचान गराउने ।<br>ख. विद्यार्थीहरुलाई आफ्नो समुदायमा नाचिने नाच नाच्ने अभ्यास गराउनु होस् । | १. तल दिइएका प्रश्नहरुको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो समुदायमा नाचिने नाचको सूची तयार पार्नुहोस् ।<br>२. विद्यार्थीले नाचेको नाचलाई ताल, लय, भाव आदिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.५. स्थानीय बाजाहरुको नाम | क) स्थानीय बाजाहरुको चित्र सङ्कलन गर्न लगाई छलफल गराउनुहोस् ।<br>ख) स्थानीय बाजाहरुको नामको सूची तयार पार्न लगाउने ।<br>ग) स्थानीय बाजा बजाउने अभ्यास गर्न लगाउनुहोस् । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क) स्थानीय बाजाहरुको नाम लेख्नुहोस् । | |
| | ३.६.नजिकको विद्यालयको नाम र ठेगाना | क) नजिकको विद्यालयको नाम र ठेगाना भन्न लगाउने ।<br>ख) जोडी जोडीमा नजिकको विद्यालयको नाम र ठेगाना भन्ने अभ्यास गर्न लगाउनुहोस् । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) नजिकको विद्यालयको नाम र ठेगाना लेख्नुहोस् । | |
| | ३.७. विद्यालयमा गर्न हुने र गर्न नहुने काम | क) विद्यालयमा गर्न हुने र गर्न नहुने काम भन्न लगाउने ।<br>ख) कक्षालाई दुई समूहमा विभाजन गरी विद्यालयमा गर्न हुने र गर्न नहुने काम भन्न लगाई प्रतियोगिता गराउने । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) विद्यालयमा गर्न हुने र गर्न नहुने काम लेख्नुहोस् । | |
| ४. स्थानीय ज्ञान, सिप र प्रविधि | ४.१. तुलो, माना, पाथी, धार्नी बिसौलीको अवधारणा र प्रयोग | क) तुलो, माना, पाथी, धार्नी बिसौलीको अवधारणा मापक वस्तुको प्रयोग गरी बताइदिने र तिनको प्रयोग गरेर देखाउने । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) तुलो, माना, पाथी, धार्नी बिसौलीको प्रयोग के के कामका लागि गरिन्छ ? | २५ |
| | ४.२. समुदायमा प्रयोग गरिने स्थानीय प्रविधिको परिचय, प्रयोग र संरक्षणका उपाय | क) चित्र वा भिडियो देखाई समुदायमा प्रयोग गरिने स्थानीय प्रविधिको नाम सोध्ने र तिनको काम सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ख) स्थानीय प्रविधि प्रयोगका तरिका र संरक्षणका | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क) स्थानीय प्रविधिको नाम लेख्नुहोस् । | |


| | | | | |
|---|---|---|---|---|
| | | उपायहरु सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने । | | |
| ५. स्थानीय आर्थिक क्रियाकलाप | ५.१. स्थानीय तथा समुदायमा गरिने कृषि र अन्य पेसा | क) समुदायका व्यक्तिहरुले अपनाएको पेसाको नाम सोध्नुहोस् ।<br>ख) कृषि बाहेकका अन्य पेसाबारे बताइदिने । विभिन्न पेसामा रहँदा गरिने क्रियाकलापका बारेमा जानकारी दिन तस्विरको प्रयोग गर्ने ।<br>ग) पेसाबाट हुने फाइदा कथाको माध्यमबाट छलफल गराउनुहोस् । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क) विभिन्न पेसाको सूची बनाउनु होस् । | २२ |
| | ५.२. स्थानीय व्यवसाय र उद्यम | क) स्थानीय व्यक्तिहरुले अपनाएको व्यवसायबारे छलफल गराउनुहोस् ।<br>ख) स्थानीय कुनै एउटा उद्यम भएको स्थलमा भ्रमण गराई उक्त उद्यमका बारेमा उद्यमीसँग छलफल गराउनुहोस् । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क) पेसाबाट हुने फाइदा भन्नु होस् ।<br>ख) उद्यम गर्दा हुने फाइदा भन्नु होस् । | |
| | ५.३. बचतको महत्त्व र सदुपयोग | क) बचतको बारेमा बताई विद्यार्थीहरुको अनुभव भन्न लगाउने ।<br>ख. बचतको सदुपयोग कसरी गर्न सकिन्छ भनी चार्ट मार्फत प्रस्तुतीकरण र छलफल गराउनुहोस् । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् :<br>क. बचतको कुनै एक महत्त्व बताउनुहोस् । | |
| ६. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ६.१. स्थानीय वनस्पति | क.स्थानीय स्तरमा पाइने बनस्पतीको सूची बनाउन लगाउनुहोस् ।<br>ख. स्थानीय वनस्पति देखाई चिन्न लगाउनुहोस् । वनस्पतिको महत्त्व छलफल गराउने । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क. स्थानीय स्तरमा पाइने वनस्पतिको महत्त्व बताउनुहोस् । | २२ |

| | | | | |
|---|---|---|---|---|
| | ६.२. स्थानीय जडीबुटीहरु | क. केही स्थानीय जडीबुटी कक्षाकोठामा ल्याई पहिचान गर्न लगाउनुहोस् ।<br>ख. विभिन्न जडीबुटीको उपयोगिता बताई तिनको महत्व सम्बन्धमा छलफल गराउनुहोस् । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क. स्थानीय जडीबुटीको नाम लेख्नुहोस् । | |
| | ६.३.स्थानीय कुवा, खोला तथा नदीहरु | क. स्थानीय कुवा, खोला तथा नदीहरुको उपयोगिता खोजी गर्न समुदायका व्यक्तिहरु भेटेर सोध्न लगाउने<br>ख. स्थानीय कुवा, खोला, नदीको भ्रमण गरी विवरण सङ्कलन गर्न लगाउने । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क. स्थानीय कुवा, खोला तथा नदीहरुको उपयोगिता बताउनुहोस् । | |
| ७. प्रकोपबाट बचौँ | ७.१. स्थानीय प्रकोप र बच्ने उपायहरू | क. स्थानीय पहिरोको अवलोकन गराउने ।<br>ख. स्थानीय प्रकोप के के हुन सक्छन् छलफल गराउने । प्रकोपबाट बच्ने उपायहरू भिडियो प्रदर्शन गरी छलफल गराउने । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क. स्थानीय प्रकोप के के हुन सक्छन् लेख्नुहोस् ।<br>ख. प्रकोपबाट बच्ने उपायहरू भन्नुहोस् । | २३ |
| | ७.२. बाटो वा सडक सुरक्षा | क. बाटो वा सडकमा सुरक्षित साथ हिडडुल गर्न अपनाउने उपायका बारेमा कक्षामा छलफल गराउने । | निम्न प्रश्नको उत्तर दिन लगाई मूल्याङ्कन गर्नुहोस् ।<br>क. बाटो वा सडकमा सुरक्षित साथ हिडडुल गर्न अपनाउने उपाय भन्नुहोस् । | |

**कक्षा ४**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१.आफ्नो नगरको नाम, स्थापना, क्षेत्रफल | क) विद्यार्थीहरुलाई उनीहरुको नगरको नाम पालैपालो सोध्ने र भनेका कुरा सिकाइ पाटीमा टिप्दै जाने<br>ख) नगरपालिकाको स्थापना मिति अनुमान गर्न लगाउने र सही अनुमान गर्नेलाई प्रोत्साहित गर्नुहोस् ।<br>ग) नगरपालिकाको क्षेत्रफल भन्न कसले सक्छ भनी प्रश्न गर्नुहोस् र भन्न सक्ने व्यक्तिलाई प्रोत्साहित गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको स्थापना कहिले भएको हो ?<br>ख) नीलकण्ठ नगरपालिकाको क्षेत्रफल लेख्नुहोस् । | २० |
| | १.२. सबभन्दा अग्ला र होचा ठाउँहरु | क) सुरुमा विद्यार्थीलाई आफू बसेको बस्ती आसपासको सबभन्दा अग्लो ठाउँको नाम भन्न लगाउनुहोस्,<br>ख) आफ्नो बस्ती आसपासको अग्लो ठाउँको नाम भनेपछि नीलकण्ठ नगरपालिकाको सबैभन्दा अग्लो ठाउँ कुन हो भनी अनुमान गर्न लगाउनुहोस् र अग्लो ठाउँमा बारेमा बताइ दिनुहोस् ।<br>ग) विद्यार्थीलाई आफ्नो बस्ती वरपरको सबभन्दा होचो भूभाग कुन हो भनी समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>घ) नीलकण्ठ नगरपालिकाका होचा ठाउँहरुको नाम अनुमान गर्न लगाउनुहोस् र शिक्षकले नाम क्रमशः बताइदिनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको अग्लो भूभागको नाम लेख्नुहोस् ।<br>ख) नीलकण्ठ नगरपालिकाको होचो भूभागको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.३. नगर भित्रका मुख्य खोला र नदी | क) नगर भित्र कुन कुन मुख्य नदीहरु बहन्छन् भनी विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् ।<br>ख) नगरभित्रका मुख्य नदी र खोलाको चित्र, भिडियो आदि प्रदर्शन गरी ती नदी र खोलाको छोटो परिचय दिनुहोस् ।<br>ग) नगर भित्रका मुख्य नदी र खोलाको अवलोकन गराई त्यहाँ उनीहरुले देखेका विवरण टिपोट गर्न लगाउनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको मुख्य खोला वा नदीको नाम लेख्नुहोस् ।<br>ख) नीलकण्ठ नगरपालिकाको कुनै एक मुख्य नदीको परिचय दिनुहोस् । | |
| | १.४. वडा भित्रका मुख्य बस्ती तथा बजार | क) विद्यार्थीहरुलाई आफू बसेको बस्तीको नाम भन्न लगाउनुहोस् ।<br>ख) आफ्नो गाउँ बाहेक आफ्नो वडामा अरु कुन कुन गाउँहरु पर्छन् भन्न लगाउनुहोस् ।<br>ग) ती गाउँ वा बस्तीको विशेषता भन्न लगाउनुहोस् ।<br>घ) ती बस्तीको अवलोकन गरी त्यहाँका मानिसको पेसा, मान्ने धर्म, बोल्ने भाषा आदि खोजी गर्न लगाउनुहोस् ।<br>ङ) आफ्नो समुदायका मुख्य मुख्य बजारहरुको नाम र ती बजारमा के कस्ता वस्तुहरु किनमेल गर्ने गरिएको छ, छलफल गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको मुख्य बस्तीहरुको नाम लेख्नुहोस् ।<br>ख) नीलकण्ठ नगरपालिकाको मुख्य मुख्य बजारको नाम लेख्नुहोस् । | |
| | १.५.वडा कार्यालय रहेको स्थान | क) विद्यार्थीलाई आफ्नो घर कति नम्बर वडामा पर्छ भन्न लगाउनुहोस् । ख) आफ्नो वडाको कार्यालय कुन स्थानमा रहेको छ ? विद्यार्थीहरु त्यहाँ पुगे नपुगेको आदि विषयमा प्रश्नोत्तर गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको वडा कार्यालय रहेको स्थानको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.६ वडा अध्यक्षको नाम, सदस्य सङ्ख्या | क) विद्यार्थीलाई आफ्नो वडा नम्बर स्मरण गर्न लगाउनुहोस् ।<br>ख) आफ्नो वडाको वडाध्यक्ष र वडा सदस्यको नाम कसैलाई आउँछ कि सोध्नुहोस् ।<br>ग) निम्नानुसारको चार्ट बनाई वडाध्यक्ष र वडा सदस्यको विवरण भर्न लगाउनुहोस्।<br><br> | १. निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको वडा कार्यालय रहेको स्थानको नाम लेख्नुहोस् ।<br>२. विद्यार्थीको भरेको चार्टमा नाम मिले नमिलेको, चार्टको ढाँचा, रङ्ग संयोजन उपयुक्त भए नभएको आधारमा मूल्याङ्कन गर्नुहोस् । | |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१. वडा भित्रका पाटी, पौवा, कुवा, पोखरी, डाँडा, कोट, दरबार , देउराली, | क) आफ्नो वडा भित्र कुन कुन ठाउँमा पाटी पौवा रहेका छन् भनी प्रश्न सोध्नुहोस् ।<br>ख) ती पाटी पौवाको संरक्षणको अवस्था के कस्तो रहेको छ ? देखेको र अनुभव गरेको आधारमा विचार राख्ने अवसर प्रदान गर्नुहोस् ।<br>ग) वडामा रहेका ऐतिहासिक महत्व बोकेका कुवा, पोखरी, दरबार,देउराली, कोट आदि भए तिनीहरुको नाम, अवस्थिति, महत्त्व आदि विषयमा छलफल गराउनुहोस् ।<br>घ) ती ऐतिहासिक र पर्यटकीय सम्पदाको अवलोकन भ्रमण गराई त्यहाँको विशेषता, महत्त्व आदि खोजी गर्न लगाउनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको वडामा रहेको कुनै एक रमाइलो डाँडाको वर्णन गर्नुहोस् ।<br>ख) देउरालीको महत्त्व उल्लेख गर्नुहोस् । | १७ |

| | | | | |
|---|---|---|---|---|
| | २. २. धार्मिक स्थल | क) विद्यार्थीलाई आफ्नो घरवरपरको धार्मिक स्थल कुन–कुन हुन् भनी प्रश्न गर्नुहोस् ।<br>ख) ती धार्मिक स्थलको सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) ती धार्मिक स्थलको अवलोकन गराई त्यहाँ हुने धार्मिक गतिविधि टिपोट गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो घर नजिकै रहेको कुनै एक धार्मिक स्थलको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।<br>२. अवलोकन भ्रमण पछि निम्नानुसार विवरण सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउनुहोस् :<br>क) भ्रमण गरेको धार्मिक स्थल<br>ख) भ्रमण गर्नुको उदेश्य<br>ग) भ्रमणबाट पत्ता लगाइएका कुराहरु<br>घ) निष्कर्ष | |
| | २.३ स्थानीय चाड (परिचय) | क) विद्यार्थीलाई आफ्नो समुदायमा मनाइने चाडहरु सम्बन्धमा पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) ती चाडपर्वको सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) ती स्थानीय चाडसँग सम्बन्धित चित्र, भिडियो आदि प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>घ) चाडपर्वमा खानपिन गरेर, रमाइलो गरेर, आफन्त भेटघाट गरेर मनाइने हुँदा स्थानीय चाडपर्वको आफ्नै महत्व रहने सन्दर्भ उदाहरणसहित स्पष्ट पारिदिनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो घर नजिकै रहेको कुनै एक धार्मिक स्थलको बारेमा एक अनुच्छेद लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | २.४. धर्म, भेषभूषा<br>– परिचय<br>– महत्व | क) विद्यार्थीलाई तपाईंको समुदायका मानिसहरु कुन कुन धर्म मान्दछन् भनी प्रश्न गर्नुहोस् ।<br>ख) कुन कुन धर्म मान्ने मानिस कुन धार्मिक स्थल जाने गरेका छन्, उनीहरु पूजा, व्रत, उपासना,मूर्ति पूजा, धार्मिक पुस्तक अध्ययन आदि के के गरेर धार्मिक गतिविधि गर्छन् आदि सोधखोज गरी पत्ता लगाउन लगाउनुहोस् ।<br>ग) तपाईंको समुदायमा कुन कुन परम्परागत भेषभूषा लगाउने प्रचलन छ ? साथीहरुको समूहमा छलफल गरी कक्षामा सुनाउनुहोस् ।<br>स्थानीय स्तरमा मानिसले मान्दै आएका धर्म र लगाउँदै आएका भेषभूषाको महत्व सम्बन्धमा प्रश्नोत्तर गराउनुहोस् ।<br>घ) कुनै सांस्कृतिक पर्व विशेषको अवसर पारेर परम्परागत पोसाक प्रदर्शनी समेत गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा मनाइने धर्महरुको नाम लेख्नुहोस् ।<br>ख) तपाईंको समुदायमा कुन कुन परम्परागत भेषभूषा लगाउने प्रचलन छ ? | |
| | २.५. नगरभित्र रहेका पर्यटकीय स्थलहरूको नाम | क) नगरभित्र कुन कुन ठाउँमा बढी पर्यटक घुम्न जान मन पराउँछन् भनी प्रश्न गर्नुहोस् ।<br>ख) ती ठाउँहरु पर्यटकीय स्थल भएकाले पर्यटकहरु घुम्न जान मन पराएका हुन् भनी बताउनुहोस् ।<br>ग) नगरभित्रका विभिन्न पर्यटकीय स्थलको चित्र, भिडियो आदि प्रदर्शन गरी ती ठाउँको परिचय दिनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको प्रमुख पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस् ।<br>ख) तपाईंको समुदायमा कुन कुन पर्यटकीय स्थलहरु रहेका छन् ? | |

| | | | | |
|---|---|---|---|---|
| | | घ) ती पर्यटकीय स्थलको महत्त्व सम्बन्धमा गीत वा कथा तयार पारी कक्षामा सुनाउनुहोस् र विद्यार्थीलाई तयार पार्न लगाउनुहोस् ।<br>ङ) पर्यटकीय स्थलको अवलोकन भ्रमण गराई त्यहाँको अनुभव पालैपालो कक्षामा भन्न लगाउनुहोस् । | | |
| ३. स्थानीय सामाजिक सांस्कृतिक विविधता | ३.१. कुमाल र गुरुङ जातिको जातिगत संस्कार खोजी गर्न | क) कुमाल जातिको बसोबासको क्षेत्र कुन हो ? भनी प्रश्न गर्नुहोस् ।<br>ख) कुमाल जातिको जन्म, विवाह र मृत्यु संस्कारको सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ग) गुरुङ जातिको कुनै एक संस्कारको बारेमा आफूलाई थाहा भएका कुरा विद्यार्थीलाई भन्न लगाउनुहोस् ।<br>घ) गुरुङ जातिको जन्म, विवाह र मृत्यु संस्कारको सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ङ) सम्भव भए संस्कार भएको स्थलमा नै लगी संस्कारको अवलोकन गराउन पनि सकिन्छ । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) कुमाल जातिको जन्म संस्कार छोटकरीमा लेख्नुहोस् ।<br>ख) गुरुङ जातिको विवाह संस्कार उल्लेख गर्नुहोस् । | २३ |
| | ३.२. छिमेक र समुदायमा हुने भोजभतेरमा बन्ने परिकारको सूची तयार पार्न | क) हालसालैको छिमेकमा भएको भोजभतेरमा कुन कुन परिकार खाएको याद छ ? भनी प्रश्न गर्नुहोस् ।<br>ख) छिमेक वा समुदायमा भोजभतेरमा कुन कुन परिकार बन्ने गरेको छ, जोडी जोडीमा रही छलफल गर्न लगाउनुहोस् ।<br>ग) छलफलको निष्कर्षलाई कक्षामा प्रस्तुतीकरण गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा हुने भोजभतेर बन्ने परिकारको सूची तयार पार्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.३ विभिन्न पर्वमा बनाइने खाना र खाने तरिका उल्लेख गर्न | क) तपाईंहरुले आज कुन कुन खाना खाएर आउनुभयो भनी प्रश्न गर्नुहोस् ।<br>ख) कुन पर्वमा कुन खानेकुरा खाने गरिन्छ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीलाई अनुमान गर्न लगाउनुहोस् । जस्तै माघीमा खिचडी, तरुल, बारा आदि ।<br>ग) कुन खानेकुरा कसरी खाइन्छ भनी विद्यार्थीका अनुभवलाई भन्ने अवसर प्रदान गर्नुहोस् । जस्तै घोंगी चुसेर खाइन्छ भने ढिडो अचार, तरकारीमा चोप्दै खाइन्छ ? आदि उदाहरण दिई खाने तरिका स्पष्ट पार्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) असार पन्ध्रमा कुन परिकार खाने चलन छ ?<br>ख) तरुल कसरी खाइन्छ ? | |
| | ३.४. आफ्नो र फरक समुदायमा नाचिने नाचको पहिचान गरी अभ्यास गर्न | क) विद्यार्थीलाई लोकगीत बजाई नाच्न प्रेरित गर्नुहोस् ।<br>ख) आफ्नो समुदायमा कुन कुन नाचहरु नाचिन्छ सो को सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) आफ्नो भन्दा फरक समुदायमा मनाइने नाचको चित्र वा भिडियो प्रदर्शन गरी सो नाच नाच्ने अभ्यास गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा नाचिने नाचहरुको नाम लेख्नुहोस् ।<br>ख) तपाईंको समुदाय भन्दा फरक समुदायमा नाचिने नाचको सूची तयार पार्नुहोस् ।<br>ग) विद्यार्थीले नाच नाच्ने अभ्यास गर्दा उसको शारीरिक लचकता, मुद्रा, चाल, आदिलाई ख्याल गरी मूल्याङ्कन गर्नुहोस् । | |
| | ३.५ आफ्नो समुदायमा बजाइने बाजाहरुको परिचय दिन र प्रयोग गर्न | क) विद्यार्थीलाई घरमा बजाउने कुनै एक बाजाको नाम भन्न लगाउनुहोस् । त्यो बाजा कुन अवसर वा पर्व विशेषमा बजाइन्छ भनी छलफल गर्नुहोस् ।<br>ख) आफ्नो गाउँघरमा जात्रा, पर्व, विशेष अवसरमा | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा बजाउने बाजाहरुको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | बजाइने बाजाहरुको सूची तयार पार्न लगाउनुहोस्<br>ग) सम्भव भए कतिपय बाजा बजाउने अवसर समेत प्रदान पनि गर्नुहोस् ।<br>घ) समुदायमा हुने जात्रा, मेला, विवाह, व्रतबन्धमा विद्यार्थीहरुलाई लगी त्यहाँ बनाइने बाजा सम्बन्धमा सोधखोज गरी जानकारी सङ्कलन गर्न लगाउनुहोस् । | ख) विद्यार्थीले बाजा बजाउने अभ्यास गर्दै गर्दा उसको बाजाप्रतिको रुची, लगाव आदिलाई ख्याल गरी मूल्याङ्कन गर्नुहोस् । | |
| | ३.६ आफ्नो विद्यालय नजिक रहेका विद्यालयको नाम, रहेको स्थान र त्यहाँको सेवा क्षेत्र पहिचान गर्न | क) विद्यार्थीलाई आफ्नो विद्यालयको नाम, विद्यालयको ठेगाना आदि भन्ने अभ्यास गराउनुहोस् ।<br>ख) आफ्नो विद्यालय नजिक अरु कुन कुन विद्यालय छन् भनी प्रश्न गर्नुहोस् र पालैपालो विद्यालयको नाम भन्न लगाउनुहोस् । नाम पछि विद्यालय रहेको ठाउँको नाम वा ठेगाना समेत भन्ने अभ्यास गराउनुहोस् ।<br>ग) विद्यार्थीलाई तीन समुहमा विभाजन गरी विद्यालय नजिक रहेका अरु तीनओटा विद्यालयको सेवा क्षेत्र कहाँ कहाँ पर्छ ? छलफल गर्न लगाई भन्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) आफू अध्ययनरत विद्यालयको नाम र ठेगाना उल्लेख गर्नुहोस् ।<br>ख) तपाईंको विद्यालय नजिक अरु कुन कुन विद्यालय रहेका छन् ? ती विद्यालयको नाम र ठेगाना बताउनुहोस् । | |
| | ३.७. समुदायका असल व्यक्तिहरुले गरेका प्रेरणादायी कार्यहरुको खोजी गर्न र प्रेरणा प्राप्त गर्न | क) समुदायमा राम्रो काम गर्ने व्यक्तिको सम्बन्धमा छलफल गराउनुहोस् र आफ्नो समुदायमा राम्रो काम गर्ने व्यक्तिको नाम पालैपालो भन्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– आफू पढ्ने विद्यालयको नाम र ठेगाना लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | ख) ती व्यक्तिले गरेका राम्रा कामबाट हामीले प्रेरणा लिनु पर्दछ भन्ने उहाँको योगदानलाई सम्मान गर्न र असल कामबाट प्रेरणा लिन अभिप्रेरित गर्नुहोस् ।<br>ग) समुदायमा असल व्यक्तिको कामबाट विद्यार्थीले प्राप्त गरेका प्रेरणा पालैपालो भन्न लगाउनुहोस् । | – तपाईंको विद्यालयका प्र.अ.को नाम लेख्नुहोस् । | |
| ४. स्थानीय सडक र यातायात | ४.१ स्थानीय सडक, धादिङ बेंसी-तिप्लिङ सडक (दामन पाखिन मार्ग)<br>– परिचय<br>– फाइदा | क) विद्यार्थीको घर नजिकको सडकको बारेमा भन्न लगाउनुहोस् ।<br>ख) सो सडकले विद्यार्थीको गाउँ वा समुदायमा के के काममा सजिलो भएको छ ? अनुभव भन्न लगाउनुहोस् ।<br>ग) धादिङबेंसी- तिप्लिङ सडक (दामन पाखिन मार्ग) को परिचय र फाइदा उल्लेखित चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– धादिङबेंसी तिप्लिङ सडकको नाम लेख्नुहोस् ?<br>– धादिङबेंसी तिप्लिङ सडकको महत्त्वको सूची तयार पार्नुहोस् । | ४ |
| ५. स्थानीय ज्ञान सिप र प्रविधि | ५.१ परम्परागत मापन प्रणाली : मुरीको अवधारणा | क) परम्परागत मापन प्रणालीमा पर्ने मुरीको बारेमा कसलाई थाहा छ ? थाहा हुने विद्यार्थीलाई यसको बारेमा भन्न लगाउनुहोस् ।<br>ख) मुरी मापन गर्न कुन मापन साधन बढी उपयोगी हुन्छ, छलफल गर्नुहोस् ।<br>ग) समुदायमा धान, मकै, कोदो, गेडागुडी मापन गरेको वा भरेको देखाई मुरीको मापन गर्ने तरिका सम्बन्धमा छलफल गराउनुहोस् । विद्यार्थीलाई पनि मापन गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– एक मुरीमा कति पाथी हुन्छ ? | ६ |

| | | | | |
|---|---|---|---|---|
| | ५.२ स्थानीय प्रविधिः घट्ट, कोल<br>– परिचय<br>– प्रयोग | क) विभिन्न स्थानीय प्रविधिहरु जस्तै घट्ट, कोल आदिको चित्र वा भिडियो प्रदर्शन गरी ती प्रविधि पहिचान गर्न लगाउनुहोस् ।<br>ख) स्थानीय प्रविधि उपलब्ध हुने स्थान वा समुदायमा गई ती साधन र प्रविधिको प्रत्यक्ष अवलोकन गर्न लगाई सामान्य परिचय दिनुहोस्  र प्रविधिको प्रयोगको अवस्था समेटी विवरण तयार पार्न लगाउनुहोस् ।<br>ग) प्रविधिसँग सम्बन्धित चित्रहरु र त्यसको विवरण समेटी बिग बुक तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) पानी घट्टको परिचय दिनुहोस् ।<br>ख) कोलको उपयोग के को लागि गरिन्छ ? | |
| ६. स्थानीय आर्थिक क्रियाकलाप (पेसा, व्यवसाय र उद्यम र पेसा) | ६.१. स्थानीय तथा समुदायमा गरिने मौरीपालन, तरकारी खेती परिचय | क) स्थानीय समुदायमा गरिने पेसाको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) समुदायमा सञ्चालित मौरीपालन र तरकारी खेतीको सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ख) मौरीपालन र तरकारी खेतीको महत्त्व सम्बन्धमा पनि छलफल गराउनुहोस् ।<br>ग) मौरीपालन र तरकारी खेतीको लागि उपलब्ध वातावरण र आवश्यकता स्रोत साधन र प्रविधि सम्बन्धमा छलफल गराउनुहोस् ।<br>घ) करेसाबारी वा कौसी खेतीको रुपमा तरकारी खेती गर्न सकिने सम्बन्धमा छलफल गरी अभिप्रेरणा प्रदान गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– तरकारी खेतीको महत्त्व उल्लेख गर्नुहोस् ।<br>– मौरीपालनको लागि कुन कुन पक्षमा राम्रो तयारी गर्नुपर्छ ? सूची तयार पार्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | ६.२. स्थानीय उद्यम र व्यवसाय : चित्रकला | क) विद्यार्थीलाई उनीहरुको घरमा गरिने कामको सम्बन्धमा प्रश्नोत्तर गर्नुहोस् ।<br>ख) स्थानीय समुदायमा सञ्चालित विभिन्न व्यवसाय वा उद्यमको नाम भन्न लगाउनुहोस् ।<br>ग) स्थानीय समुदायमा सञ्चालित विभिन्न व्यवसाय वा उद्यमको अवलोकन गर्न लगाई देखेका कुरा टिपोट गर्न लगाउनुहोस् ।<br>घ) चित्रकलाको आवश्यकता र महत्त्व सम्बन्धमा समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– स्थानीय व्यवसाय र उद्यमको नाम बताउनुहोस् ।<br>– चित्रकलाको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ६.३ स्थानीय सहकारी<br>– परिचय<br>– महत्त्व | क) स्थानीय सहकारीको नाम भन्न लगाउनुहोस् ।<br>ख) स्थानीय सहकारीले के के काम गर्छन्, जनताले के के सेवा पाउँछन् ? आदि प्रश्न सोधी छलफल गराउनुहोस् ।<br>ग) स्थानीय सहकारीको अवलोकन भ्रमण गराई त्यहाँबाट हुने आर्थिक क्रियाकलापको विवरण सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) सहकारी भनेको के हो<br>ख) सहकारीको महत्त्व उल्लेख गर्नुहोस् । | |
| ७. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ७.१. स्थानीय वनस्पतिको उपयोगिता | क) विद्यार्थीहरुलाई घर वर पाइने वनस्पतिको नाम भन्न लगाउनुहोस् ।<br>ख) ती वनस्पतिका चित्र, फोटा, भिडियो आदि प्रदर्शन गरी पहिचान गर्न र नाम भन्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– तपाईंको घर वरपर पाइने कुनै तीनवटा वनस्पतिको नाम लेख्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | | ग) ती वनस्पतिको उपयोग कुन कुन कामको लागि गरिन्छ ? छलफल गर्न लगाउनुहोस् ।<br>घ) वनस्पति संरक्षणका उपाय सम्बन्धमा समूहमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | – आफूलाई मनपर्ने कुनै एक वनस्पतिको चित्र बनाउनुहोस् ।<br>– वनस्पतिको उपयोगिता लेख्नुहोस ? | |
| | ७.२. स्थानीय नदी, खोला, कुवाहरुको संरक्षण | क) विद्यार्थीहरुलाई आफ्नो घर वरपर रहेका कुवा खोला वा नदीको नाम भन्न लगाउनुहोस् ।<br>ख) विभिन्न चित्रहरु देखाउँदै ती नदी, कुवा आदिको पहिचान गर्न लगाउनुहोस् ।<br>ग) ती कुवा, खोला वा नदीको छोटो परिचय पनि दिन लगाउनुहोस् ।<br>घ) ती कुवा खोला नदीहरु संरक्षणका उपायहरु सम्बन्धमा समूह समूहमा छलफल गरी प्रस्तुति दिन लगाउनुहोस् ।<br>ङ) विद्यार्थीहरुलाई स्थानीय खोला, नदी ,पोखरी सरसफाइमा संलग्न गराई अनुभव आदानप्रदान गर्ने अवसर प्रदान गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– आफ्नो घर नजिकको खोलाको नाम बताउनुहोस् ।<br>– तपाईंको गाउँ वा टोलको धारामा पानी कहाँबाट आउँछ ?<br>– हामीले धारा, कुवा सफा राख्नुपर्छ, किन ? | |
| | ७.३. स्थानीय जडीबुटीहरुको परिचय (गुर्जो ,बोजो, कुरिलो, दहीकमला | क) आफ्नो घर वरपर पाइने विभिन्न जडीबुटीको नाम भन्न लगाउनुहोस् ।<br>ख) ती जडीबुटीको प्रयोग के केमा गर्ने गरिएको छ ? सोध्नुहोस् ।<br>ग) विद्यार्थीलाई गुर्जो, बोजो, कुरिलो, दहीकमला, आकाशबेली र पत्थर चट्टाको चित्र, फोटो वा | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– गुर्जोको स्वाद कस्तो हुन्छ ?<br>– पत्थर चट्टाको प्रयोग के को लागि गरिन्छ ?<br>– बोजोको औषधीय गुण उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | भिडियो देखाई तिनको उपयोग सम्बन्धमा छलफल गराउनुहोस् ।<br>घ) माथि उल्लेखित विभिन्न जडिबुटीको औषधीय गुणको सम्बन्धमा छलफल गर्नुहोस् । | | |
| ८. विपद् व्यवस्थापन | ८.१. स्थानीय विपद्<br>– कारण<br>– बच्ने उपाय | क) विद्यार्थीहरुलाई तपाईंहरु कुन कुन विपद्को घटना देख्नुभएको छ भनी प्रश्न गर्नुहोस् ।<br>ख) विपद् आउँदा के हुन्छ ? आदि प्रश्न गर्न लगाउनुहोस्<br>ग) स्थानीय स्तरमा हुने विभिन्न विपद्का कारण र बच्ने उपाय सम्बन्धमा छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– आगलागीले कुन कुन कुरामा क्षति पुऱ्याउँछ ?<br>– चट्याङ पर्दा घर बाहिर निस्कनु हुन्न । किन ? | ६ |
| | ८.२ सडक सुरक्षाका उपाय | क) सडक पार गर्दा कसरी गर्ने गरेका छौं ? प्रश्न सोध्नुहोस् ।<br>ख) सडक पार गर्दा कसको सहयोग लिने गरेका छौं ? आदि प्रश्न गरी छलफल गर्नुहोस् ।<br>ग) सडक सुरक्षाका उपायहरु सम्बन्धमा चित्र, भिडियो आदि प्रदर्शन गरी छलफल गर्नुहोस् ।<br>घ) सडक सुरक्षा सम्बन्धी प्रयोगात्मक अभ्यास गराउनुहोस् र सचेतनाका उपायहरु सम्बन्धमा जिम्मेवार रहन तयारी गराउनु होस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) सडक सुरक्षाका कुनै २ उपायहरु उल्लेख गर्नुहोस् ।<br>ख) सडक सुरक्षाको प्रयोगात्मक अभ्यासको अवलोकन गरी विद्यार्थीको प्रस्तुतिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | |

**कक्षा ५**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१ नगरको क्षेत्रफल र सिमाना, नगरको मुख्य मुख्य पहाड, खोला, मुख्य भञ्ज्याङ र नदी, मुख्य बस्ती वा बजार | क) नक्सा हेरेर नगरको क्षेत्रफल र सिमाना पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) नक्सामा नगरको मुख्य मुख्य पहाड, खोला, मुख्य भञ्ज्याङ र नदी देखाउँदै तिनको नाम भन्न लगाउँदै बोर्डमा टिप्नुहोस् ।<br>ग) नक्साको सहायताबाट मुख्य बस्ती वा बजार कहाँ कहाँ पर्दछन् सोध्ने र यसका मुख्य मुख्य विशेषताहरु बताउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नक्सा हेरी स्थान र प्राकृतिक स्रोत र नगरको क्षेत्रफल भन्न लगाउनुहोस् ।<br>ख) नगरका प्रमुख विशेषताको सूची तयार पार्नुहोस् । | २० |
| | १.२ आफू रहेको वडाको सामान्य परिचय | क) आफू रहेको वडाको नाम भन्न लगाउनुहोस् ।<br>ख) नक्सामा आफ्नो वडा देखाउन लगाउनुहोस् ।<br>ग) वडाका वरपर देखिने गाउँ बजार खोलानालाको नाम भन्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वडाको नाम लेख्नुहोस् ।<br>ख) नक्सामा आफ्नो वडा देखाउनुहोस् । | |
| | १.३ नगर प्रमुख,उप प्रमुखको नाम र कार्यकाल | क) नगर प्रमुख, उप प्रमुखको फोटो समेत देखाई नाम र कार्यकाल बताउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरका प्रमुख र उपप्रमुखको नाम लेख्नुहोस् । | |
| | १.४ जिल्लाको स्थानीय तह सङ्ख्या र नाम | क) जिल्लाको स्थानीय तह सङ्ख्या र नाम झल्किने चार्ट देखाई समूहमा छलफल गराउनुहोस् ।<br>ख) परियोजना कार्यमार्फत जिल्लाको नाम स्थानीय तहका नामहरु र सङ्ख्या खुलेको चार्ट बनाउन | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) धादिङ जिल्लामा पर्ने नगरपालिकाको नाम लेख्नुहोस् ।<br>ख) परियोजना कार्यलाई निम्न आधारमा | |

| | | | | |
|---|---|---|---|---|
| | | लगाउनुहोस् । | मूल्याङ्कन गर्नुहोस् ।<br>– जिम्मेवारी<br>– सहयोग /सहकार्य<br>– समय पालना<br>– अभिलेख | |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१ नगर भित्रका मुख्य धार्मिक स्थल, नगर भित्रका मुख्य डाँडा, देउराली, पाटी, पौवा,चुली, दरबार, कोट | क) नगर भित्रका मुख्य धार्मिक स्थलका नामको सूची देखाई छलफल गराउनुहोस् ।<br>ख) नगर भित्रका मुख्य डाँडा, देउराली, पाटी, पौवा,चुली, दरबार, कोटको भ्रमण गराई नाम भन्न लगाउने र प्रत्येक स्थानको महत्व छलफल गराउनुहोस् ।<br>ग) दरबार, कोटको भ्रमण गराई प्रतिवेदन लेख्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय स्थलका नामको सूची तयार पार्नुहोस् ।<br>ख) नगर भित्रका मुख्य डाँडा, देउराली, पाटी, पौवा, चुलीको नाम लेख्नुहोस् । | १८ |
| | २.२ नगरमा प्रचलित धर्म, पर्व विषेशमा लगाउने पहिरन र जातजाति | क) आफ्नो घरबाट प्रचलित धर्म, जाति र पर्व विशेषमा लगाउने पहिरन ल्याउन लगाई नाम र लगाइने चाड भन्न लगाउनुहोस् ।<br>ख) सो चाडमा कुन कुन जातजातिले के के पहिरन लगाउँछन् छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) प्रचलित धर्म, जाति र पर्व विशेषमा लगाउने पहिरनको नाम लेख्नुहोस् । | |
| | २.३ स्थानीय प्रेरणादायी व्यक्तिको पहिचान | क) कुनै एक जना स्थानीय प्रेरणादायी व्यक्तिको योगदान पहिचान गर्न लगाउनुहोस्<br>ख) अन्य कुनै व्यक्तिको योगदान र नाम छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायका प्रेरणादायी व्यक्तिको योगदानबाट तपाईंले प्राप्त गर्नुभएको प्रेरणा उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | २.४ पर्यटकीय स्थलको रुपमा ज्वालामुखी मन्दिरको परिचय | क) पर्यटकीय स्थलको रुपमा ज्वालामुखी मन्दिरको फोटो र विशेषताको परिचय दिनुहोस् ।<br>ख) ज्वालामुखी मन्दिरको भिडियो प्रदर्शन वा अवलोकन भ्रमण गराई छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) ज्वालामुखी मन्दिरको विशेषता उल्लेख गर्नुहोस् । | |
| ३.स्थानीय सामाजिक सांस्कृतिक विशेषता | ३.१ खस, आर्य जातिको जातिगत संस्कार | क) खस, आर्य जातिको जातिगत संस्कारको तुलनात्मक अध्ययन तालिका प्रदर्शन र छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) खस, आर्य जातिको जातिगत संस्कार उल्लेख गर्नुहोस् । | १८ |
| | ३.२ नेवार , गुरुङ,मगर, खस आर्य, तामाङ, कुमाल जातिको जातिगत परिकार | क) आ(आफ्नो जातिगत परिकार भन्न लगाई नेवार, गुरुङ, मगर, खस आर्य, तामाङ, कुमाल जातिको जातिगत परिकार चित्र वा भिडियो प्रदर्शनबाट छलफल गराउनुहोस् ।<br>ख) विशेष पर्व वा अवसर पारेर विद्यालयमा जातिगत परिकार बनाउने कार्यक्रम आयोजना गर्नुहोस् र प्रदर्शनी गर्न लगाउनुहोस् । | १.निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) आ-आफ्नो जातिगत परिकारको नाम लेख्नुहोस्<br>२. विद्यार्थीले परिकार बनाउने क्रियाकलाप गराउँदा उनीहरुको सक्रियता, सहयोग र सहकार्य, परिकार र पर्व विशेषको सम्बन्ध आदिलाई आधार मानी मूल्याङ्कन गर्नु होस् । | |
| | ३.३ स्थानीय गीत, नाच र बाजाको नाम र महत्व | क) नजिकै बाजा भएको ठाउँमा भ्रमण गराई नाम र महत्व छलफल गराउनुहोस् र स्थानीय गीत गाउन लगाई पालैपालो, नाच्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय बाजाहरुको नाम लेख्नुहोस् । | |
| | ३.४ स्थानीय मेला पर्व दाइँ, गीत, रोपाइँ/असारे गीत | क) स्थानीय मेला पर्वमा सहभागी हुन पठाई प्रतिवेदन बनाउन लगाउनुहोस् ।<br>ख) दाइँ गीत, रोपाइँ/असारे गीतको गायन अभ्यास गर्ने, गराउने र महत्त्व छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) दाइँ गीत, रोपाइँ/असारे गीतको महत्त्व भन्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.५ वडाभित्र रहेका विद्यालयको नाम, रहेको स्थान र त्यहाँ सञ्चालित कक्षा | क) माथिल्ला कक्षाका दाई दिदीसँग छलफल गराई आफ्नो वडाभित्र रहेका विद्यालयको नाम, रहेको स्थान र त्यहाँ सञ्चालित कक्षा पत्ता लगाउन लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वडाभित्र रहेका विद्यालयको नाम, रहेको स्थान र त्यहाँ सञ्चालित कक्षा लेख्न लगाउनुहोस् । | |
| | ३.६ आफूले गर्न सक्ने सामुदायिक कार्यहरु | क) आफूले गर्न सक्ने सामुदायिक कार्यहरुको सूची तयार पार्नुहोस् ।<br>ख) आफूले गर्न सक्ने सामुदायिक कार्यहरुमा सहभागी गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क. तपाईंले गर्न सक्ने सामुदायिक कार्यको नाम लेख्नुहोस् । | |
| ४. स्थानीय सडक र यातायात | ४.१ धादिङबेंसी- सुनौलाबजार - फोस्रेटार सडक र त्यसले पारेको सकारात्मक प्रभाव | क) धादिङबेसी -सुनौलाबजार- फोस्रेटार सडकका बारेमा छलफल गराउनुहोस् ।<br>ख) यस सडकको नक्सा प्रदर्शन गरी त्यसले पारेको सकारात्मक प्रभाव छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) धादिङबेंसी - सुनौलाबजार- फोस्रेटार सडकले पारेको सकारात्मक प्रभाव उल्लेख गर्नुहोस् । | १० |
| ५. स्थानीय ज्ञान सिप र प्रविधि | ५.१ परम्परागत प्रविधि, स्थानीय सिप र प्रविधिको उपयोग एवम् व्यवहारिक प्रयोग | क) समुदायमा प्रचलित परम्परागत प्रविधिका उदाहरण भन्न लगाउनुहोस् ।<br>ख) यस्ता प्रविधिको अवलोकन गर्न लगाउनुहोस्<br>ग) समूहगत छलफलबाट यस्ता प्रविधिको महत्त्व खोजी गर्न लगाउनुहोस् ।<br>घ) स्थानीय सिप र प्रविधिमा आधारित सिप र प्रविधिको उपयोग र व्यावहारिक प्रयोगको बारेमा परियोजना कार्य गर्न लगाई प्रदर्शन गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) परम्परागत प्रविधिका महत्त्व भन्नुहोस् ।<br>२. परियोजना कार्यको गुणस्तर, प्रदर्शन र प्रस्तुतिको आधारमा मापन गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ६. आर्थिक क्रियाकलाप | ६.१ काष्ठकलाको परिचय र महत्त्व | क) काष्ठकलाको महत्व सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ख) काष्ठकलाको प्रदर्शन गरी कक्षामा छलफल गराउने । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) काष्ठकलाको महत्त्व उल्लेख गर्नुहोस् । | १६ |
| | ६.२ स्थानीय आयआर्जनमा मौरीपालनको महत्त्व | क) मौरीपालनका सम्बन्धमा आफ्ना अनुभूति भन्न लगाउनुहोस् ।<br>ख) स्थानीय आयआर्जनमा यसको महत्त्व छलफल गराउनुहोस् ।<br>ग) समुदायमा मौरीपालन भएको घर वा स्थानको अवलोकन गराई सो को परियोजना कार्य गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय आयआर्जनमा मौरीपालनको महत्त्व लेख्नुहोस् । | |
| | ६.३ तरकारी खेतीको महत्त्व | क) तरकारी खेतीको महत्वका बारेमा घर परिवारमा सोधखोज गरी परियोजना कार्य गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तरकारी खेतीको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ६.४ स्थानीय सहकारीको काम र सेवा | क) स्थानीय सहकारीको काम र सेवा उल्लेख भएको पाठ पढ्न लगाई समूहमा छलफल गराउनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क. तपाईंको समुदाय वा स्थानीय तहमा रहेका सहकारीको नाम लेख्नुहोस् । | |
| ७. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ७.१ स्थानीय वनस्पतिहरुको महत्त्व र संरक्षण | क) स्थानीय वनस्पतिहरुको महत्त्व छलफल गराउनुहोस् ।<br>ख) स्थानीय वनस्पति संरक्षणका उपायहरु पहिल्याउन परियोजना कार्य बनाई समुदायमा पठाउनुहोस् ।<br>ग) परियोजना प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय वनस्पतिको महत्त्व उल्लेख गर्नुहोस् ।<br>२. छलफलमा सहभागिताको स्तर, परियोजनाको प्रतिवेदन र प्रस्तुतीकरण | १६ |

| | | | | |
|---|---|---|---|---|
| | | | आदिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | १६ |
| | ७.२ स्थानीय धारा, खोला, नदी, ताल, झर्ना | क) स्थानीय धारा, खोला,नदी ताल, झर्नाको अवलोकन गराउनुहोस् ।<br>ख) सन्दर्भ सामग्री उपलब्ध गराई स्थानीय धारा, खोला,नदी ताल, झर्नाको पर्यावरणीय महत्व खोजी गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय नदी, ताल, झर्नाको पर्यावरणीय महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ७.३ स्थानीय जडीबुटी पहिचान र तिनको महत्व | क) स्थानीय जडीबुटीको चिनारी गराउनुहोस् ।<br>ख) ती जडीबुटीको महत्त्व बताउनुहोस् ।<br>ग) तिनको उपयोग गर्ने तरिकाको समुदायमा खोजी गर्न लगाउनुहोस् । | | |
| ८. विपद व्यवस्थापन | ८.१ विपद् व्यवस्थापन पूर्व तयारी | क) विपद् व्यवस्थापन पूर्व तयारीको बारेमा भिडियो सामग्रीको अवलोकन गराउनुहोस् ।<br>ख) विपद् व्यवस्थापन पूर्व तयारीका अभ्यास गराउनुहोस् ।<br>ग) विपद् व्यवस्थापन पूर्व तयारीका लागि आवश्यक पर्ने सामग्रीको बारेमा छलफल गराउने र जोहो गर्ने उपाय बताई दिनुहोस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– विपद् व्यवस्थापन पूर्व तयारीका लागि आवश्यक पर्ने सामग्रीको सूची बनाउनु होस् । | १० |
| | ८.२ सडक दुर्घटना र ट्राफिक नियम | क) सडक दुर्घटनाबाट भएको कथा सुनाई यसका कारणका बारेमा छलफल गराउनुहोस् ।<br>ख) ट्राफिक नियमको जानकारी दिन पोष्टर छलफल गराउनुहोस् ।<br>ग. ट्राफिक नियमका व्यावहारिक अभ्यास गराउनु होस् । | १. निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) सडक दुर्घटनाका कारण लेख्नुहोस् । | |

**कक्षा ६**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१. नीलकण्ठ नगरको भौगोलिक अवस्था<br>– क्षेत्रफल<br>– सिमाना,<br>– भूबनोट,<br>– जनसङ्ख्या,<br>– नदीहरु | क) नीलकण्ठ नगरपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुन–कुन पालिका वा जिल्ला पर्छ भनी प्रश्न गर्नुहोस् र नगरपालिकाको नक्सा हेरी चार सिमानामा पर्ने पालिका वा जिल्ला अनुमान गर्न लगाउनुहोस् ।<br>ख) नीलकण्ठ नगरपालिकाको क्षेत्रफल, सिमाना, भूबनोट, जनसङ्ख्या र नदीहरु उल्लेख भएको चार्ट प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>ग) नीलकण्ठ नगरको भौगोलिक अवस्था सम्बन्धमा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको क्षेत्रफल उल्लेख गर्नुहोस् ।<br>ख) नीलकण्ठ नगरपालिकाको चार सिमानामा पर्ने स्थानीय तहको नाम लेख्नुहोस् ।<br>ग) नीलकण्ठ नगरपालिकाको जम्मा जनसङ्ख्या उल्लेख गर्नुहोस् । | १६ |
| | १.२. नीलकण्ठ नगरपालिका भित्र पर्ने मुख्य सहर, बस्ती (धादिङबेंसी, सुनौलाबजार, टारीबेंसी, साँखु, धुवाँकोट, हिटी, खाल्टे, ज्यामिरे, मुरलिभञ्ज्याङ, ससाह, चिसापानी, धुसेनी)<br>– परिचय | क) नीलकण्ठ नगरपालिकामा पर्ने कुनै २ वटा मुख्य सहर वा बस्तीको नाम लेख्न लगाई पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) विभिन्न मुख्य बस्तीको छोटो परिचय दिनुहोस् । ती बस्तीको विशेषता सम्बन्धमा छलफल गराउनुहोस्<br>ग) मुख्य सहर वा बस्तीको इतिहासको खोजी गर्न लगाई विवरण प्रस्तुत गर्न लगाउनुहोस् ।<br>घ) मुख्य मुख्य बस्ती वा सहरको अवलोकन गर्न लगाई विवरण टिपोट गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) सुनौलाबजारको छोटो परिचय दिनुहोस् ।<br>ख) हिटी बस्तीको विशेषता उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.३. आफ्नो नगरपालकिाको नक्सा निर्माण गरी आफू बसेको वडा नक्सामा देखाउन | क) विद्यार्थीलाई कार्बन विधि, ट्रेसिङ विधि आदिबाट नीलकण्ठ नगरपालिकाको नक्सा निर्माण गर्ने अभ्यास गर्न लगाउनुहोस् ।<br>ख) नगरपालिकाको नक्सामा आफ्नो वडालाई देखाउन लगाउनुहोस् ।<br>ग) नक्सामा देखाई सकेपछि आफ्नो वडालाई रातो रङ दलेर रङ्ग्याउनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरपालिकाको नक्सामा आफ्नो वडा देखाउनुहोस् । | |
| | १.४.वडा समितिको परिचय र आफ्नो वडाले प्रदान गर्ने सेवाहरु खोजी गर्न | क) वडा समितिको सम्बन्धमा छलफल गराई परिचय दिन लगाउनुहोस् ।<br>ख) वडा समितिको गठन प्रक्रिया सम्बन्धमा चार्ट प्रदर्शन गरी छलफल गर्नुहोस् । | १. निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>क) तपाईं आफू रहेको वडाको वडा समितिको पदाधिकारीको नाम लेख्नुहोस् ।<br>ख) तपाईंको वडाले गर्ने सेवाहरुको सूची तयार पार्नुहोस् । | |
| | | ग) वडाले प्रदान गर्ने सेवासँग सम्बन्धित रही स्रोत कक्षा सञ्चालन गर्न वडा प्रतिनिधि वा वडा सचिवलाई कक्षामा आमन्त्रण गरी सहजीकरण गर्न लगाउनुहोस् । | | |
| | १.५. आफू बसोबास गरेको जिल्लाको सामान्य परिचय (क्षेत्रफल, सिमाना, जनसङ्ख्या, मुख्य नदी, ताल हिमाल) | क) विद्यार्थीलाई आफू बसेको जिल्लामा पर्ने मुख्य हिमालको नाम भन्न लगाउनुहोस् ।<br>ख) जिल्लाको क्षेत्रफल, सिमाना, जनसङ्ख्या, मुख्य नदी, ताल, हिमाल आदि उल्लेखित तालिका प्रदर्शन गरी छलफल गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) धादिङ जिल्लाको चार सिमानामा पर्ने जिल्ला वा देशको नाम लेख्नुहोस् ।<br>ख) धादिङ जिल्लाको मुख्य नदीहरुको नाम लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | ग) जिल्लाका विभिन्न तथ्यसँग सम्बन्धित रही हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् । | | |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१ नगरको धार्मिक, ऐतिहासिक स्थल<br>– परिचय | क) नीलकण्ठ नगरको मुख्य धार्मिक स्थलहरुको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) नीलकण्ठ नगरको मुख्य ऐतिहासिक स्थलको सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) कक्षालाई दुई समूहमा विभाजन गरी एउटा समूहलाई नीलकण्ठ नगरको धार्मिक स्थल र अर्को समूहलाई नगरको ऐतिहासिक स्थलको खोजी गर्न लगाई परिचय तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको ऐतिहासिक स्थलको परिचय दिनुहोस् । | १६ |
| | २.२. नगरपालिकाको पर्यटकीय क्षेत्रको रुपमा रहेका मुख्य चुली, भिर र डाँडा<br>– परिचय<br>– विशेषता | क) नगरपालिकाको पर्यटकीय क्षेत्रहरुको नाम भन्न लगाउनुहोस् ।<br>ख) नगरपालिकाको पर्यटकीय क्षेत्रमा रुपमा रहेका मुख्य चुली, भिर र डाँडाको विवरण खोजी गरी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ग) नगरपालिकामा पर्ने मुख्य चुली, भिर र डाँडाको विशेषता सम्बन्धमा समूहमा छलफल गर्न लगाई समूहगत प्रस्तुतीकरण दिन लगाउनुहोस् ।<br>घ) नगरपालिकाका मुख्य चुली, भिर डाँडाको भ्रमण गराई भ्रमणको अनुभव कक्षामा सुनाउन लगाउनुहोस् । | १. निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस्<br>क) नगरपालिकाको पर्यटकीय क्षेत्रको रुपमा मुख्य चुलीको परिचय दिनुहोस् ।<br>२. अवलोकन भ्रमणपछि निम्न अनुसार विवरण सङ्कलन गरी प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।<br>क) भ्रमण गरेको धार्मिक स्थल<br>ख) भ्रमण गर्नुको उद्देश्य<br>ग) भ्रमणबाट पत्ता लगाइएका कुराहरु<br>घ) निष्कर्ष | |

| | | | | |
|---|---|---|---|---|
| | २.३. नगरपालिका क्षेत्रमा रहेका मुख्य जाति, धर्म, भेषभूषाको परिचय दिन | क) नगरपालिका क्षेत्रमा रहेका मुख्य जातिहरुको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) ती जातिहरुको बसोबास स्थल, जनसङ्ख्या, मुख्य संस्कार र चाडपर्व आदि उल्लेख गरी परिचय दिन लगाउनुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>क) नगरपालिका क्षेत्रमा रहेको मुख्य जातिहरुको सूची तयार पार्नुहोस् । | |
| | २.४ जिल्लाको साहित्यकार, खेलाडी, शैक्षिक व्यक्तित्वको पहिचान गरी योगदान उल्लेख गर्न | क) जिल्लाको कुनै एक प्रेरणादायी व्यक्तिको पहिचान गर्न लगाई योगदान उल्लेख गर्न लगाउनुहोस् ।<br>ख) जिल्लाका मुख्य साहित्यकारहरुको चित्र वा फोटो प्रदर्शन गरी उनीहरुको साहित्यिक योगदान सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ग) जिल्लामा जन्मिएर देशको खेल क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने खेलाडीहरु सम्बन्धमा मस्तिष्क मन्थन गर्न लगाउनुहोस् ।<br>घ) विभिन्न खेलाडीहरुको विवरण उल्लेखित चार्ट प्रदर्शन गरी खेलाडी परिचय दिनुहोस् र उनीहरुको योगदानबाट प्रेरणा लिन अभिप्रेरित गर्नुहोस् । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) जिल्लाका कुनै तीन चर्चित साहित्यकारको नाम लेख्नुहोस् ।<br>ख) जिल्लाका खेलाडी मध्ये तपाईंलाई कुन खेलाडी मनपर्छ र किन ? | |
| | २.५ नीलकण्ठ नगरपालिका भित्र पर्ने पर्यटकीय स्थल<br>क. जुम्रे डाँडा<br>ख.रानी पोखरी<br>ग. वि.पी. होमस्टे<br>घ चमेरे गुफा | क) नीलकण्ठ नगरपालिकामा पर्ने पर्यटकीय क्षेत्रहरुको चित्र वा भिडियो प्रदर्शन र छलफल गर्ने ।<br>ख) ती पर्यटकीय स्थलको परिचय दिई महत्व सम्बन्धमा छलफल गराउने । | निम्न प्रश्नको आधारमा मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिका क्षेत्रमा पर्ने पर्यटकीय स्थलको परिचय दिनुहोस् ।<br>ख) हनुमान डाँडाको महत्त्व उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ङ.हनुमान डाँडा<br>च. पात्ले चुली<br>– परिचय र महत्त्व | | | |
| ३. स्थानीय सामाजिक सांस्कृतिक विविधता | ३.१. विभिन्न जातिगत संस्कार : (तामाङ, नेवार र मगर)<br>– पहिचान<br>– विविधताको सम्मान | क) तामाङ, मगर र नेवारको जातिगत संस्कार झल्कने चित्र, भिडियो आदि प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>ख) विभिन्न जातिगत संस्कारको प्रत्यक्ष अवलोकन गर्न लगाई प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।<br>गं) विभिन्न जातिगत पहिचान भित्र पनि विविधता रहेको सन्दर्भलाई उदाहरण सहित प्रस्तुत गरी विविधताको सम्मान गर्न सिकाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) नेवार जातिको जन्म संस्कार छोटकरीमा लेख्नुहोस् ।<br>ख) मगर जातिको विवाह संस्कार उल्लेख गर्नुहोस् । | १३ |
| | ३.२. स्थान र पर्व विशेषमा तयार पारिने परिकार (अचार र खिर)<br>– पहिचान<br>– निर्माण अभ्यास | क) विद्यार्थीहरुलाई कुन पर्वमा के के परिकार खाने गरिन्छ ? हरेकलाई दुई दुईवटा उदाहरण प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ख) खिर मनपर्नेहरु को को हुनुहुन्छ भनी प्रश्न गर्नुहोस् र खिर मनपर्नाको कारण पालैपालो भन्न लगाउनुहोस् ।<br>ग) खिरसँग के को अचार खान मनपर्छ भनी प्रश्न गर्नुहोस् र विद्यार्थीबाट आएको जवाफलाई जोड्दै अचार र खिरको महत्त्व सम्बन्धमा छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) खिर तयार पार्न कुन कुन सामग्री आवश्यक पर्दछ ? सामग्रीको सूची तयार पार्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.३. स्थानीय गीत सङ्गीत : खैँजडी भजन, लामानाच, मालश्री धिमे बाजा, बेठी, सारङ्गी<br>– खोजी<br>– संरक्षण कार्यमा सहभागी | क) स्थानीय गीत सङ्गीतको महत्व सम्बन्धमा छलफल गर्नुहोस् ।<br>ख) समुदायमा कुन कुन नाच र बाजाहरु संरक्षित अवस्थामा छन् , खोजी गर्न लगाउनुहोस् ।<br>ग) स्थानीय गीत सङ्गीतको संरक्षणमा कसले के के योगदान दिन सक्छ भन्ने सम्बन्धमा कक्षामा छलफल चलाउनुहोस् र छलफलको निष्कर्ष कक्षामा प्रस्तुत गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) खैँजडी भजनको महत्त्व उल्लेख गर्नुहोस् ?<br>ख) धिमे बाजाको छोटो परिचय दिनुहोस् । | |
| | ३.४. स्थानीय शैक्षिक संस्थाले गर्ने गतिविधिहरूको खोजी गर्न | क) विद्यार्थीहरुलाई तपाईंहरु पढ्ने विद्यालयले के कस्ता शैक्षिक गतिविधि गर्दछ भनी प्रश्न गर्नुहोस् ।<br>ख) स्थानीय स्तरमा क्रियाशील विभिन्न शैक्षिक संस्थाले गर्ने गतिविधि सम्बन्धमा कक्षामा संवाद गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्ने वातावरण तयार पार्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) तपाईंको समुदायमा रहेको शैक्षिक संस्थाले के कस्ता शैक्षिक गतिविधिहरु सञ्चालन गर्दछन् र किन ? | |
| ४. स्थानीय सडक र यातायात | ४.१. स्थानीय सडक (धादिङबेंसी सल्यानटार सडक) र त्यसको आर्थिक सामाजिक महत्त्व | क) विद्यार्थीको घर नजिकको सडकको बारेमा भन्न लगाउनुहोस् ।<br>ख) सो सडकले विद्यार्थीको गाउँ वा समुदायमा के के काममा सजिलो भएको छ ? अनुभव भन्न लगाउनुहोस् ।<br>ग) धादिङबेंसी- सल्यानटार सडकको परिचय र फाइदा उल्लेखित चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– धादिङबेंसी सल्यानटार सडकको महत्व लेख्नुहोस् । | ६ |

| | | | | |
|---|---|---|---|---|
| | ४.२. स्थानीय स्तरको खानेपानी आयोजना<br>– पहिचान<br>– मुहान संरक्षण कार्यमा सचेतना | क) विद्यार्थीको घर नजिकको खानेपानी पूर्वाधारको बारेमा भन्न लगाउनुहोस् ।<br>ख) सो पूर्वाधारले विद्यार्थीको गाउँ वा समुदायमा के के काममा सजिलो भएको छ ? अनुभव भन्न लगाउनुहोस् ।<br>ग) मुहान संरक्षणमा सबै सचेत र जिम्मेवार हुनुपर्ने कुरामा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– खानेपानीको मुहान संरक्षणका उपायहरु लेख्नुहोस् । | |
| ५.स्थानीय ज्ञान सिप र प्रविधि | ५.१. स्थानीय ज्ञान, सिप र प्रविधिको पहिचान र महत्व | क) विद्यार्थीहरुलाई स्थानीय ज्ञान र प्रविधिको बारेमा छलफल गर्न लगाई महत्व सम्बन्धमा समूह कार्य गर्न लगाउनुहोस् ।<br>ख) स्थानीय ज्ञान, सिप र प्रविधिको संरक्षणका उपायहरु सम्बन्धमा अन्तरक्रिया गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– स्थानीय ज्ञान भनेको के हो ?<br>– स्थानीय प्रविधिको उपयोगिता उल्लेख गर्नुहोस् । | ६ |
| | ५.२.पञ्चाङ्ग (पात्रो) को परिचय र आवश्यकता | क) पञ्चाङ्गको प्रयोग कस कसको घरमा हुने गरेको छ भनी प्रश्न गर्नुहोस् र यसको उपयोगिताको अवस्था सम्बन्धमा अद्यावधिक हुनुहोस् ।<br>ख) पञ्चाङ्ग हेर्ने तरिका सम्बन्धमा छलफल गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) पञ्चाङ्ग हेर्दा मूलत : के के कुरा हेर्ने गरिन्छ । | |
| ६. स्थानीय आर्थिक क्रियाकलाप (पेसा, व्यवसाय र उद्यम र पेसा) | ६.१. बागवानी परिचय र महत्त्व | क) विद्यार्थीलाई बागवानीको सम्बन्धमा आफूलाई लागेको कुरा भन्न लगाउनुहोस् ।<br>ख) बागवानीको महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– बागवानीको महत्त्व उल्लेख गर्नुहोस् । | १३ |

| | | | | |
|---|---|---|---|---|
| | | ग) समुदायमा रहेको कुनै बागवानीको भ्रमण गराई बागवानीको महत्त्व सम्बन्धमा एक लेख तयार पार्न लगाउनुहोस् । | | |
| | ६.२ घरको करेसाबारीमा गरिने खेती वा कौसी खेती : अवधारणा र अभ्यास | क) विद्यार्थीहरुलाई तपाईंको घरको करेसाबारीमा के के खेती गरिन्छ भनी प्रश्न गर्नुहोस् र उनीहरुको विचार सिकाइ पाटीमा टिप्दै जानुहोस् ।<br>ख) कसैको घरमा कौसी खेती गरिएको भए सो को अनुभव पनि बताउन लगाउनुहोस् ।<br>ग) करेसाबारीमा गरिने र कौसीमा गरिने खेतीको महत्त्व सम्बन्धमा स्थानीय जानकार व्यक्तिलाई कक्षामा आमन्त्रण गरी छलफल गराउनुहोस् ।<br>घ) विद्यार्थीलाई करेसाबारी निर्माण र कौसी खेतीको लागि व्यावहारिक अभ्यास गर्न अभिप्रेरित गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– स्थानीय व्यवसाय र उद्यमको नाम बताउनुहोस् ।<br>– कौसी खेतीको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ६.३ स्थानीय हस्तकलाको सामग्री<br>– परिचय<br>– महत्त्व | क) विद्यार्थीहरुको समुदायमा कुन कुन हस्तकलाका सामानहरु निर्माण हुन्छन् सो को सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) हस्तकलाको सामग्रीका कच्चा पदार्थ र ती सामग्रीको महत्त्व सम्बन्धमा कक्षामा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) हस्तकलाको सामग्रीको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ६.४. स्थानीय सहकारी तथा बैंक<br>– महत्त्व | क) विद्यार्थीहरुलाई आफन्तले टिको लाएर दिएको पैसा कहाँ राख्ने गरेको छ ? भनी प्रश्न गर्नुहोस् ।<br>ख) सरकारीको महत्त्व सम्बन्धमा स्पष्ट पार्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) सहकारीको महत्त्व उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ७. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ७.१. स्थानीय मौसम र हावापानीको परिचय र विशेषता | क) मौसम र हावापानीको अवधारणा खुल्ने चार्ट कक्षामा प्रदर्शन गर्नुहोस् ।<br>ख) स्थानीय मौसम र हावापानीको परिचय उदाहरण सहित दिनुहोस्, भिन्नता समेत स्पष्ट पारिदिनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– मौसम र हावापानी बिचको कुनै तीन भिन्नता उल्लेख गर्नुहोस् । | १३ |
| | ७.२. जलवायु परिवर्तनको अवधारणा बताउन र कारणहरु खोजी गर्न | क) अचेल किन समय भन्दा अगावै वा समय पछि मात्र फूल फुल्ने गरेको छ ? बोटबिरुवामा किन किरा फट्याङ्ग्राको प्रकोप बढ्दै गएको आदि प्रश्न गर्दै विषयवस्तु उठान गर्नुहोस् ।<br>ख) जलवायु परिवर्तनका कारण र असर सम्बन्धमा समूह छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) जलवायु परिवर्तन भनेको के हो ?<br>ख) जलवायु परिवर्तनको कुनै २ स्थानीय असरहरु उल्लेख गर्नुहोस् । | |
| | ७.३. दिगो विकासको अवधारणा बताउन | क) विभिन्न उदाहरण चित्र आदि प्रदर्शन गरी दिगो विकासको अवधारणा स्पष्ट पार्नुहोस् ।<br>ख) दिगो विकासको महत्त्व सम्बन्धमा कक्षामा छलफल चलाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) दिगो विकास भनेको के हो ?<br>ख) दिगो विकासको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ७.४. स्थानीय जडीबुटीको उपयोगिता बताउन | क) विभिन्न उदाहरण चित्र आदि प्रदर्शन गरी स्थानीय जडीबुटीको महत्त्व खोजी गर्न लगाउनुहोस् ।<br>ख) आफ्नो ठाउँमा पाइने विभिन्न जडीबुटी सङ्कलन गरी नजिकैको बजारमा बेच्न लैजानुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– घोडताप्रेको उपयोगिता बताउनुहोस् । | |
| ८. विपद् व्यवस्थापन | ८.१ स्थानीय विपद्का प्रभावहरु<br>– पहिचान<br>– व्यवस्थापनमा | क) विद्यार्थीहरुलाई तपाईंहरुले कुन कुन विपद्को घटना देख्नुभएको छ भनी प्रश्न गर्नुहोस् ।<br>ख) विपद् आउँदा के हुन्छ ? जस्ता प्रश्न गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>– स्थानीय विपद्बाट पर्ने प्रभावहरुको सूची तयार पार्नुहोस् ? | १३ |

| | | | | |
|---|---|---|---|---|
| | – सहभागिता | ग) स्थानीय स्तरमा हुने विभिन्न विपद्का प्रभाव सम्बन्धमा छलफल गराउनुहोस् ।<br>घ) विपद् व्यवस्थापनमा सहभागिताको लागि विद्यार्थीलाई सावधानी र पूर्व सचेतना अपनाउनुहोस् र आवश्यक पर्दा उद्धारमा सहभागी गराउनुहोस् । | | |
| | ८.२. विद्युत र ग्याँसजन्य विपद्को कारण<br>– पहिचान<br>– न्यूनीकरणका उपायहरु | क) विद्युत र ग्याँसजन्य विपद् बारेमा सहभागीको धारणा सङ्कलन गर्नुहोस् ।<br>ख) यी विपद्का कारणमा छलफल चलाउनुहोस् ।<br>ग) यस्ता विपद् न्यूनीकरणका उपाय सम्बन्धमा कक्षामा संवाद तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) विद्युत र ग्याँसजन्य विपद्को छोटो चिनारी दिनुहोस् । | |
| | ८.३. भूकम्पको परिचय र कारण उल्लेख गर्न | क) विद्यार्थीहरुलाई भूकम्पको अनुभव आदानप्रदान गर्न लगाउनुहोस्<br>ख) भूकम्पको परिचय उल्लेखित मेटाकार्ड केही विद्यार्थीलाई अध्ययन गर्न लगाई छलफल गराउनुहोस् ।<br>ग) भूकम्पको कारण सम्बन्धमा समूह समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) भूकम्पको परिचय दिनुहोस् । | |
| | ८.४. विद्यालयमा सचेत रहनु पर्ने सुरक्षाका उपायहरु र सावधानी उल्लेख गर्न | क) विद्यालयमा कुन कुन पक्ष सुरक्षासँग बढी सरोकारित हुन्छन् ? छलफल गराउनुहोस् ।<br>ख) सुरक्षा सावधानीका उपाय सम्बन्धमा समूहमा छलफल गरी प्रस्तुतीकरण गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) विद्यालयमा अपनाउनु पर्ने सुरक्षा सावधानीहरु उल्लेख गर्नुहोस् । | |

**कक्षा ७**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१. नगरको भू(धरातल, भूबनोट, मुख्य नदी, वडागत जनसङ्ख्या वितरण,आकार, बसाइको अवस्था | क) नगरको विभिन्न भू-धरातल, भू-बनोट झल्कने चित्र तथा भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>ख) नगरभित्रका मुख्य नदीको चित्र बनाउन लगाउनुहोस् ।<br>ग) महिला र पुरुषको सङ्ख्या छुट्टिने गरी वडाको जनसङ्ख्याको तालिका बनाउन लगाउनुहोस् र छलफल गर्नुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरको भू(धरातलको छोटकरीमा व्याख्या गर्नुहोस् ।<br>ख) आफ्नो वडाको जनसङ्ख्याको बनोटको अवस्थालाई तालिकामा प्रस्तुति गरी त्यसलाई स्तम्भरेखा चित्रमा देखाउनुहोस् । | २० |
| | १.२. मुख्य नदी/खोला (आँखु, थोपल, आँसी, अरुण , पलाँखु, कोशी खोला) | क) आफू नजिकका मुख्य नदी/खोलाको नाम(आँखु, थोपल, आँसी, अरुण , पलाँखु, कोशी खोला), कहाँबाट सुरु भई कहाँ अन्त्य हुन्छ र कुनकुन गाउँलाई छुन्छ के फाइदा दिलाएको छ जस्ता विषयमा छलफल गराउनुहोस् ।<br>ख) ती नदीसँग सम्बन्धित गीत कविताहरु खोजी सङ्कलन गरी कक्षामा सुनाउन लगाउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) आफू नजिकका मुख्य नदी/खोलाको नाम र तिनबाट मानिसलाई भएको फाइदा लेख्नुहोस् ।<br>२. विद्यार्थीले खोजी सङ्कलन गरेको गीत, कवितालाई विषयवस्तु, कठिनाई स्तर, खोजी प्रस्तुति आदिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | |
| | १.३.नगर भित्रका सहर तथा बस्ती, जातजाति, धर्म, भाषा परिचय | क) आफू बसेको सहर तथा बस्तीमा बसोबास गर्ने जातजाति ती जातिले अपनाएका धर्म र बोल्ने भाषाका बारेमा कक्षामा छलफल गराउनुहोस् र | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाका मुख्य बस्तीहरुको | |

| | | | | |
|---|---|---|---|---|
| | | पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) आफू बसेको सहर तथा बस्तीमा बसोबास गर्ने जातजाति भाषा र धर्म खुल्ने तालिका बनाएर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | सूची तयार पार्नुहोस् । | |
| | १.४. नगरको नक्सा, (वडा विभाजन) साबिक गा.वि.स. | क) नगरको नक्सा, (वडा विभाजन) प्रस्तुत गराई कक्षामा छलफल गराउनुहोस् ।<br>ख) तपाईं रहेको वडा साविकको कुन गाविसमा पर्दथ्यो ? जानकार व्यक्तिलाई सोधी पत्ता लगाउन लगाउनुहोस् साथै पालिकाका अन्य वडाहरु पहिला कुन गा.वि.स वा नगरपालिकामा पर्थे खोजी गरी पत्ता लगाउन लगाउनुहोस् ।<br>ग) साविक गा.वि.स.का नाम खुलेको तालिका प्रदर्शन गराई छलफल गराउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) हालको नगरपालिकाको वडाहरु पहिला कुन –कुन गा.वि.स वा नगरपालिकामा पर्थे ? भन्न लगाउनुहोस् । | |
| | १.५. नगर सभा र कार्यपालिकाको गठन प्रक्रिया, पदाधिकारी, काम, कर्तव्य | क) विद्यार्थीलाई नगर सभा र नगर कार्य पालिका गठन प्रक्रिया उल्लेखित चार्ट वा तालिका प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>ख) नीलकण्ठ नगरपालिकाको नगर सभामा कतिजना सदस्य र नगर कार्यपालिकामा कति सदस्य हुन्छन्, समूह समूहमा छलफल गरी पत्ता लगाउन लगाउनुहोस् ।<br>ग) नीलकण्ठ नगरपालिकाको काम कर्तव्य सम्बन्धमा कार्यपालिका सदस्य वा पालिकाको प्रतिनिधिलाई आमन्त्रण गरी स्रोतकक्षा लिन लगाउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको नगरसभा गठनको तालिका बनाउनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.६. नगरपालिकाबाट प्रदान गरिने सेवा | क) तपाईं वा तपाईंको परिवारले नगरपालिकाबाट कुन कुन सेवा प्राप्त गर्नुभएको छ ? प्रश्न सोधी पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको सूची प्रस्तुत गरी छलफल गराउनुहोस् ।<br>ग) स्थानीय जनप्रतिनिधिलाई आमन्त्रण गरी नगरपालिकाबाट प्रदान गरिने सेवाहरु सम्बन्धमा स्रोत कक्षा लिन लगाउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको सूची तयार पार्नुहोस् । | |
| | १.७ जिल्लाको ऐतिहासिक तथा सांस्कृतिक सम्पदा (भैरवी, ज्वालामुखी, गंगाजमुना, ढोलामण्डली, त्रिपुरासुन्दरी, खनियावास, नृसिंहधाम, मैदीकोट ) | क) भैरवी, ज्वालामुखी,गंगाजमुना,ढोला मण्डली, त्रिपुरासुन्दरी, खनियाबास, नृसिंहधाम, मैदीकोट आदि ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको चित्र वा भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>ख) ती सम्पदाको महत्त्व सम्बन्धमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ग) सम्भव हुने सम्पदाको अवलोकन भ्रमण गराई प्रतिवेदन तयार पार्न लगाउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) ढोलामण्डलीको धार्मिक र सांस्कृतिक महत्व उल्लेख गर्नुहोस् ।<br>ख) नृसिंहधाम कुन पालिकामा पर्छ ? | |
| | १.८. नागरिक वडापत्रको परिचय | क) नागरिक वडापत्र सम्बन्धमा विद्यार्थी मध्ये कसैलाई थाहा छ भने भन्ने मौका प्रदान गर्नुहोस् ।<br>ख) नागरिक वडापत्रको परिचय दिई यसको आवश्यकता सम्बन्धमा जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नागरिक वडापत्र भनेको के हो ? | |

| | | | | |
|---|---|---|---|---|
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१. नगरभित्रका प्रमुख धार्मिक स्थल (भैरवी, कालिका, पशुपती, निलकण्ठेश्वर महादेव, शंखादेवी, भँगेरी भैरब, धुवाँकोट भैरवी, बाघ बच्छला, ज्वालामुखी, बागेश्वरी कैलाश, पञ्चकन्या कालिकादेवी चिसापानी) | क) नगरभित्रका प्रमुख धार्मिक स्थलका नाम र ती स्थलहरु रहेको स्थानको बारेमा कक्षामा छलफल गराउनुहोस् ।<br>ख) आफ्नो घरबाट यी धार्मिक स्थल पुग्ने बाटोको पहिचान गराउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरभित्रका प्रमुख धार्मिक स्थलहरुका नाम र ती स्थलहरु रहेको स्थानको नाम लेख्नुहोस् । | १८ |
| | २.२. मुख्य पर्यटकीय स्थल चुली, कोट, दरबार, गुफा (चमेरे र गुप्तेश्वर गुफा, जुरेथुम, भैरवी, जुम्रे डाँडा,पात्ले चुली, निगलापानी, पौवा, रामकोट, ज्यामरुङ दरबार, सल्लाघारी र हरित बाल पार्क) परिचय | क) नगरभित्रका प्रमुख पर्यटकीय स्थलका नाम र ती स्थलहरु रहेको स्थानको झल्किने फोटो र तालिका देखाई कक्षामा छलफल गराउनुहोस् ।<br>ख) ती स्थलको अवलोकन भ्रमण गराई विवरण सङ्कलन गर्न लगाउनुहोस् र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरभित्रका प्रमुख पर्यटकीय स्थलका नाम र ती स्थलहरु रहेको स्थानको झल्किने तालिका बनाउनुहोस् । | |
| | २.३. जाति, धर्म,पर्व | क) नगर भित्र बसोबास गर्ने जाति, ती जातिले अपनाएका धर्म र मनाइने पर्वका बारेमा कक्षामा समूह छलफल गराउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क) नगर भित्र बसोबास गर्ने जाति, ती | |

| | | | | |
|---|---|---|---|---|
| | | ख) विभिन्न धर्म र पर्व मनाएको भूमिका अभिनय गर्न लगाउनुहोस् । | जातिले अपनाएका धर्म र मनाइने पर्वको सूची बनाउन लगाउनुहोस् । | |
| | २.४. पुरातात्विक स्थल (रामकोट)<br>२.५.पौवाको सामान्य परिचय | क) पुरातात्विक स्थल (रामकोट र पौवा) को भ्रमण गराई यसको ऐतिहासिक र पर्यटकीय महत्त्वका बारेमा छलफल गराउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् ।<br>क) रामकोट र पौवाको ऐतिहासिक महत्व उल्लेख गर्नुहोस् । | |
| | २.६.जिल्लाका मुख्य ऐतिहासिक सम्पदा | क) जिल्लाका कुनै एक सम्पदा पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) ती सम्पदा मध्ये कुन कुन सम्पदा ऐतिहासिक सम्पदा हो पहिचान गर्न लगाउनुहोस् ।<br>ग) जिल्लाका मुख्य ऐतिहासिक सम्पदाहरुको सूची तयार पार्न लगाउनुहोस् ।<br>घ)सूचीमा उल्लेखित सम्पदाको परिचय चार्ट वा पावर पोइन्ट मार्फत पालैपालो प्रस्तुतीकरण गरी छलफल गराउनुहोस् । | तल दिइएका प्रश्न सोधी सिकाइ क्षमताको मूल्याङ्कन गर्नुहोस् :<br>क. नगर भित्र वा बाहिर रहेका जिल्लाका ४ प्रमुख ऐतिहासिक सम्पदाका नाम र महत्त्व भन्नुहोस् । | |
| | २.७. पर्यटकीय स्थलको परिचय, महत्त्व र संरक्षण<br>– पाल्ले चुली र अन्य बन्दै गरेका पर्यटकीय स्थलहरु | क) कक्षामा भिडीयो सामग्रीको प्रयोग गरी पर्यटकीय स्थलको परिचय, महत्त्व र संरक्षणका उपायहरुका बारेमा छलफल गराउनुहोस् ।<br>ख) पर्यटकीय स्थलका परिचय, महत्व र संरक्षणका उपायहरुका बारेमा कक्षाका विद्यार्थीलाई तीन समूहमा विभाजन गरी कक्षामा वक्तृत्वकला प्रतियोगिता गराउनुहोस् । | रुब्रिक्सका आधारमा विद्यार्थीको सिकाइ मूल्याङ्कन गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| ३. स्थानीय सामाजिक सांस्कृतिक विशेषता | ३.१. सामाजिक विविधताको सम्मान र विविधता बिच एकता<br>– व्यावहारिक अभ्यास | क) सामाजिक विविधतामा कुन कुन विविधता पर्छन्, अनुमान गर्न लगाउनुहोस् ।<br>ख) नेपालमा विभिन्न जातजाति, भाषा धर्म मान्ने मानिसहरु रहेको, यहाँ अपाङ्गता भएका व्यक्ति, महिला आदिले विविधताको अवस्थालाई झल्काउने सन्दर्भलाई विभिन्न उदाहरण, चार्ट तालिका मार्फत स्पष्ट पार्नुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) सामाजिक विविधता भनेको के हो ? | १८ |
| | ३.२ ठाउँ र पर्व अनुसारका विशेषको परिकारको तयारी<br>– जातिगत परिकार<br>– दिवाखाजा | क) आफ्नो गाउँ ठाउँमा, पर्व विशेषमा पाक्ने विशेष परिकारको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) कुन जातिमा कुन कुन विशेष परिकार तयार पारिन्छ ? समूहमा छलफल गरी तालिकामा तयार पार्न लगाउनुहोस् ।<br>ग) दिवा खाजाको महत्त्व र दिवा खाजामा रैथाने खानाको उपयोग सम्बन्धमा छलफल गरी निष्कर्ष तयार पार्न र कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस :<br>क) जाति अनुसार पाक्ने विशेष परिकारको सूची तयार पार्नुहोस् । | |
| | ३.३. स्थानीय गीत सङ्गीतको खोजी र संरक्षण (मारुनी, तामाङसेलो, घोडेनाच र नगरा बाजा) | क) कुनै एक स्थानीय गीत गाएर कक्षामा सुनाउनुहोस् ।<br>ख) विद्यार्थीलाई पनि आफूले जानेको कुनै एक स्थानीय गीत गाउन लगाउनुहोस् ।<br>ग) मारुनी, तामाङसेलो, घोडेनाच र नगरा बाजाको परिचय र महत्त्व सम्बन्धमा छलफल गराउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तामाङ सेलोको महत्त्व उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.४.नगरपालिकाको शैक्षिक अवस्था | क) नगरपालिकामा कति विद्यालय, कति क्याम्पस र कति वटा बालविकास केन्द्र छन् भनी पालिकामा सोधखोज गरी पत्ता लगाउन लगाउनुहोस् ।<br>ख) नगरपालिकाको साक्षरता अवस्था पत्ता लगाउन लगाई यस अवस्थामा सुधार गर्ने उपायहरुमा छलफल गराउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) नगरपालिकाको साक्षरता दर उल्लेख गर्नुहोस् । | |
| | ३.५. स्थानीय गैरसरकारी संस्था र सेवामूलक संघसंस्था<br>– परिचय<br>– प्रदान गर्ने सेवाहरु | क) नगरपालिकामा कार्यरत स्थानीय गैरसरकारी संस्था वा सेवा मूलक संस्थाहरुको सम्बन्धमा विद्यार्थीलाई थाहा भएका कुरा पालैपालो भन्न लगाउनुहोस् ।<br>ख) यी संस्थाहरुले प्रदान गर्ने सेवा सम्बन्धमा कुनै संस्थाका प्रतिनिधिलाई कक्षामा आमन्त्रण गरी स्रोत कक्षा लिन लगाउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय गैरसरकारी संस्थाले तपाईंको पालिकामा कुन कुन सेवा प्रदान गरेका छन् ? | |
| ४. स्थानीय सडक र यातायात | ४.१. धादिङबेंसी भर्‍याङभुरुङ सडक | क) धादिङबेंसी भर्‍याङभुरुङ सडकको महत्त्वका बारेमा कक्षामा छलफल गराउनुहोस् । | १.निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस :<br>क) नगरको विकासमा धादिङबेंसी भर्‍याङभुरुङ सडकको आर्थिक महत्त्व सङ्क्षेपमा लेख्नुहोस् ।<br>ख) नगर भित्रका स्थानीय स्वास्थ्य संस्थाको नाम, ठेगाना र त्यहाँ उपलब्ध सेवा उल्लेख गर्नुहोस् । | १० |

| | | | | |
|---|---|---|---|---|
| | ४.२. स्थानीय स्वास्थ्य पूर्वाधारको अवस्था र गुणस्तरीय स्वास्थ्य सेवा | नगर भित्रका स्थानीय स्वास्थ्य पूर्वाधारको चिनारी गराउन निम्न परियोजना कार्य गराउनुहोस् :<br>क) स्वास्थ्य पूर्वाधार कहाँ कहाँ छन् पत्ता लगाउने ।<br>ख) ती स्वास्थ्य संस्थामा के के सुविधा छन् सोध्ने ।<br>ग) ती स्वास्थ्य संस्थामा को को स्वास्थ्यकर्मी छन् सोधेर सूची बनाउने ।<br>घ) गुणस्तरीय स्वास्थ सेवा भनेको के सोधेर टिपोट गर्ने ।<br>ङ) सबै तथ्यका आधारमा सानो प्रतिवेदन तयार गर्ने र कक्षामा सुनाउने । | | |
| ५. स्थानीय ज्ञान सिप र प्रविधि | ५.१. स्थानीय ज्ञान, सीप र प्रविधि | क) स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोगबाट बनेका साधन वा औजारका चित्र देखाई ककसले, कहाँकहाँ देखेको र के काममा प्रयोग गरेको छलफल गराउनुहोस् ।<br>ख) स्थानीय ज्ञान, सिप र प्रविधिको संरक्षण गर्न पर्नाको कारण छलफल गराउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोगबाट बनेका साधन वा औजारका नाम र कामको सूची बनाउनुहोस् ।<br>ख) स्थानीय ज्ञान, सिप र प्रविधिको प्रयोगबाट बनेका साधन वा औजारका महत्त्व र संरक्षणका उपाय सोध्नुहोस् । | १० |
| | ५.२. पञ्चाङ्गको उपयोगिता पञ्चाङ्ग हेर्ने सिप | क. समूहमा पञ्चाङ्ग (पात्रो) दिएर के के देख्न सकिन्छ छलफल गराउनुहोस् ।<br>ख. पञ्चाङ्ग (पात्रो) को उपयोगिता, पञ्चाङ्ग हेर्ने तरिका सिकाउने । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस ।<br>क. पञ्चाङ्ग (पात्रो) को विशेषता लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | ग) पञ्चाङ्ग (पात्रो) को उपयोगिताका सम्बन्धमा जोडी जोडीमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | | |
| | ५.३. निवेदन, तमसुक लगायतका व्यावहारिक कागजपत्र | क) निवेदन र तमसुकको नमुना दिएर छलफल गराउनुहोस् ।<br>ख) निवेदन र तमसुकमा लेखिने कागजातको संरचना र व्यहोरा बताइदिनुहोस् ।<br>ग) कागज लेखनको व्यावहारिक अभ्यास गर्न लगाउनुहोस् । | क) कुनै एक विषयसँग सम्बन्धित रही निवेदनको नमुना लेख्नुहोस् | |
| ६. आर्थिक क्रियाकलाप | ६.१. बागवानीको फाइदा | क) नजिकैको बागवानी घुमाउनुहोस् । पालैपालो बागवानीको फाइदा भन्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस :<br>क) बागवानीको फाइदा उल्लेख गर्नुहोस् । | १६ |
| | ६.२.च्याउ र खुर्सानी खेतीको महत्त्व | क) च्याउ र खुर्सानी खेतीको महत्त्व सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ख) च्याउ र खुर्सानी खेती गर्ने तरिका भिडियो प्रदर्शन गरी देखाउनुहोस् ।<br>ग) विद्यार्थीलाई करेसाबारी वा घरको कौसी वा छतमा खुर्सानी लगाउन अभिप्रेरित गर्नुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) च्याउ खेतीको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ६.३. विद्यालयमा फूलबारी निर्माण | क) विद्यालयमा फूलबारी निर्माण गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) फूलबारी निर्माणको महत्त्व उल्लेख गर्नु होस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ६.४.स्थानीय काष्ठ सामग्री निर्माण व्यवसाय वा उद्योगको महत्त्व | क. स्थानीय काष्ठ सामग्री निर्माण व्यवसाय वा उद्योगको भ्रमण गराई सञ्चालकसँग यसको महत्त्व सोध्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) काष्ठ सामग्री निर्माण व्यवसायको महत्त्व उल्लेख गर्नुहोस् । | |
| | ६.५. वित्तीय संस्था<br>– पहिचान<br>– काम कर्तव्य | क. वित्तीय संस्थाको भ्रमण गराई यसका प्रमुखसँग काम कर्तव्य सोधी रिपोर्ट तयार गर्न लगाउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको घर नजिक रहेको वित्तीय संस्थाले गर्ने कामहरुको सूची तयार पार्नुहोस् । | |
| ७. स्थानीय प्राकृतिक सम्पदा, वनस्पति तथा जडीबुटी र पर्यावरण | ७.१. स्थानीय हावापानी र वनस्पतिको प्रकार | क) स्थानीय हावापानी र वनस्पतिको प्रकारका बारेमा छलफल गराउनुहोस् ।<br>ख) स्थानीय हावापानीले त्यहाँको जनजीवनमा पारेको प्रभाव सम्बन्धमा छलफल गराउनुहोस् । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईं रहेको क्षेत्रमा कस्तो प्रकारको हावापानी पाइन्छ ? | १६ |
| | ७.२. जलवायु परिवर्तनका प्रभाव | क) जलवायु परिवर्तनको अवधारणा र स्थानीय प्रभाव सम्बन्धमा समूह छलफल गर्न लगाउनुहोस् र निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ख) जलवायु परिवर्तनको प्रभाव झल्किने फोटो खोजी गरी वर्णन गर्न लगाउनुहोस् ।<br>.ग) जलवायु परिवर्तनका प्रभावहरुको बारेमा लेखिएको पत्रिका पढ्न लगाउने र सार संङ्क्षेप लेख्न लगाउने । | १. निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) जलवायु परिवर्तनको स्थानीय प्रभावहरु उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ७.३. दिगो विकासका आवश्यकता तथा महत्त्व | क.) दिगो विकासका आवश्यकता तथा महत्वका बारेमा वक्तृत्वकला प्रतियोगिता गराउनुहोस् ।<br>ख) दिगो विकासको लागि आफूले गर्न सक्ने काम सम्बन्धमा प्रतिबद्धता व्यक्त गर्न लगाउनुहोस् । | १.निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>२. दिगो विकासका बारेमा छोटो निबन्ध लेख्नुहोस् । | |
| | ७.४. स्थानीय जडीबुटीको खोजी र प्रयोग | क) स्थानीय जडीबुटीको नाम भन्न लगाई खोजी गर्न लगाउनुहोस् ।<br>ख) यी जडीबुटीको काम घरमा सोधी भन्न लगाउनुहोस् । | १.निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय जडीबुटीका नाम र कामको सूची बनाउन लगाउनुहोस् । | |
| | ७.५. स्थानीय वनको परिचय र उपयोगिता | क) नजिकैको स्थानीय वन देखाएर नाम सोध्नुहोस् ।<br>ख)सो वनमा के के वनस्पति पाइन्छन् सोध्ने ।<br>ग) यो वनबाट कसकसलाई के के फाइदा हुन्छ भन्न लगाउनुहोस् । | १.निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय वनको महत्त्व उल्लेख गर्नुहोस् । | |
| ८. विपद् व्यवस्थापन | ८.१. घरायसी दुर्घटनाका कारणहरु | क) घरायसी दुर्घटनामा के के पर्न सक्छन् कक्षामा छलफल गराउनुहोस् ।<br>ख) घरायसी दुर्घटनाका कारणहरुको खोजी गर्न लगाउनुहोस् ।<br>ग) घरायसी दुर्घटनासँग सम्बन्धित रही नाटकीय प्रस्तुति गर्न लगाउनुहोस् । | १.निम्न प्रश्नहरुमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) घरायसी दुर्घटनाका कारण भन्नुहोस् ।<br>२. विद्यार्थीले गरेको नाटकीय प्रस्तुतिलाई निम्न आधारमा मूल्याङ्कन गर्नुहोस् ।<br>(हाउभाउ, विषयवस्तु, अभिनय, सहकार्य) | १० |

| | | | | |
|---|---|---|---|---|
| | ८.२. विद्युत र ग्याँसजन्य विपद् र सावधानी | क) विद्युत र ग्याँसजन्य विपद्बाट भएको हानी नोक्सानी चित्र वा भिडियोको सहायताले छलफल गराउनुहोस् ।<br>ख) यसबाट जोगिन अपनाइने सावधानीका उपायहरुको भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् । | निम्न क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) विद्युत र ग्याँसजन्य विपद्बाट जोगिन अपनाइने सावधानीका उपायहरुको सूची बनाउनुहोस् । | |
| | ८.३. पशुपन्छीमा हुने महामारी र प्रभाव | क) पशुपन्छिमा हुने महामारीको बारेमा अनुभव सुनाउन लगाउनुहोस् ।<br>ख) पशुपन्छीमा हुने महामारीको बारेमा कथा सुनाउनुहोस्<br>ग) यस महामारीले मानव जीवनमा पर्ने प्रभावको सूची बनाई छलफल गराउनुहोस् । | निम्न क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) पशुपन्छीमा हुने महामारी के के हुन् सोध्नुहोस् । | |
| | ८.४. भूकम्पबाट पर्न सक्ने प्रभाव र व्यवस्थापनका उपायहरु | क) भूकम्पको अनुभव पालैपालो सुनाउन लगाउनुहोस् ।<br>ख) भूकम्पको प्रभावहरुको समूह छलफलमा खोजी गर्न लगाउनुहोस् ।<br>ग) भूकम्पकाबाट बच्ने उपायहरु सम्बन्धमा छलफल गराउनुहोस् । | निम्न क्रियाकलापमा आधारित भई मूल्याङ्कन गर्नुहोस् :<br>क) भूकम्पका प्रभावहरु लेख्नुहोस् । | |

**कक्षा ८**

| विषयवस्तुको क्षेत्र | विषयवस्तुको विस्तृतीकरण | मुख्य सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | का.घ. |
|---|---|---|---|---|
| १. नीलकण्ठ नगरको परिचय | १.१. नीलकण्ठ नगरपालिका<br>– नामाकरण<br>– भौगोलिक अवस्थिति<br>– हावापानी<br>– नगरको जनसाङ्ख्यिकी (अवस्था, बनोट) | क) विद्यार्थीहरुलाई नगरपालिकाको नामाकरण कसरी भएको होला भनी अनुमान गर्न लगाउनुहोस् । सही अनुमान लगाउनेलाई प्रोत्साहित गर्नुहोस् ।<br>ख) विभिन्न उदाहरण चित्र आदि मार्फत नगरपालिकाको नामाकरण सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।<br>ग) नगरपालिकाको भौगोलिका अवस्थिति झल्कने चार्ट वा तालिका प्रस्तुत गरी भौगोलिक अवस्थिति सम्बन्धमा स्पष्ट पारिदिनुहोस् ।<br>घ) नगरको जनसाङ्ख्यिक अवस्था झल्कने तालिका वा चार्ट प्रस्तुत गरी जनसाङ्ख्यिक अवस्थाको विश्लेषण गर्न लगाउनुहोस् र जनसङ्ख्यालाई वृत चित्र वा स्तम्भ रेखाचित्रमा प्रस्तुत गर्न लगाउनुहोस् | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको नामाकरण कसरी भयो ?<br>ख) नीलकण्ठ नगरको जनसाङ्ख्यिक बनोटलाई चार्टमा देखाउनुहोस् । | २२ |
| | १.२. नगर भित्रका नदी/ खोलाहरु<br>– परिचय – महत्त्व (आहुति खोला, हाँडी खोला, सुकौरा खोला, पाखी खोला, धौ खोला, खुर्पा खोला, अधेरी खोला, माकल खोला) | क) विद्यार्थीहरुलाई नगर भित्रका प्रमुख नदी वा खोलाहरुको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) ती खोलाको उद्गम स्थल, लम्बाई, अरु खोला वा नदीसँग सङ्गम हुने स्थान आदि बताउन लगाई परिचय दिन लगाउनुहोस् ।<br>ग) नगरभित्रका नदी वा खोलाहरुको महत्त्व सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) सुकौरा खोलाको महत्व उल्लेख गर्नुहोस् ।<br>ख) धौ खोलाको परिचय दिनुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.३. नगरको मुख्य सहर तथा बस्तीको परिचय एवम् जात, भाषा, चाडपर्वको जानकारी | क) नगरका एक एकवटा प्रमुख सहर वा बस्तीको नाम पालैपालो भन्न लगाउनुहोस् । उनीहरुले भनेका सहर वा बस्तीलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् ।<br>ख) सहर वा बस्तीको सूची तयार पार्न लगाउनुहोस् ।<br>ग) नगर क्षेत्रभित्र मनाउने मुख्य चाडपर्व र यहाँका मुख्य जातजाति र भाषाभाषी सम्बन्धी विवरण खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको मुख्य मुख्य बस्ती र त्यहाँको कुनै एक विशेषता उल्लेख गर्नुहोस् । | |
| | १.४. नगरको नक्सा, वडा (क्षेत्रफल) नक्सा भर्ने | क) नगरपालिकाको नक्सा प्रदर्शन गरी यसको वडाहरु नक्सामा देखाउनुहोस् ।<br>ख) नगरपालिकाको नक्सा बनाई त्यस्तै नक्सा निर्माणको अभ्यास गराउनुहोस् ।<br>ग) नक्सामा विभिन्न वडाहरु देखाउने र फरक फरक रङ्ग भर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिकाको नक्सा बनाई नक्सामा आफू रहेको वडा देखाउनुहोस् ।<br>ख) विद्यार्थीले तयार पारेको नगरपालिकाको नक्सामा सङ्केत, दिशा, रङ, उपयुक्तता आदिको आधारमा मूल्याङ्कन गर्नुहोस् । | |
| | १.५. नगरपालिका भित्रका, कार्यपालिका, न्यायिक समिति र व्यवस्थापिकाको गठन र प्रदान गर्ने सेवाहरु | क) नगर कार्यपालिका गठनको चार्ट वा तालिका प्रस्तुत गर्नुहोस् र गठन प्रक्रिया सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ख) नगर सभाको गठन सम्बन्धमा स्थानीय जनप्रतिनिधिलाई कक्षामा आमन्त्रण गरी छलफल गराउनुहोस् ।<br>ग) न्यायिक समितिको गठन प्रक्रिया, न्यायिक समितिले गर्ने काम र नगरपालिकाले प्रदान गर्ने | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) नीलकण्ठ नगरपालिकाको वर्तमान न्यायिक समितिका पदाधिकारीहरुको नाम र जिम्मेवारी सोधखोज गरी लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | सेवा सम्बन्धमा फरक फरक समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | | |
| | १.६. नागरिक वडापत्रको फाइदा | क) नागरिक वडापत्रको अवधारणा उदाहरण सहित स्पष्ट पार्नुहोस् ।<br>ख) नागरिक वडापत्रको नमुना प्रस्तुत गरी यसको फाइदा सम्बन्धमा जोडी जोडीमा छलफल गराउनुहोस् ।<br>ग) नागरिक वडापत्रको महत्त्व सम्बन्धमा जोडी जोडीमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) नागरिक वडापत्र भनेको के हो ?<br>ख) नागरिक वडापत्रको कुनै दुईवटा फाइदा उल्लेख गर्नुहोस् । | |
| | १.७. स्थानीय कानुनका मुख्य मुख्य प्रावधानहरू | क) नीलकण्ठ नगरपालिकामा स्थानीय कानुनमा कुन–कुन कानुन बनेका छन् भनी प्रश्न गर्नुहोस् ।<br>ख) स्थानीय कानुनका मुख्य मुख्य प्रावधानहरुको सम्बन्धमा छलफल गराउनुहोस् र सूची तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय कानुनमा भएका कुनै २ वटा प्रावधान उल्लेख गर्नुहोस् । | |
| | १.८. स्थानीय तह<br>– काम कर्तव्य<br>– अधिकार | क) स्थानीय तहको काम कर्तव्यको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) स्थानीय तहको अधिकार सम्बन्धमा जोडी जोडीमा छलफल गर्न लगाउनुहोस् ।<br>ग) स्थानीय तहका पदाधिकारीलाई वा जनप्रतिनिधिलाई बोलाई स्रोत व्यक्ति आमन्त्रण कक्षा लिन लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) स्थानीय तहको काम , कर्तव्य र अधिकारको सूची तयार पार्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | १.९. जिल्लाको गौरवका आयोजना र स्थान :<br>– बुढीगण्डकी जल विद्युत आयोजना, नौबिसे नागढुङ्गा सुरुङमार्ग<br>– रुविभ्याली | क) जिल्लाभित्र पर्ने राष्ट्रिय गौरवको आयोजनाको नाम भन्न कस कसलाई आउँछ ? सोध्नुहोस् ।<br>ख) बुढीगण्डकी जलविद्युत आयोजना सम्बन्धी विवरण तालिका वा चार्ट प्रस्तुत गरी छलफल गराउनुहोस् ।<br>ग) नौबिसे नागढुङ्गा सुरुङ आयोजनाको सम्बन्धमा छलफल गरी यस आयोजनाले धादिङको आर्थिक सामाजिक विकासमा पार्ने प्रभाव सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् ।<br>घ)रुविभ्याली सम्बन्धी जानकारी सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) बुढीगण्डकी जलविद्युत आयोजनाले धादिङको विकास र समृद्धिमा कस्तो प्रभाव पार्ला ? आफ्नो अनुमान प्रस्तुत गर्नुहोस् । | |
| २. सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय सम्पदा | २.१.नगरका प्रमुख धार्मिक, सांस्कृतिक स्थलको परिचय, विशेषता र सम्भावना | क) नगरपालिकाको प्रमुख धार्मिक स्थलहरुको सूची तयार पार्न लगाउनुहोस् । ती धार्मिक स्थलको अवलोकन भ्रमण गर्न लगाई प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।<br>ख) नगरपालिका भित्र पर्ने प्रमुख सांस्कृतिक स्थलको नाम र त्यसको विशेषताको सम्बन्धमा समूह समूहमा छलफल गरी प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।<br>ग) नगरपालिकाको धार्मिक र सांस्कृतिक स्थलको सम्भावनाको सम्बन्धमा कक्षामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) नगरपालिकाको कुनै तीन सांस्कृतिक सम्पदाको नाम लेखी प्रत्येकको एक एक वटा विशेषता उल्लेख गर्नुहोस् ।<br>ख) नगरपालिका क्षेत्रमा रहेका धार्मिक सम्भावनाहरुको चर्चा गर्नुहोस् । | १४ |

| | | | | |
|---|---|---|---|---|
| | २.२. नगरका मुख्य कोट, पाटी, पौवा चिनारी, विशेषता र सम्भावना | क) नगरपालिकाको मुख्य कोट पाटीपौवा आदिको सूची तयार पार्न लगाउनुहोस् । ती पाटीपौवा वा कोटका अवलोकन भ्रमण गर्न लगाई प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।<br>ख) नगरपालिका भित्र पर्ने प्रमुख सांस्कृतिक स्थलको नाम र त्यसको विशेषताको सम्बन्धमा समूह समूहमा छलफल गरी प्रस्तुतीकरणको अवसर प्रदान गर्नुहोस् ।<br>ग) नगरपालिकाको धार्मिक र सांस्कृतिक स्थलको सम्भावनाको सम्बन्धमा कक्षामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) नगरपालिकाको कुनै तीन पाटी पौवाको नाम लेखी प्रत्येकको एक एक वटा विशेषता उल्लेख गर्नुहोस् ।<br>ख) नगरपालिका क्षेत्रमा पर्ने कुनै एक मुख्य कोटको परिचय दिनुहोस् । | |
| | २.३. नगरभित्रका मुख्य जाति, धर्म, पर्व<br>– चिनारी<br>– मौलिक विशेषता | क) विद्यार्थीलाई आफू बसेको समुदायमा कुन कुन जातिका मानिसहरु बस्छन् ? त्यहाँ बस्ने मानिसहरुले मान्ने धर्म कुन कुन हुन् ? आदि प्रश्न गर्दै छलफल गनुहोस् ।<br>ख) नगरभित्रका मुख्य जाति, धर्म र पर्व र तिनका विशेषता उल्लेखित तालिका प्रदर्शन गरी छलफल गर्नुहोस् ।<br>ग) आफ्नो नगरमा रहेका जाति, धर्म र पर्वको सम्मान गर्नुपर्ने, जातीय र धार्मिक सद्भाव कायम राख्नुपर्ने कुरा बताइदिनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) नगरपालिकाको कुनै तीन ओटा जातिको नाम लेखी प्रत्येकको एक एक वटा विशेषता उल्लेख गर्नुहोस् ।<br>ख) नगरपालिका क्षेत्रमा मनाइने कुनै २ वटा पर्वको नाम लेखी एक वटा विशेषता समेत लेख्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | २.४. जिल्लाका प्रमुख, धार्मिक, सांस्कृतिक, भौगोलिक चिनारी, विशेषता, सम्भावना, सामाजिक विविधता | क) धादिङ जिल्लाको प्रमुख धार्मिक स्थलहरुको सूची तयार पार्न लगाउनुहोस् । ती धार्मिक स्थलको अवलोकन भ्रमण गर्न लगाई प्रतिवेदन तयार पार्न लगाउनुहोस् ।<br>ख) धादिङ भित्र पर्ने प्रमुख सांस्कृतिक सम्पदाहरुको नाम र त्यसको विशेषताको सम्बन्धमा समूह समूहमा छलफल गरी विवरण प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ग) जिल्लाका महत्त्वपूर्ण भौगोलिक विशेषता र चिनारी भएको तालिका प्रदर्शन गरी छलफल गर्नुहोस् ।<br>घ) जिल्लामा धार्मिक, सांस्कृतिक र भौगोलिक सम्भावना बोकेका स्थान र सम्पदाहरुको विवरण खोजी गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ङ) जिल्लाको सामाजिक विविधता सम्बन्धमा विभिन्न तथ्य तथ्याङ्क र विवरण सङ्कलन गरी कक्षामा समूहगत प्रस्तुति गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) धादिङ जिल्ला सामाजिक विविधता भएको जिल्ला हो ? यस भनाईलाई उदाहरण सहित पुष्टि गर्नुहोस् ।<br>ख) धादिङ जिल्लाका मुख्य भौगोलिक विशेषता र सम्भावनाहरु उल्लेख गर्नुहोस् ।<br>ग) समूह छलफलको क्रममा भएका सहयोग, सहकार्य, मेलमिलाप, नेतृत्व सिप, सामाजिकीकरण आदि पक्षलाई समेटी मूल्याङ्कन गर्नुहोस् । | |
| | २.५ पर्यटन प्रवर्धनमा स्थानीय घरबास (होम स्टे) र भ्युटावरको महत्त्व | क) घरबास (होमस्टे)को अर्थ के होला भनी व्यक्तिगत रुपमा अनुमान गर्न लगाउनुहोस् । जोडी जोडीमा रही दुवैको विचारमा छलफल गरी साझा विचार बनाउन लगाउनुहोस् र हरेक जोडीलाई आफ्ना विचार भन्ने मौका दिनुहोस् र शिक्षकले उनीहरुको भनाइलाई सिकाइ पाटीमा टिप्दै जानुहोस् ।<br>ख) घरबासको महत्त्व सम्बन्धमा समूह समूहमा | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) नीलकण्ठ नगरपालिका क्षेत्रमा होम स्टे रहेका बस्तीहरुको नाम लेख्नुहोस् ।ख) होम स्टे को आर्थिक सामाजिक महत्व उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ग) विद्यालय नजिक रहेको घरबास र भ्युटावरको अवलोकन गर्न लगाई प्राप्त जानकारी कक्षामा भन्न लगाउनुहोस् । | | |
| | २.६ स्थानीय पर्यटन<br>– सम्भावना<br>– चुनौती | क) स्थानीय पर्यटकीय क्षेत्रहरुको सूची तयार पार्न लगाउनुहोस् ।<br>ख) ती पर्यटकीय क्षेत्रहरुको सम्भावना र चुनौती सम्बन्धमा समुदायमा जानकार व्यक्तिलाई भेटी छलफल गर्न लगाउनुहोस् र छलफलको निचोड कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) तपाईंको समुदायमा रहेको पर्यटकीय सम्भावनालाई समेटी एक समाचारको नमुना तयार पार्नुहोस् । | |
| ३. स्थानीय सामाजिक सांस्कृतिक विशेषता | ३.१. नैतिकता, सदाचार, सामाजिक सद्भाव र सहिष्णुताका स्थानीय अभ्यासहरु<br>– पहिचान<br>– खोजी | क) नैतिकता, सदाचार, सामाजिक सद्भाव र सहिष्णुताको अवधारणा सम्बन्धमा चार्ट वा तालिका प्रदर्शन गरी स्पष्ट पार्नुहोस् ।<br>ख) नैतिकता, सदाचार, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्ने उपायहरु सम्बन्धमा कक्षामा छलफल गराउनुहोस् ।<br>ग) स्थानीय समुदायमा नैतिकता कायम राख्न, सदाचार संस्कार अवलम्बन गर्न, सामाजिक सद्भावलाई बचाई राख्न एवम् सहिष्णुतालाई बचाई राख्न के कस्ता अभ्यासहरु गर्ने गरिएको छ ,स्थानीय व्यक्तित्वहरुसँग सोधपुछ गरी प्राप्त विवरण कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) सदाचार भनेको के हो ?<br>ख) सामाजिक सद्भाव र सहिष्णुता कायम राख्ने उपायहरुको चर्चा गर्नुहोस् । | ११ |

| | | | | |
|---|---|---|---|---|
| | ३.२. समाजमा हुने कुलत<br>– परिचय<br>– बच्ने उपायहरु अवलम्बन | क) विद्यार्थीलाई आफ्नो समुदायमा विद्यमान कुनै एक कुलत र त्यसको असर सम्बन्धमा मस्तिष्क मन्थन गराउनुहोस् ।<br>ख) समाजमा विद्यमान कुलतको सूची तयार पार्न लगाई ती कुलतबाट बच्न अवलम्बन गर्नुपर्ने उपायहरु सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ग) कुलत विरुद्ध सचेतनामूलक नारा वा पोष्टर तयार पार्न लगाई विद्यालयमा प्रदर्शन गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) समाजमा हुने कुलतबाट बच्ने उपायहरुको सूची तयार पार्नुहोस् ।<br>ख) कुलत विरुद्धको सचेतनामूलक नारा तयार पार्नुहोस् । | |
| | ३.३. स्थानीय परिकार<br>– तयारी<br>प्रदर्शन | क) गाउँघर वा समुदायमा बन्ने चाडपर्व र संस्कार विशेषमा बन्ने परिकारको नाम पालैपालो सबै विद्यार्थीलाई भन्न लगाउनुहोस् ।<br>ख) ती परिकार बन्ने विशेष पर्व र संस्कार सम्बन्धमा पनि छलफल गरी अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।<br>ग) विद्यालयमा पनि विशेष पर्व वा चाडको अवसर पारेर परिकार बनाउन र सो को प्रदर्शनी आयोजना गर्न लगाई प्रतियोगितात्मक अभ्यास गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा पाइने स्थानीय परिकारको नाम लेखी महत्त्व समेत उल्लेख गर्नुहोस् । | |
| | ३.२. समाजमा हुने कुलत<br>– परिचय<br>– बच्ने उपायहरु अवलम्बन | क) विद्यार्थीलाई आफ्नो समुदायमा विद्यमान कुनै एक कुलत र त्यसको असर सम्बन्धमा मस्तिष्क मन्थन गराउनुहोस् ।<br>ख) समाजमा विद्यमान कुलतको सूची तयार पार्न | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) समाजमा हुने कुलतबाट बच्ने उपायहरुको सूची तयार पार्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | लगाई ती कुलतबाट बच्न अवलम्बन गर्नुपर्ने उपायहरु सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>ग) कुलत विरुद्ध सचेतनामूलक नारा वा पोष्टर तयार पार्न लगाई विद्यालयमा प्रदर्शन गर्न लगाउनुहोस् । | ख) कुलत विरुद्धको सचेतनामूलक नारा तयार पार्नुहोस् । | |
| | ३.३. स्थानीय परिकार<br>– तयारी, प्रदर्शन | क) गाउँघर वा समुदायमा बन्ने चाडपर्व र संस्कार विशेषमा बन्ने परिकारको नाम पालैपालो सबै विद्यार्थीलाई भन्न लगाउनुहोस् ।<br>ख) ती परिकार बन्ने विशेष पर्व र संस्कार सम्बन्धमा पनि छलफल गरी अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।<br>ग) विद्यालयमा पनि विशेष पर्व वा चाडको अवसर पारेर परिकार बनाउन र सो को प्रदर्शनी आयोजना गर्न लगाई प्रतियोगितात्मक अभ्यास गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) तपाईंको समुदायमा पाइने स्थानीय परिकारको नाम लेखी महत्त्व समेत उल्लेख गर्नुहोस् । | |
| | ३.४. स्थानीय नाच गीत र जात्राहरुमा सहभागीता | क) विद्यार्थीहरुलाई समुदायमा वा नगरक्षेत्रमा प्रदर्शन हुने स्थानीय नाच वा गीत प्रस्तुति र जात्राहरुमा सहभागी गराउनुहोस् ।<br>ख) उनीहरुलाई त्यहाँ भएका गतिविधिलाई अवलोकन गर्न लगाउनुहोस् । स्थानीय सरोकारवालालाई भेटेर कुराकानी गर्न<br>र सबै विवरणलाई समेटेर प्रतिवेदन तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) स्थानीय जात्राहरुमा सहभागी हुँदाको अनुभव समेटी एक मनोवाद तयार पार्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | ३.५. आफ्नो टोलको साक्षरताको अवस्था | क) आफ्नो गाउँ वा टोलमा विद्यालय बाहिर रहेका कुनै बालबालिका छन् कि छैनन् ? समुदायमा पढ्न लेख्न नसक्ने मानिस छन् कि छैनन् आदि प्रश्न गर्दै आफ्नो गाउँटोलको साक्षरताको अवस्था पहिचान गर्न लगाउनुहोस् ।<br>ख) विद्यार्थीहरुलाई वडा कार्यालयमा भ्रमण गराई त्यहाँबाट आफ्नो वडा र टोलको साक्षरता सम्बन्धी विवरण सङ्कलन गर्न लगाउनुहोस् र सो विवरणमा आधारित भई वृतचित्र वा स्तम्भ रेखा चित्र तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) आफ्नो वडाको साक्षरताको अवस्थालाई वृतचित्रमा देखाउनुहोस् । | |
| ४. स्थानीय विकासको पूर्वाधार | ४.१. जिल्लाको मुख्य राजमार्गहरु<br>– पृथ्वी राजमार्ग<br>– कालुपाण्डे मार्ग | क) धादिङ जिल्ला भएर जाने मुख्य राजमार्गको नाम भन्न प्रेरित गर्नुहोस् ।<br>ख) धादिङ जिल्ला भएर अरु जिल्ला जाने पृथ्वी राजमार्ग सम्बन्धी विवरण उल्लेखित तालिका प्रस्तुत गरी यसको लम्बाई, जोड्ने जिल्ला, धादिङ जिल्लाको आर्थिक, सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान आदि सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ग) त्यस्तै धादिङबेंसी हुँदै मलेखु जोड्ने कालुपाण्डे मार्गको सम्बन्धमा पनि विवरण सङ्कलन गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) पृथ्वी राजमार्गले कहाँ देखि कहाँ जोड्छ ?<br>ख) धादिङ जिल्लाको विकास र समृद्धिमा पृथ्वी राजमार्गको भूमिका उल्लेख गर्नुहोस् । | ४ |

| | | | | |
|---|---|---|---|---|
| | ४.२. विकासको पूर्वाधारको रुपमा स्थानीय सिँचाइ<br>– अवस्था पहिचान<br>– महत्त्व | क) स्थानीय वडामा सिँचाइ सम्बन्धमा कस्तो व्यवस्था रहेको छ भनी प्रश्न सोध्नुहोस् र सहभागीबाट प्राप्त विवरणलाई समेटी विकासको पूर्वाधारको रुपमा नीलकण्ठ नगरपालिकाका मुख्य सिँचाइ आयोजना, ती आयोजनाको महत्त्व सम्बन्धमा छलफल र अन्तरक्रिया गराउनुहोस् ।<br>ख) स्थानीय सिँचाइ आयोजनाले त्यहाँको विकास र समृद्धिमा पुऱ्याएको योगदान सम्बन्धमा जानकारी प्राप्त गर्न विद्यार्थीलाई अवलोकन भ्रमण गराउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) सिँचाइले स्थानीय विकासमा कसरी सहयोग पुऱ्याउँछ ? | |
| ५. स्थानीय ज्ञान सिप र प्रविधिको प्रयोग | ५.१ पञ्चाङ्गको प्रयोग | क) पञ्चाङ्गको बारेमा कस कसलाई थाहा छ भनी प्रश्न गर्नुहोस् र थाहा हुनेलाई यसको प्रयोग कुन कुन कार्यमा गरिन्छ भनी थप प्रश्न गरी छलफल गराउनुहोस् ।<br>ख) कक्षामा पञ्चाङ्गको प्रयोग सम्बन्धमा समूह समूहमा छलफल गर्न लगाई निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) पञ्चाङ्गको महत्त्व उल्लेख गर्नुहोस् । | ७ |
| | ५.२ खुर्पेठ्याक (खुर्पेटो), फुर्लुङ, ढकीया (ढकी) र रोटेपिङको प्रयोग र संरक्षण | क) खुर्पेठ्याक, फुर्लुङ, ढकीया र रोटेपिङको चित्र, भिडियो आदिको प्रदर्शन गरी ती स्थानीय प्रविधिको पहिचान गर्न लगाउनुहोस् ।<br>ख) ती प्रविधिमध्ये कुन कुन प्रविधि तपाईंको घर वा समुदायमा प्रयोगमा आउने गरेको छ ? पालैपालो | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) खुर्पेठ्याकको चित्र कोरी यसको उपयोगिता उल्लेख गर्नुहोस् । | |

| | | | | |
|---|---|---|---|---|
| | | भन्न लगाउनुहोस् ।<br>ग) यस्ता प्रविधिहरुलाई लोप हुन नदिन के के गर्न सकिन्छ ? समूहगत रुपमा छलफल गरी विचार प्रस्तुत गर्न लगाउनुहोस् । | | |
| | ५.३ स्थानीय प्रविधि र आधुनिक प्रविधिको तुलना | क) स्थानीय प्रविधि र आधुनिक प्रविधिको उपयोग सम्बन्धी २ फरक फरक चित्र वा भिडियो प्रदर्शन गर्नुहोस् ।<br>ख) दुवै प्रविधिको आवश्यकता र महत्त्व सम्बन्धमा छलफल गराउनुहोस् ।<br>ग) यी दुई प्रविधिको कार्य प्रविधि, समय व्यवस्थापन, कार्य सम्पन्न गर्न लाग्ने समय आर्थिक पक्ष आदि बिच तुलना गरी विवरण तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>क) स्थानीय प्रविधि र आधुनिक प्रविधि बिचको कुनै २ भिन्नता तालिकामा देखाउनुहोस् । | |
| ६. आर्थिक क्रियाकलाप | ६.१. बागवानी<br>– महत्त्व<br>– उपयोगका तरिका | क) कस कसको घरमा बागवानी छ भनी प्रश्न गर्नुहोस् ।<br>ख) बागवानीको के के उपयोगिता रहेको छ भनी व्यक्तिगत रुपमा अनुभव आदानप्रदान गर्न लगाउनुहोस् ।<br>ग) बागवानी उपयोग तरिका सम्बन्धमा समूह समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>घ) विद्यालय आसपासको समुदायमा बागवानी भए सो को अवलोकन गराई बागवानीमा हुने फलफूल, महत्त्व र संरक्षणका उपायहरु सम्बन्धमा सोधखोज गर्न लगाई प्रतिवेदन तयार पार्न लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) बागवानीको महत्वको सूची तयार पार्नुहोस् ।<br>ख) बागवानीको उपयोगिता उल्लेख गर्नुहोस् । | १२ |

| | | | | |
|---|---|---|---|---|
| | ६.२. श्रम<br>– सम्मान<br>– सहभागिता | क) बालबालिकालाई श्रम गर्ने गरे नगरेको सम्बन्धमा अनुभव बुझ्नुहोस् ।<br>ख) जुनसुकै काम वा श्रमलाई पनि इज्जत वा सम्मान गर्नुपर्ने कुरा बताइदिनुहोस् ।<br>ग) श्रमको महत्त्व सम्बन्धमा दुई साथी बिच संवाद तयार पारी संवाद गर्न लगाउनुहोस् ।<br>घ) श्रमको मूल्य सम्बन्धमा अभिभावको धारणा पनि बुझ्न लगाउनुहोस्<br>ङ) विद्यार्थीलाई आफूले गर्न सक्ने श्रम सम्बन्धी कार्यमा सहभागी गराई आफ्नो अनुभव सुनाउन लगाउनुहोस् । | निम्न प्रश्नहरु सोधी मूल्याङ्कन गर्नुहोस् :<br>क) श्रमको सम्मान गर्दा हुने फाइदाहरुको सूची तयार पार्नुहोस् । | |
